सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२ असोज २०८३, शुक्रबार (18 Sep 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक १५८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सानेपामा 'मेलमिलाप'

देउवा समूहका ४५ भन्दा बढी नेता संस्थापनतिर, वडा अधिवेशन उद्घाटन गर्न देउवालाई गगनको प्रस्ताव



■ सानेपा-चुनदेवी मिलाउने प्रयासमा खड्का र कोइराला

(विस्तृत पृष्ठ ३)

भारत-चीन सम्बन्धमा नयाँ सुरुवात



सात वर्षपछि भारत पुगेका सीको नयाँदिल्ली उपस्थिति आफैंमा महत्त्वपूर्ण, दुई नेताबिच बृहत्तर आर्थिक सहकार्य र जनस्तरको सम्बन्धबारे छलफल

(पृष्ठ ५)

आइपिओ अनुमति लिन सञ्चालक र व्यवस्थापक पनि योग्य हुनुपर्ने

कम्पनीका सबै सूचक तोकिएबमोजिम भए पनि सञ्चालक वा उच्च व्यवस्थापक कालोसूचीमा रहेको वा आर्थिक अपराधमा दोषी ठहर भएको पाइएमा त्यस्ता कम्पनीले आइपिओ निष्कासनको अनुमति नपाउने प्रस्ताव गरिएको हो।

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र

ए बाबा !
राजनीति **घाट**मा पुर्याएर
उद**घाट**नमा आउ रे !



NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

भोटेकोशी बाढीमा बाबुआमा नै बेपत्ता भएर बेसहारा बने १०२ बालबालिका

बाढी प्रभावित कम्तीमा १७ हजार बालबालिकालाई संरक्षणको आवश्यकता रहेको सरकारको तथ्यांक

राष्ट्रिय बालअधिकार परिषद्ले गरेको द्रुत लेखाजोखा प्रतिवेदन

● ४९ बालिका र ५३ बालकले दुवै अभिभावक गुमाएका छन्

● बाबुआमासँग बिछोडिएका बालबालिकाको संख्या ४३९ छ, जसमा २२२ बालिका र २१७ बालक छन्

● प्रभावितमध्ये ३६१ बालिका र ३३१ बालक बाबुआमा वा अभिभावकसँग छन्

● ५ विद्यार्थीको मृत्यु, ४८८ विद्यार्थी अझै हराइरहेका छन्

सुवास भट्ट/नयाँ पत्रिका

भोटेकोशी बाढीमा आमाबुबा दुवै बेपत्ता भएर १०२ बालबालिका बेसहारा बनेका छन्। राष्ट्रिय बालअधिकार परिषद्ले गरेको द्रुत लेखाजोखा प्रतिवेदनअनुसार बाढीमा ४९ बालिका र ५३ बालकको दुवै अभिभावक सम्पर्कविहीन छन्। बाढीले बेसहारा बनाएका बालबालिकाको संरक्षण र व्यवस्थापन चुनौतीपूर्ण बनेको प्रतिवेदनले औंल्याएको छ।

रसुवा, नुवाकोट र धादिङमा मात्रै कम्तीमा १७ हजार बालबालिकालाई संरक्षणको आवश्यकता रहेको अध्ययनले देखाएको छ। बाढीपछि ठुलो संख्यामा बालबालिकाको नियमित पठनपाठनसमेत प्रभावित भएको छ

» पृष्ठ २ मा क्रमशः

■ ५० जना बालबालिका राख्न मिल्ने गरी ठेचोमा अस्थायी संरक्षण केन्द्र स्थापना



ललितपुरको गोदावरी नगरपालिका- १२ स्थित ठेचोमा अस्थायी संरक्षण सेवा केन्द्र। तस्बिरहरू : **अमुल थापा**

भोटेकोशी बाढीपछि प्रभावित बालबालिकाको अस्थायी व्यवस्थापनका लागि ललितपुरको गोदावरी नगरपालिका- १२ ठेचोमा अस्थायी संरक्षण सेवा केन्द्र तयार गरिएको छ। राष्ट्रिय बालअधिकार परिषद्का अनुसार त्यहाँ १२ रोपनी क्षेत्रफलमा तीनवटा ब्लक छन्। ती ब्लकमा ५० जना बालबालिका राख्न सकिने तथा बालक र बालिकालाई अलगअलग राख्ने गरी व्यवस्थापनको काम चलिरहेको छ। स्थानीय तहको बालकल्याण अधिकारीको सिफारिसमा परिषद्ले बालबालिकाको जिम्मा लिएर कानुनी प्रक्रियाबमोजिम अस्थायी केन्द्रमा राखिनेछ। केन्द्रमा अहिले दुईजना राखिसकिएको छ। परिषद्का अनुसार केन्द्रमा बालबालिकाको उपचार, मनोसामाजिक परामर्श, अध्ययन र संरक्षणको सुनिश्चित गरिएको छ। परिवारमा आधारित हेरचाह गर्ने संस्थाका रूपमा अहिले एसओएस बालग्राम र साना हात नामका दुई संस्था छन्। परिषद्का अनुसार एसओएसले कम्तीमा ५० जना बाढी प्रभावित बालबालिका आफूले जिम्मा लिने प्रस्ताव गरेको छ। यद्यपि, यसबारे निर्णय हुन बाँकी छ।

■ गीतामाता स्कुलमा पढ्दै छन् बाढी प्रभावित ७० बालबालिका



डल्लुस्थित गीतामाता स्कुलमा बाढी प्रभावित बालबालिका

शिवहरि घिमिरे/नयाँ पत्रिका

भोटेकोशी बाढीबाट अभिभावक गुमाएका, विस्थापित भएका र पढाइबाट वञ्चित भएका ७० बालबालिकालाई काठमाडौंको डल्लु विजेश्वरीस्थित गीतामाता माविले पढाउन थालेको छ। उनीहरूलाई अन्य विद्यार्थीभन्दा फरक किसिमबाट मनोपरामर्शसहित पठनपाठनको बानी पार्न थालिएको विद्यालयका सहायक प्रधानाध्यापक रामप्रसाद देवकोटाले जानकारी दिए।

देवकोटाका अनुसार बाढी प्रभावित सयभन्दा धेरै विद्यार्थी आएकामा कतिपय आउन छाडेका छन्। ७० विद्यार्थी बिहीबारसम्म विद्यालय आएकाको तथ्यांक हो। 'बाढी प्रभावित क्षेत्रमा थुप्रै बालबालिका पढाइबाट वञ्चित

» पृष्ठ २ मा क्रमशः

● पहिलो गुम्बाबाट विद्यालयसम्म बालबालिका पुऱ्याउन एलआरआई स्कुलले दियो बससेवा

● काठमाडौं महानगरको समन्वयमा स्कुल भर्ना गरिएका बालबालिकालाई महानगर र करुणा फाउन्डेसनले खाजा, खेलकुद सामग्री र मनोपरामर्श दिँदै

प्रधानमन्त्री तीन दिन न्युयोर्कमा रहने, एउटा मात्रै भेटवार्ता

सबै उच्चस्तरीय बैठकमा परराष्ट्रमन्त्री खनाल सहभागी हुने

पर्शुराम काफ्ले/नयाँ पत्रिका

संयुक्त राष्ट्रसंघीय महासभाको ८१औं सत्रमा भाग लिन न्युयोर्क जान लागेका प्रधानमन्त्री बालेन्द्र शाहले पाँचदिने भ्रमणमा एउटा मात्रै भेटवार्ता गर्ने कार्यक्रम तय भएको छ। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेससँग मात्रै भेटवार्ता हुने तय भएको हो।

६ असोजमा न्युयोर्क प्रस्थान गर्ने प्रधानमन्त्री शाहले ९ असोजको बिहान सम्बोधन गर्ने तालिका छ। १० असोजमा उनी स्वदेश फर्किने कार्यक्रम छ। न्युयोर्कमा उनी तीन दिन रहनेछन्।

परराष्ट्रसचिव अमृतबहादुर राईले प्रधानमन्त्री र राष्ट्रसंघीय महासचिव गुटेरेसबिच भेटवार्ता हुने जानकारी दिए। परराष्ट्रका एक उच्च

» पृष्ठ २ मा क्रमशः



● ६ असोजमा न्युयोर्क प्रस्थान गर्ने प्रधानमन्त्री बालेन्द्र शाहले ९ असोजको बिहान सम्बोधन गर्ने तालिका छ। १० असोजमा उनी स्वदेश फर्किने कार्यक्रम छ। न्युयोर्कमा उनी तीन दिन रहनेछन्।



● परराष्ट्रमन्त्री शिशिर खनालले न्युयोर्कमा भारतीय विदेशमन्त्री डा. एस. जयशंकर र चिनियाँ कम्युनिस्ट पार्टीको आठौं वरीयताका नेता तथा पोलिटब्युरो सदस्य रहेका उपराष्ट्रपति हान झेङसँग भेटवार्ता गर्ने तयारी छ।

■ एमालेमा पार्टी पुनर्गठनको किचलो जारी

ओली मार्गप्रशस्त नगर्ने, पौडेल-पोखरेल पछि नहट्ने



शुरोजंग पाण्डे/नयाँ पत्रिका

चुनावी हारको नैतिक जिम्मेवारी लिएर अध्यक्ष केपी ओलीले नेतृत्वबाट मार्गप्रशस्त गर्नुपर्ने सुझाव आएको विषयलाई महासचिव शंकर पोखरेलले कार्यदलको मस्यौदा प्रतिवेदनमा उल्लेख गरेपछि एमालेमा निम्तिएको विवाद सल्टिन सकेको छैन। ओलीले नेतृत्व हस्तान्तरण र चुनावी हारको नैतिक जिम्मेवारी लिनुपर्ने विषय पूर्ण रूपमा हटाएर अगाडि बढ्ने प्रयास गरेका छन् भने महासचिव पोखरेल र उपाध्यक्ष विष्णु पौडेलले प्रतिवेदन कार्यान्वयनमै जोड दिएका छन्।

बिहीबार भक्तपुर गुन्डुस्थित निवासमा ओलीले चुनावी समीक्षा र पार्टी पुनर्गठनका विषयमा सुझाव दिन गठित कार्यदलका संयोजक रामबहादुर थापा 'बादल', सदस्यहरू उपाध्यक्ष पौडेल, महासचिव पोखरेलसहित नेताहरूसँग छलफल गरेका थिए। कार्यदलको प्रतिवेदन पार्टीको केन्द्रीय सचिवालयबाट पारित गरेर केन्द्रीय कमिटी बैठकमा लैजाने भन्दै आगामी आइतबार (४ असोज)मा सचिवालय बैठक बोलाउन महासचिव पोखरेललाई निर्देशन दिएका छन्।

> आगामी आइतबार सचिवालय बैठक बोलाउन महासचिव पोखरेललाई ओलीको निर्देशन

महासचिव पोखरेलले नेतृत्वले मार्गप्रशस्त गर्नुपर्ने भनेर प्रतिवेदनमा समेटेको विषयको काउन्टरमा कार्यदल संयोजक थापाले समानान्तर प्रतिवेदन बनाएका थिए। गत सोमबार काभ्रेको बलथलीमा कार्यदलको बैठक बसेको थियो। तर, बैठकमा सहमति ननिस्किएपछि 'ओलीले राजीनामा दिनुपर्नेजस्ता भाषा सम्पादन गरेर दुवै प्रतिवेदनको सारांशका रूपमा एकीकृत प्रतिवेदन बनाउने' जिम्मेवारी थापा, पौडेल र पोखरेल तीन नेतालाई तोकेको थियो। तर, जिम्मेवारीअनुसार बुधबार प्रतिवेदन टुंग्याए बिहीबार कार्यदल बैठक बस्नुपर्ने पूर्वनिर्णयअनुसार काम नै अघि बढेन।

थापाले अध्यक्ष ओलीलाई भेटेर मात्र प्रतिवेदनको भाषा सम्पादनसहितको काम गर्नुपर्ने अडान राखेपछि तीनै नेता बिहीबार गुन्डु पुगेका थिए। अध्यक्षसँग जोडिएका विषय भएकाले पनि नेताहरूले बसेर र सुझाव लिएर प्रतिवेदनलाई टुंग्याउने गरी छलफल गरेको सचिव पद्मा अर्यालले बताइन्।

» पृष्ठ २ मा क्रमशः



● **पद्मा अर्याल**, सचिव

आन्तरिक तयारी नपुगेको र केही विषय अध्यक्षसँग जोडिएको हुनाले पनि नेताहरू उहाँलाई भेटेर प्रतिवेदन टुंग्याउन जानुभएको थियो, कुराकानीसँगै सबै कुरा स्पष्ट भएर समाधानतिर गएको छ।



● **लीलानाथ श्रेष्ठ**, कार्यदल सदस्य

बलथली बैठकको निर्णयअनुसार उहाँहरूले लेखनको काम गरिरहनुभएको छ, शुक्रबार लेखिसकेर शनिबार कार्यदलबाट पास गर्ने र भोलिपल्ट बस्ने सचिवालय बैठकमा प्रस्तुत गर्ने समझदारी भएको छ। उहाँहरू निर्णयअनुसार प्रतिवेदन लेख्ने क्रममा अध्यक्षसँग पनि सल्लाह लिन जानुभएको थियो, सचिवालय बैठक बोलाउने मितिसमेत तय गरेर फर्किनुभयो।

संविधान दिवस भव्य रूपमा मनाउने तयारी

एमाले केन्द्रीय कार्यालयले संविधान दिवस भव्य र प्रभावकारी रूपमा मनाउनका लागि तयारी सुरु गरेको छ। बिहीबार महासचिव शंकर पोखरेलले आयोजना गरेको बैठकले नेपालको संविधान २०७२ को रक्षा र कार्यान्वयनको सन्देशसहित विविध कार्यक्रम आयोजना गर्ने निर्णय गरेको छ। बैठकले संविधान जारी भएको दिन ३ असोजमा बिहान ८:३० बजे पार्टी केन्द्रीय कार्यालय, च्यासल प्रांगणमा विशेष कार्यक्रम आयोजना गर्ने निर्णय गरेको छ। कार्यक्रमलाई अध्यक्ष केपी ओलीले सम्बोधन गर्नेछन्।

त्यस्तै, देशभर विभिन्न रचनात्मक कार्यक्रम सञ्चालन गर्ने निर्णयसमेत बैठकले गरेको छ। बैठकले सबै प्रदेश, जिल्ला तथा पालिका कमिटीलाई स्थानीय विशेषता र आवश्यकताअनुसार प्रभावकारी तथा रचनात्मक कार्यक्रम आयोजना गर्न निर्देशन दिएको छ। 'आ-आफ्नो क्षेत्र र स्तरमा संविधानको रक्षाको सन्देशसहित प्रभातफेरी, दीप प्रज्वलन, विचार गोष्ठी, सरसफाइ तथा अन्य रचनात्मक कार्यक्रम गरी संविधान दिवसलाई सफल बनाउन अनुरोध छ,' पोखरेलले जारी गरेको सर्कुलरमा भनिएको छ।

नाता कायम मुद्दामा परिस्थितिजन्य प्रमाण महत्त्वपूर्ण हुने सर्वोच्चको फैसला

■ फैसलामा भनिएको छ- **हाम्रोजस्तो सामाजिक परिवेशमा विनाकारण कुनै महिलाले कुनै व्यक्तिलाई पति भनी झुटा दाबी लिई यति लामो समयसम्म न्यायको याचना लिई अदालतमा निरन्तर रूपमा उपस्थित भइरहने कुरा स्वाभाविक र प्रतीतलायक हुन नसक्ने यथार्थताका सादृश्यतामा समेत वादी-प्रतिवादीबिच विवाह भएको तथ्यमा सन्देह गर्नुपर्ने अवस्था देखिएन।**

नयाँ पत्रिका



नाता कायमसम्बन्धी मुद्दामा प्रत्यक्ष प्रमाण नभेटिएको अवस्थामा परिस्थितिजन्य प्रमाण महत्त्वपूर्ण हुने फैसला सर्वोच्च अदालतले गरेको छ। एक महिलाले आफूलाई प्रेमविवाह गरी पछि धोका दिएको भन्दै नाता कायम गर्न दिएको मुद्दामा सर्वोच्चले परिस्थितिजन्य प्रमाणलाई आधार बनाएर यस्तो फैसला गरेको हो।

सुनसरीको दुहबीकी पवित्रा खड्काले सोही पालिकाका मोहनकुमार चौधरीविरुद्ध दिएको मुद्दा सर्वोच्चले किनारा लगाउँदै नाता कायम गराउने फैसला गरेको छ। सर्वोच्चका न्यायाधीशहरू नृपध्वज निरौला र महेश शर्मा पौडेलको इजलासले गत ११ साउनमा गरेको फैसला बिहीबार सार्वजनिक भएको हो।

महिलाको दाबीअनुसार ०६४ मा विराटनगरको मेट्रोपोलिस क्याम्पसमा अध्ययनका क्रममा चिनजान भई उनीहरू प्रेम सम्बन्धमा गाँसिएका थिए। अन्तरजातीय सम्बन्ध भएका कारण परिवारले अनुमति नदिएपछि ७ साउन ०७२ मा उनीहरूले

» पृष्ठ २ मा क्रमशः

■ 'परिस्थितिजन्य प्रमाण महत्त्वपूर्ण'

कुनै विवादको निरूपणका सम्बन्धमा कतिपय अवस्थामा प्रत्यक्षदर्शी प्रमाणको अभाव रहेको र यस्तो अवस्थामा मिसिल कागजातबाट देखिएका परिस्थितिहरूको शृंखलाबद्ध र मालाकार कडीहरूबाट कुनै कुरा स्थापित हुने अवस्था रहने सर्वोच्चको फैसलामा उल्लेख छ। 'कतिपय अवस्थामा प्रत्यक्ष र परिस्थिति दुवै किसिमका प्रमाणहरूको पनि विद्यमानता हुन सक्छ। नाता कायम मुद्दामा परिस्थितिजन्य प्रमाणहरू महत्त्वपूर्ण हुन्छन्। प्रत्यक्ष प्रमाणको अभाव रहेको अवस्थामा पनि मिसिल संलग्न रहेका कागजातबाट देखिएका परिस्थिति, पक्षको व्यवहार, गरेका आचरण तथा कार्य र देखिएका तथ्यहरूलाई जोडेर निष्कर्षमा पुग्नुपर्ने हुन्छ,' फैसलामा भनिएको छ, 'अर्थात् प्रत्यक्ष प्रमाणको अभाव रहेको अवस्थामा पनि विवादका विषयमा देखिएका परिस्थितिहरू एक-आपसमा सूक्ष्मतम रूपमा नियाली परिस्थितिजन्य प्रमाणको बलियो र शृंखलाबद्धता वा त्यस्तो मालाकार कडीको विद्यमानता वा अन्योन्याश्रितता देखिन्छ भने सो परिस्थितिजन्य प्रमाणका आधारमा पनि न्यायिक निष्कर्षमा पुग्नुपर्ने हुन्छ। कुनै पनि कडी वा शृंखला नटुटेको यस्तो परिस्थितिजन्य प्रमाणबाट प्रत्यक्ष प्रमाणको अभावमा पनि न्याय निरूपण गर्न सकिने नै हुन्छ।'

विवाह भएको नभई हिन्दु समाजको आफ्नो धार्मिक र नैतिक आचरणमा कलंक लाग्ने गरी त्यसै कसैले स्वास्नी हुँ भन्नु स्वाभाविक, विश्वासलायक कारण नहुने भनेर विगतका यस्ता मुद्दामा भएको व्याख्यालाई समेत आधार मानेर सर्वोच्चले यस्तो फैसला गरेको हो। फैसलामा भनिएको छ, 'हाम्रोजस्तो सामाजिक परिवेशमा विनाकारण कुनै महिलाले उनाउ व्यक्तिलाई पति भनी झुटा दाबी लिई यति लामो समयसम्म न्यायको याचना लिई अदालतमा निरन्तर रूपमा उपस्थित भइरहने कुरा स्वाभाविक र प्रतीतलायक हुन नसक्ने यथार्थताका सादृश्यतामा समेत वादी-प्रतिवादीबिच विवाह भएको तथ्यमा सन्देह गर्नुपर्ने अवस्था देखिएन। यसका साथै नातामा विवाद सिर्जना भई वादीले नाता कायमका लागि प्रमाण प्रस्तुत गरेको र परिस्थितिजन्य प्रमाणबाट पनि सो तथ्य देखिएको अवस्थामा त्यस्तो नातालाई इन्कार गर्ने प्रतिवादीमाथि पनि प्रमाण ऐन, २०३१ को दफा २७ अनुसार प्रमाणको भारको दायित्व रहनेमा प्रतिवादीले तदनुरूप वस्तुनिष्ठ र ठोस प्रमाणबाट नाताको अस्तित्वलाई खण्डन गर्न सकेको अवस्था पनि देखिएन।'

नौ वर्षसम्म बनेन कोशीको स्थायी 'सिंहदरबार'

जग्गा प्राप्तिको सकसले प्रतिबद्धतामै सीमित कोशी प्रदेश सरकारको स्थायी संरचना निर्माण

विराटनगरमा **गणेश लम्साल**

२४ भदौ ०८२ को जेन-जी आन्दोलनका क्रममा आगजनीले ध्वस्त कोशी प्रदेश सरकारको मुख्य प्रशासनिक केन्द्र रहने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विराटनगरको रोडशेष चोकमा कालो भग्नावशेष भवनझैँ हरियो बोरा ओढेर ठिंग उभिरहेको छ। मनमोहन प्राविधिक विश्वविद्यालयका इन्जिनियरहरूले रातो स्टिकर लगाएको भवन न त सरकारले भत्काएको छ, न त पुनर्निर्माण नै सुरु गरेको छ।

आगजनी भएको एक वर्ष बितिसके पनि सरकारले अझै मन्त्रिपरिषद्को त्यही भवन पुनर्निर्माण गराउने वा अन्यत्रै संरचना बनाएर सार्ने भन्नेबारे निर्णय गर्न सकेको छैन। प्राविधिकहरूले अनुगमन गरेर प्रतिवेदन दिइसके पनि भौतिक मन्त्रालयले राजनीतिक निर्णय हुन नसक्दा प्रतिवेदन त्यसै थन्क्याएर राखेको छ। सरकारले आगजनी भएको भवन पुनर्निर्माण गराउँदा भन्दा नयाँ भवन बनाउन बराबर खर्च हुने भएपछि हाललाई पुनर्निर्माण थाती राखेको मुख्यमन्त्री कार्यालयका प्रदेश सचिव नारायणप्रसाद रिसाल बताउँछन्। उनका अनुसार नयाँ संरचना नबनेसम्मका लागि अस्थायी संरचनाबाटै कामकाज चलाउने गरी जलेको भवनकै पछाडि प्रिफेब भवन निर्माण सुरु भएको छ।


जेन-जी आन्दोलनमा जलेको मुख्यमन्त्रीको कार्यालय

संघीयता कार्यान्वयनको नौ वर्ष र स्थायी राजधानी घोषणा भएको सात वर्षपछि ५ भदौदेखि कोशी प्रदेशमा एमाले-नेकपाको गठबन्धन सरकार छ। सरकार सञ्चालनका लागि तयार न्यूनतम साझा कार्यक्रमको प्राथमिकतामा कोशी प्रदेश सरकारको आफ्नै स्थायी संरचना बनाउने विषयलाई मुख्य रूपमा राखिएको छ। २३ वैशाख ०७६ मा कोशी प्रदेश सभाले अस्थायी राजधानी रहेको विराटनगरलाई स्थायी राजधानी घोषणा गरेको थियो। तर, स्थायी राजधानी घोषणा भएको सात वर्ष बितिसिक्दा पनि कोशी प्रदेश सरकारका प्रशासनिक संरचना प्रदेश सभा, मन्त्रालय, आयोग, निर्देशनालय, कार्यालय र मन्त्री, सभामुख, उपसभामुखका निवासहरू कतै संघीय सरकारका पुराना भवन, कतै अस्थायी संरचना, त कतै भाडाका घरमा सञ्चालन भइरहेका छन्। जसका लागि सरकारले मर्मतसम्भार र भाडामा वार्षिक लाखौँ रुपैयाँ खर्च गरिरहनुपरेको छ।

■ नौ मुख्यमन्त्री बने, तर डिपिआरसमेत तयार गर्न सकेन

संघीयता कार्यान्वयनको नौ वर्ष र राजधानी घोषणा भएको सात वर्षमा कोशी प्रदेशमा नौजना मुख्यमन्त्री परिवर्तन भइसकेका छन्। तर, अझैसम्म कसैले पनि आफ्नै स्थायी संरचना निर्माणका लागि जग्गा सुनिश्चित गरेर डिपिआरसमेत तयार गर्न सकेका छैनन्।

प्रदेश सभा सदस्यहरूले प्रदेश राजधानी विराटनगर नभएर इटहरी वा धनकुटा हुनुपर्ने भन्दै संघर्ष थालेपछि स्थायी संरचना बनाउन २० बिघा जग्गा निःशुल्क प्रदान गर्ने विराटनगर महानगरपालिकाले घोषणा गरेको थियो। तर, तत्कालीन मेयर भीम पराजुलीले त्यसबेला गरेको घोषणा गरेअनुसार प्रदेश सरकारले जग्गा प्राप्त नै गर्न सकेन। किनकि प्रदेश सरकारलाई संरचना निर्माण गर्न आवश्यक पर्ने २० बिघा जग्गा महानगरपालिकाले आफैँले पाउनै सकेन। त्यसपछि महानगरपालिकाले तत्काल फिनल्यान्ड सरकारको सहयोगमा ल्यान्डफिल साइट निर्माण गर्न मोरङको बुढीगंगा गाउँपालिका- ७, डंग्राहमा खरिद गरेको २२ बिघा जग्गा प्रदेश सरकारलाई प्रदान गर्ने चर्चा पनि चल्यो। तर, त्यसबारे प्रदेश सरकार र महानगरपालिकाले कार्यदल बनाए पनि विराटनगरभित्रै संरचना बनाउनुपर्ने र नपर्ने विवादले कुनै निर्णय हुन सकेन।

त्यसपछि प्रदेश पटक-पटक कोशी प्रदेशमा सरकार फेरिँदै गयो, तर सबैले प्रदेशको स्थायी संरचना निर्माण गराउने प्रतिबद्धता गरिरहे। सरकारहरूले पटक-पटक जग्गा खोजी गर्न कार्यदल पनि बनाए। तर, पनि जग्गा अधिग्रहण हुन सकेन। केही दाताहरूले सात बिघासम्म जग्गा दिने घोषणा पनि गरे। तर, कोशीको 'सिंहदरबार' बनाउन जग्गा पर्याप्त नभएको भन्दै ती जग्गा पनि सरकारको स्वामित्वमा आउन सकेन। चाँडै स्थायी संरचना निर्माण गर्न भनेर कोशी सरकारले ०७६ मै प्रदेश भवन ऐन, २०७६ निर्माण गराएको थियो। तर, स्थायी संरचना निर्माणका लागि कानुनी आधार तयार भए पनि जग्गा प्राप्ति नहुँदा अझै स्थायी संरचना निर्माण हुन सकेको छैन।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की राजधानी तोकिए पनि कार्यपालिका, व्यवस्थापिका र प्रदेश प्रमुखको कार्यालय तथा निवासहरू एकै ठाउँमा बनाउने गरी आवश्यक २० बिघा जग्गा खोजी गर्दा अझैसम्म पायक पर्ने स्थानमा पाउन नसकेकाले स्थायी निर्माणमा ढिलाइ भइरहेको बताउँछन्। उनका अनुसार स्थायी संरचना निर्माण गर्ने विषय दीर्घकालका लागि ठुलो लगानी भएकाले निर्णय गर्न सरकारले हतार नगरेको हो। 'राजधानी घोषणा भइसकेपछि चाँडोभन्दा चाँडो स्थायी संरचना बनाउनुपर्छ भन्नेमा आतुर छौँ। बजेटको अभाव पनि छैन। तर, भनेअनुसारको सबै संरचना सुरक्षित रूपलै एकै ठाउँमा निर्माण गराउने गरी जग्गा फेला नपरेकाले योजना अगाडि बढाउन नसकेका हौँ। तर, यसपटक एउटा टुंगोमा पुगेर छाड्छौँ,' उनले भने।

■ स्थायी संरचनाका लागि चर्चामा आएका विकल्पहरू

कोशी प्रदेशको स्थायी संरचनाका लागि विभिन्न स्थान चर्चामा आउने गरेका छन्। कसैले हाल मुख्यमन्त्रीको अस्थायी निवास रहेको विराटनगरको कोशी प्रोजेक्टस्थित सुनसरी-मोरङ सिँचाइ योजना रहेको करिब २० बिघा जग्गा उपयुक्त हुने बताएका छन्।

यस्तै, हाल बन्द रहेको विराटनगर जुलमिलको करिब ६० बिघाको चर्चा छ। तर, भारतीय सिमानासँगै जोडिएको त्यति जग्गा उपयुक्त मानिएको छैन। धेरैको जोड बृहत्तर विराटनगर क्षेत्रभित्र पर्ने गरी उत्तरमा बुढीगंगा गाउँपालिका र दुहबी नगरपालिका, पूर्वमा ग्रामथान र कटहरी गाउँपालिकालाई बिचमा पारेर संरचना निर्माण गर्नुपर्ने भन्ने छ।

विराटनगर महानगरपालिकाको बुढीगंगा- ७, डंग्राहमा रहेको ल्यान्डफिल साइटको २२ बिघा अधिग्रहण गर्नुपर्ने राय भए पनि महानगरपालिकाले विराटनगरभन्दा बाहिर संरचना निर्माण गर्न जग्गा प्रदेश सरकारलाई दिन चाहेको छैन।

■ जग्गा खोजी अभियान

स्थायी संरचना बनाउने चर्चा कोशी प्रदेशका प्रथम मुख्यमन्त्री शेरधन राईकै पालादेखि सुरु भएको थियो। त्यसपछिका मुख्यमन्त्री भीम आचार्यले पनि स्थायी संरचना बनाउने कुरालाई प्राथमिकतामा राखे, तर ६० दिनको कार्यकालमा योजना आगाडि बढाउन सकेनन्। पहिलो कार्यकालका तेस्रो मुख्यमन्त्री राजेन्द्रकुमार राई नेतृत्वको सरकारले २१ असोज ०७८ मा प्रदेशका स्थायी संरचना निर्माणका लागि जग्गा खोज्न तत्कालीन प्रदेश प्रमुख सचिवको संयोजकत्वमा कार्यदल बन्यो, तर कार्यदलले जग्गा फेला पार्न सकेन। त्यसपछि फेरि मुख्यमन्त्री कार्कीले तत्कालीन आन्तरिक मामिला तथा कानुनमन्त्री केदार कार्कीको नेतृत्वमा अर्को नौ सदस्यीय कार्यदल गठन गराए। कार्यदलले विराटनगर महानगरपालिका, बुढीगंगा, कटहरी र ग्रामथान गाउँपालिका र सुन्दरहरैँचा, दुहबी नगरपालिकाको क्षेत्रलाई समेटेर बिचमा पर्ने गरी स्थायी संरचना बनाउने गरी सार्वजनिक सूचना प्रकाशित गरेर जग्गा खोजी सुरु गर्‍यो। तर, सरकार परिवर्तनसँगै खोजीकार्य विफल भयो।

जेन-जी आन्दोलनका क्रममा गत २४ भदौ ०८२ मा भएको आगजनीपछि कोशी प्रदेश सभा र मुख्यमन्त्री कार्यालयहरू आगजनीबाट ध्वस्त भए। प्रदेश सभा कटहरी गाउँपालिकामा रहेको कृषि थोक बजारमा स्थानान्तर भएर स्तरोन्नति गरी सञ्चालन भइरहेको छ। यसपटक जग्गाको खोजी टुंग्याएर आगामी आर्थिक वर्षमा स्थायी भौतिक संरचना निर्माण सुरु गराउने योजना सरकारको प्राथमिकतामा रहेको साझा कार्यदलका सदस्य तथा नेकपा संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो बताउँछन्। 'नौ वर्षसम्म आफ्नै स्थायी संरचना बनाउन सकेन भनेर सरकारको आलोचना धेरै हुन थालिसकेको छ, यसैले यसपालि हामी सुरक्षित र पायक पर्ने जग्गा खोजीको समस्या जसरी पनि टुंगो लगाएर योजना अगाडि बढाउने गरी छलफल गरिरहेका छौँ,' उनले भने।

भोटेकोशी बाढीमा बेपत्ता नयाँ पत्रिकाकर्मी थामीको भोलि अन्त्येष्टि गरिने



काठमाडौँ/ १० भदौको भोटेकोशी बाढीमा बेपत्ता भएका नयाँ पत्रिकाकर्मी टेकराज थामीको शनिबार कुशको शव बनाएर अन्त्येष्टि गरिने भएको छ। २३ दिनसम्म खोजी गर्दा पनि पत्ता नलागेपछि परिवारले अन्त्येष्टि गर्ने भएको हो। सम्भावित स्थानमा खोजी गर्दा पनि नभेटिएको र तत्कालीन परिस्थितिको मूल्यांकन गर्दै कुशको शव बनाएर शनिबार बिहान ८ बजे पशुपति आर्यघाटमा अन्त्येष्टि गर्ने परिवारले जनाएको छ। केरुङ जानका लागि थामी ९ भदौमा टिमुरे पुगेका थिए। भोलिपल्ट बिहानदेखि उनी सम्पर्कविहीन भएका थिए। नेपाल र चीन दुवैतर्फ उनको खोजी भएको थियो। खोजमूलक पत्रकारिता गर्दै आएका थामी एक दशकभन्दा लामो समयदेखि नयाँ पत्रिकामा कार्यरत थिए।

प्रधानमन्त्री...

पृष्ठ १ बाट क्रमशः

अधिकारीले राष्ट्रसंघका महासचिवसँग भेटवार्ता र महासभाको सत्रलाई सम्बोधनबाहेक अन्य कार्यक्रम नरहेको बताए। 'भारतबाट प्रधानमन्त्री जाने कार्यक्रम छैन, चीनबाट उपराष्ट्रपति जानुहुने रहेछ, प्रधानमन्त्रीले राष्ट्रसंघीय महासचिवबाहेक अरूसँग भेटवार्ता गर्ने कार्यक्रम छैन,' ती अधिकारीले भने।

प्रधानमन्त्रीले अन्य भेटवार्ता गर्ने रुचि देखाएका छैनन्। सबै भेटवार्ताका लागि उनले परराष्ट्रमन्त्री शिशिर खनाललाई जिम्मा दिएका छन्। महासभाका क्रममा नेपालले 'सगरमाथादेखि समुद्रसम्म : जलवायु उत्थानशील भविष्यका लागि आह्वान' शीर्षकमा आयोजना गर्ने बैठकमा पनि प्रधानमन्त्री रहनेछैनन्। बैठकको अध्यक्षता परराष्ट्रमन्त्री खनालले गर्ने कार्यक्रम छ। विश्वव्यापी जलवायु परिवर्तनका कारण विशेष गरी हिमाली क्षेत्रमा परेको नकारात्मक प्रभाव र त्यसबाट सिर्जित विनाशकारी परिणामबारे छलफल गरी विश्व समुदायको ध्यानाकर्षण गराउने नेपालको तयारी छ।

परराष्ट्रमन्त्री शिशिर खनाल नेतृत्वको टोली १० दिन न्युयोर्क रहने र सबै उच्चस्तरीय बैठकहरूमा सहभागिता जनाउने तय भएको छ। परराष्ट्रमन्त्री खनाल शनिबार न्युयोर्क प्रस्थान गर्नेछन्। उनले संयुक्त राष्ट्रसंघीय शान्ति स्थापक सेनासँग सम्बन्धित, स्वास्थ्य र जलवायु परिवर्तनसँग सम्बन्धित तथा अतिकम विकसित मुलुकहरूको मञ्चलगायत उच्चस्तरीय बैठकमा सहभागी हुने र नेपालका तर्फबाट सम्बोधन गर्ने तय भएको छ। खनालले न्युयोर्कमा भारतीय विदेशमन्त्री डा. एस जयशंकर र चिनियाँ कम्युनिस्ट पार्टीको आठौँ वरीयताका नेता तथा पोलिटब्युरो सदस्य रहेका उपराष्ट्रपति हान भेडसँग भेटवार्ता गर्ने तयारी छ।

परराष्ट्रसचिव राईका अनुसार प्रधानमन्त्री शाहले जलवायु परिवर्तन र त्यसबाट सिर्जित प्रकोपका कारण नेपालले बारम्बार भोग्नुपरेको जनधनको ठुलो क्षतिबारे विश्व समुदायको ध्यानाकर्षण गराउनेछन्। नेपालले न्यून कार्बन उत्सर्जन गरे पनि जलवायु परिवर्तनका नकारात्मक असर भोगिरहेको विषयलाई पनि उनले अन्तर्राष्ट्रिय मञ्चमा उठाउनेछन्। भोटेकोशीमा १० भदौमा आएको बाढीपछि प्रधानमन्त्रीको भ्रमण तय भएको हुनाले प्रधानमन्त्रीको मुख्य विषय नै जलवायु न्याय रहनेछ।

प्रधानमन्त्री शाहले महासभालाई गर्ने सम्बोधनको मस्यौदामाथि छलफल भइरहेको छ। उच्च अधिकारीहरूका अनुसार भाषणको गृहकार्य प्रधानमन्त्री कार्यालयले गरिरहेको छ। 'हामीकहाँ आएका सुझावहरू तथा सामाजिक सञ्जालहरूमा विज्ञहरूले दिनुभएका खुला सुझावहरू सबै समेटेर नेपालको सम्बोधनलाई अन्तिम रूप दिन लागेका छौँ,' प्रधानमन्त्री कार्यालयका ती अधिकारीले भने।

प्रधानमन्त्री शाहले नेपालले जलवायु परिवर्तनबाट भएको क्षतिबापत तत्काल र उचित क्षतिपूर्ति पाउनुपर्ने आवाज उठाउनेछन्। परराष्ट्र मन्त्रालयका अनुसार प्रधानमन्त्री शाहले नेपालमा जलवायुअनुकूल पूर्वाधार निर्माण, जलवायु स्मार्ट कृषि प्रवर्द्धन तथा सरोकारवालाको क्षमता विकासका लागि आवश्यक प्रविधि र जलवायु वित्त सहज तथा सहुलियतपूर्ण रूपमा उपलब्ध गराउन धनी तथा विकसित मुलुकहरूलाई अपिल गर्नेछन्।

त्यसैगरी, नेपालले प्रकृतिमैत्री जीवनशैली, ४६ प्रतिशतभन्दा बढी वन क्षेत्र, विशाल हिमालय क्षेत्र तथा बृहत् नदी प्रणालीमार्फत विश्व वातावरण संरक्षण र प्रवर्द्धनमा पुर्‍याउँदै आएको योगदानबारे जानकारी दिनेछन्। 'प्रधानमन्त्रीले अहिले सम्बोधन गर्नासाथ नेपाललाई क्षतिपूर्ति रकम आइहाल्छ भन्ने होइन, राजनीतिक एजेन्डाका रूपमा प्रधानमन्त्रीले विश्व समुदायसँग अपिल गर्नुहुनेछ, त्यसलाई अघि बढाउने काम सरकारी संयन्त्रहरूले गर्नेछन्,' प्रधानमन्त्री कार्यालयका अधिकारीले भने।

प्रधानमन्त्री शाहको नेतृत्वमा उच्चस्तरीय प्रतिनिधिमण्डलमा यसपटक नेपालबाट १६ सदस्य सहभागी हुनेछन्। परराष्ट्र स्रोतका अनुसार प्रधानमन्त्री शाहसँग ११ जना र परराष्ट्रमन्त्री खनालसँग पाँचजना गरी १६ जना न्युयोर्क जानेछन्। प्रधानमन्त्रीका मुख्य सल्लाहकार कुमार व्यञ्जनकार, परराष्ट्रसचिव राई, सहसचिव कृष्णप्रसाद ढकाल, प्रमुख शिष्टाचार महापाल कुमार खरेललगायत सहभागी हुनेछन्। न्युयोर्कबाट राष्ट्रसंघका लागि नेपाली स्थायी प्रतिनिधि लोकबहादुर थापा प्रतिनिधिमण्डलमा सहभागी हुनेछन्।

सार्क परराष्ट्रमन्त्रीहरूको बैठक नहुने

परराष्ट्रमन्त्री शिशिर खनालका तर्फबाट यो वर्ष पनि अफगानिस्तानबाहेक सार्क मुलुकका परराष्ट्रमन्त्रीहरूको अनौपचारिक बैठक न्युयोर्कमा राख्न नेपालले प्रस्ताव गरेको, तर सबैको सहमति नआएका कारण सम्भव नहुने एक उच्च कूटनीतिक अधिकारीले बताए। 'हामीले अनौपचारिक ब्रेक फास्ट बैठकका लागि प्रस्ताव पठाएका थियौँ। तर, केही सदस्य मुलुकहरूले जवाफ पठाएनन्,' ती अधिकारीले भारत र भुटानलाई लक्षित गर्दै भने, 'त्यसपछि हामीले थप केही कुरा गरेनौँ।' बंगलादेश, पाकिस्तान, श्रीलंका र माल्दिभ्स सकारात्मक भए पनि भारत र भुटानको जवाफ नआएका कारण अनौपचारिक बैठक नहुने भएको हो। 'हामीले प्रयास गरेका हौँ, तर सम्भव भएन,' कूटनीतिक अधिकारीले भने।

मोटरसाइकल हरायो

मिति २०८३/४/४ गते अन्दाजी राति ९:०० बजेको समयमा धनुषा जिल्ला जनकपुरधाम उप-महानगरपालिका-१२ महादेव मन्दिर नजिक घर अगाडी पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको रातो रंगको 125 CC को सुपर Super Splendor मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : अभिशेष कुमार यादव
मो.सा.नं.: प्र.०२-००३ प ५७८१
चेसिस नं.: MBLJAW091L9B12344
इन्जिन नं.: JA05EGL9B13382
सम्पर्क नं.: 9863266321

हार्दिक श्रद्धाञ्जली



जन्मः वि.सं. २००९ जेष्ठ ३१ गते

स्वर्गारोहणः वि.सं. २०८३ भाद्र २१ गते

स्व. हिरा लाल साह

हाम्रा सहकर्मी श्री सुरेन्द्र प्रसाद साहको पूजनीय पिता **हिरा लाल साह**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

सानिमा बैंक www.sanimabank.com
पो.ब.नं.: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं फोनः +९७७-१-५९७००३३
फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com

भोटेकोशी बाढीमा...

पृष्ठ १ बाट क्रमशः

भने परिवारबाट छुट्टिएका र अभिभावकीय हेरचाहबाट वञ्चित बालबालिकामा संरक्षणसम्बन्धी जोखिम बढेको प्रतिवेदनको निष्कर्ष छ।

प्रतिवेदनअनुसार बाबुआमासँग बिछोडिएका वा छुट्टिएर बसोबास गरिरहेका बालबालिकाको संख्या ४३९ छ। त्यसमा २२२ बालिका र २१७ बालक छन्। प्रभावितमध्ये ३६१ बालिका र ३३१ बालकसहित ६९२ बालबालक भने आफ्नै बाबुआमा वा अभिभावकसँग छन्। २१ जना अपांगता भएका बालबालिका छन्। बाढीबाट प्रभावित ३२ मध्ये १९ वटा विद्यालय पूर्ण रूपमा क्षतिग्रस्त छन्। पूर्ण क्षतिग्रस्त विद्यालयहरूमा नौ हजार चार सय विद्यार्थी भर्ना भएका थिए। जसमा तीन हजार ९२८ विद्यार्थी प्रभावित भएका छन् भने ४८८ जना विद्यार्थी अझै हराइरहेका छन्। हालसम्म पाँचजना विद्यार्थीको मृत्यु भएको प्रतिवेदनले उल्लेख गरेको छ।

भोटेकोशी बाढीपछि बालबालिकाको अवस्थामा बहुआयामिक असर परेको पाइएको पनि प्रतिवेदनमा उल्लेख छ। परिवारबाट छुट्टिने तथा उचित हेरचाहको अभावले बाल संरक्षण जोखिमलाई बढाएको प्रतिवेदनले औँल्याएको छ। 'भोटेकोशी बाढीको प्रभाव बालबालिकामा बहुआयामिक तवरले परेको छ,' कार्यदल प्रतिवेदनमा छ, 'त्यसैले यो तत्कालीन राहतको विषय मात्र नभई बालअधिकार, बाल संरक्षण, शिक्षा, स्वास्थ्य, पोषण, पारिवारिक हेरचाह, सामाजिक सुरक्षा तथा दीर्घकालीन विकाससँग जोडिएको बहुआयामिक मानवीय संकटका रूपमा रहेको छ।'

विपत्का कारण विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल पहिचान, परिवार खोजी तथा पुनर्मिलन, सुरक्षित अस्थायी संरक्षण सेवा प्रबन्ध तथा वैकल्पिक हेरचाह र बालमैत्री तथा सुरक्षित आश्रय आवश्यक भएको प्रतिवेदनले औँल्याएको छ। यस्तै, शिक्षाको निरन्तरता, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाइ, मनोसामाजिक सहयोग र हिंसा तथा शोषणबाट सुरक्षा तत्कालीन प्राथमिकताका राखी व्यवस्थापन गर्न अति आवश्यक रहेको प्रतिवेदनमा छ।

बाढीबाट प्रभावित बालबालिकाको अवस्था र आवश्यकता पहिचानका लागि राष्ट्रिय बालअधिकार परिषद्का अधिकृत रामबहादुर चन्दको नेतृत्वमा ६ सदस्यीय द्रुत लेखाजोखा कार्यदल गठन गरी परिचालन गरिएको थियो। कार्यदलमा युनिसेफ नेपालका बाल संरक्षण अधिकृत रामप्रसाद गौतम, सेभ द चिल्ड्रेनका सल्लाहकार सरोज केसी, सिविन नेपालकी कार्यक्रम व्यवस्थापक निरिजना भट्ट, युथ एलायन्स फर इन्भारोमेन्टकी वरिष्ठ कार्यक्रम संयोजक अन्जु पोखरेल र कन्सोर्टियम नेपालका कार्यक्रम व्यवस्थापक गौरव केसी सदस्य थिए।

कार्यदलले १५ देखि १९ भदौसम्मको अवधिमा तथ्यांक संकलन गरेर रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ, चितवनका बाढीबाट प्रभावित स्थानीय तह, बस्ती तथा अस्थायी आश्रयस्थल तथा होल्डिङ सेन्टरहरूको अध्ययन गरी २२ भदौमा प्रतिवेदन बुझाएको थियो। अध्ययनअनुसार १९ भदौसम्म बाढी प्रभावित जिल्लाका होल्डिङ सेन्टरमा रहेका एक हजार २३३ मध्ये ६३२ बालिका र ६०१ बालक छन्।

महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयको बाल संरक्षण शाखा प्रमुखसमेत रहेका परिषद्का सदस्य सचिव दुर्गाप्रसाद चालिसेका अनुसार बाढी प्रभावित बालबालिकाको व्यवस्थापनको काम स्थानीय तहमार्फत नै भइरहेको छ। स्थानीय तहमा रहने बालअधिकार समितिको सिफारिसमा बालबालिकाको व्यवस्थापन हुने उनले बताए। 'सरकार, बालअधिकार परिषद्, संघसंस्थालगायतले सहयोग गर्छन्,' उनले भने, 'बालबालिकाको व्यवस्थापन भावनात्मकभन्दा पनि प्रणालीअन्तर्गत हुन्छ।'

परिषद्का सदस्य सचिव चालिसेले बाढी प्रभावित बालबालिका प्रत्येकको अवस्थाबारे विवरण संकलन गर्न अहिले परिषद्को टोली बाढी प्रभावित क्षेत्रमा खटिएको बताए। परिषद्को नेतृत्वमा ६-६ सदस्यीय टोली रसुवा र नुवाकोटका बाढी प्रभावित क्षेत्रमा खटिएको उनको भनाइ छ।

बाढी प्रभावित बालबालिकाको अवस्था र तत्कालको आवश्यकता, बाल संरक्षणसम्बन्धी जोखिम, अत्यावश्यक सेवामा पहुँच, स्वास्थ्य, शिक्षा, मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग, लैंगिक हिंसा, सुरक्षित आश्रयस्थल तथा स्थानीय संरक्षण तथा सिफारिस संयन्त्रको अवस्था पहिचानका लागि अध्ययन गरिएको थियो। विशेष गरी बाबुआमा गुमाएका, परिवारबाट बिछोडिएका, अभिभावकीय हेरचाहबाट अलग भएका, अपांगता भएका, साना उमेरका बालिका र किशोरीलगायत विशेष संरक्षणको आवश्यकता भएका समूहमा केन्द्रित गरेर अध्ययन गरिएको थियो।

परिषद्का सूचना अधिकारी रामबहादुर चन्दका अनुसार विपत्मा परेका बालबालिकाको व्यवस्थापनका लागि पहिलो चरणदेखि मुख्य भूमिकामा स्थानीय तह नै हुन्छन्। त्यसपछि प्रदेश सरकार, संघ, परिषद् स्वयंदेखि संघसंस्थाले सघाउन सक्छन्।

बालबालिकाका विषय हेर्न हरेक स्थानीय तहमा स्थानीय बालअधिकार समिति छन्। समितिमा बालकल्याण अधिकारी रहने व्यवस्था छ। प्रभावित बालबालिकाको तथ्यांक संकलन गरेर त्यसको यकिन गर्ने काम त्यही समितिले गर्छ। बाबुआमा गुमेको अवस्थाका बालबालिकालाई परिवारका अरू सदस्यको जिम्मा लगाउन सक्ने अवस्थामा परिवारलाई नै जिम्मा लगाइन्छ।

परिवारका सदस्य नभए वा उनीहरूलाई जिम्मा लगाउन नसक्ने अवस्थामा आमा वा बुबापट्टिका आफन्तलाई जिम्मा लगाउन सकिने विकल्पमा स्थानीय तहले सूचना निकाल्ने व्यवस्था छ। त्यसमा पनि कोही तयार भएको अवस्थामा बालकल्याण अधिकारीले सम्बन्धित जिल्ला अदालतमा सिफारिस गर्न सक्ने र अदालतले त्यसउपर निर्णय गरेर प्रक्रियाबमोजिम जिम्मा लगाउन सक्ने व्यवस्था छ।

कोही आफन्त पनि तयार नभए त्यसबाहिरका व्यक्ति वा परिवारलाई बालबालिकाको हेरचाह गर्न इच्छुक व्यक्तिको खोजी गरिन्छ। यति गर्दा पनि नभए बालकल्याण अधिकारीले परिवारमा आधारित हेरचाह गर्ने संस्थालाई आग्रह गर्न सक्छन्। त्यस्ता संस्था तयार भएको अवस्थामा स्थानीय तहले बालबालिकाको व्यक्तिगत फाइल संस्थामा पठाउँछ र प्रक्रियाबमोजिम उनीहरूको जिम्मा लगाइन्छ।

परिवारमा आधारित हेरचाह गर्ने संस्थाका रूपमा अहिले एसओएस बालग्राम र साना हात नामका दुई संस्था छन्। परिषद्का अनुसार एसओएसले कम्तीमा ५० जना बाढी प्रभावित बालबालिका आफूले जिम्मा लिने प्रस्ताव गरेको छ। यद्यपि, यसबारे निर्णय हुन बाँकी छ।

अन्तिम विकल्पका रूपमा बालबालिकाको व्यवस्थापनका लागि बालगृहमा पठाउने व्यवस्था छ। यस्ता बालगृहहरू अहिले देशभर करिब ३६० वटा छन्। स्थानीय तहले भूगोल, भाषा, संस्कृति इत्यादिका हिसाबमा नजिक रहेका बालगृहमा बालबालिकालाई पठाइने सूचना अधिकारी चन्दले बताए।

गीतामाता स्कुलमा...

पृष्ठ १ बाट क्रमशः

हुनुभएको छ, हामीले स्कुलनजिकैको पहैँलो गुम्बामा बस्नुभएका विद्यार्थीलाई पढाउँछौँ। विगतमा त्रिशूली माविमा पढ्ने, तर बाढीपछि काठमाडौँमा आएका बालबालिका पनि यहाँ पढ्न आउँछन्, उनीहरूको मनस्थिति बुझेर पढाउँछौँ,' उनले भने, 'कतिपय बालबालिकाका अभिभावक हुनुहुन्न।'

विद्यालयमा बाढी प्रभावित बालबालिकालाई मनोपरामर्श दिन दैनिक ३० भन्दा बढी मनोपरामर्शदाताहरू आउने गरेको सहायक प्रधानाध्यापक देवकोटा बताउँछन्। उनीहरूले प्रभावित बालबालिकालाई सम्झाउने र बुझाउने गर्छन्। विद्यालयमा पढाइने ७० जना बालबालिकालाई दिनभरि विद्यालयले स्कुलमा राखे पनि विद्यालय बिदा भएपछि भने उनीहरू होल्डिङ सेन्टर तथा आफन्तकहाँ जान्छन्।

'कतिपय बालबालिका परिवारसँग होल्डिङ सेन्टरमा बसेका छन्, कतिपय छिमेकी र आफन्तकहाँ बसेका छन्,' देवकोटाले भने, 'उनीहरूलाई सकेसम्म मनोपरामर्शबाट बलियो बनाउँदै पढाउन थालेका छौँ।' उनका अनुसार कतिपय बालबालिकामा तर्सिने र अभिभावकको खोजी गर्दै आत्तिने समस्या देखिएको छ। त्यस्तै, करुणा फाउन्डेसन र काठमाडौं महानगरको पहलमा उनीहरूलाई विभिन्न खेलकुदमा सहभागी गराउने, स्वास्थ्य जाँच गर्ने, मनोपरामर्श दिनेलगायतका कार्य पनि भइरहेको छ। हाल यस स्कुलमा पढ्न आउने ७० जनामध्ये २२ जना बालविकास तहमा पढ्छन्। उनीहरू दुई वर्षदेखि ६ वर्षसम्म उमेरका छन्।

पहैँलो गुम्बाबाट विद्यालयसम्म बालबालिका पुर्‍याउन एलआरआई स्कुलले दियो बससेवा

पहैँलो गुम्बामा आश्रित भएर डल्लुस्थित गीतामाता विद्यालयमा पढ्न जान थालेका बालबालिकालाई कलंकीको लर्निङ रियलम इन्टरनेसनल (एलआरआई) स्कुलले बससेवा उपलब्ध गराएको छ। विद्यालय लैजान र गुम्बामा ल्याउन बसको व्यवस्था गरेको हो। त्यस्तै, कोसिस नेपाल नामक संस्थाले लुगा, जुत्ता, झोला उपलब्ध गराउने महानगरले जनाएको छ।

ओली मार्गप्रशस्त...

पृष्ठ १ बाट क्रमशः

'आन्तरिक तयारी नपुगेको र केही विषय अध्यक्षसँग जोडिएको हुनाले पनि नेताहरू उहाँलाई भेटेर प्रतिवेदन टुंग्याउन जानुभएको थियो, कुरकानीसँगै सबै कुरा स्पष्ट भएर समाधानतिर गएको छ,' अर्यालले भनिन्।

गुण्डुमा बलथली छलफलबाट निस्किएको निष्कर्ष र निर्णयअनुसार शुक्रबार प्रतिवेदन लेखेर शनिवार कार्यदल बैठकले पास गर्ने र आईतबार सचिवालय बैठकमा प्रस्तुत गर्ने सहमति भएको कार्यदल सदस्य लिलानाथ श्रेष्ठले बताए। 'बलथली बैठकको निर्णयअनुसार उहाँहरूले लेखनको काम गरिरहनुभएको छ, शुक्रबार लेखिसकेर शनिबार कार्यदलबाट पास गर्ने र भोलिपल्ट बस्ने सचिवालय बैठकमा प्रस्तुत गर्ने समझदारी भएको छ' श्रेष्ठले भने, 'उहाँहरू निर्णयअनुसार प्रतिवेदन लेख्ने क्रममा अध्यक्षसँग पनि सल्लाह लिन जानुभएको थियो, सचिवालय बैठक बोलाउने मितिसमेत तय गरेर फर्किनुभयो।'

छलफलमा अध्यक्ष ओलीले चुनावी पराजयको नैतिक जिम्मेवारीको प्रसंगहरू नै नराखी प्रतिवेदन लेखानका विषयमा सरोकार राखेका थिए। व्यक्ति केन्द्रीत विषय र प्रसंगहरू नराखी चुनावी समीक्षाका विषयहरू मात्र कार्यदलले प्रतिवेदन बनाउने बलथली बैठकले निष्कर्ष निकालेर नेताहरू उठेका थिए। तर, त्यसअनुसार प्रतिवेदन परिमार्जनबारे संयोजक थापाले नै आशंका राखेर समय गुजार्न खोजेको उपाध्यक्ष पौडेल र महासचिव पोखरेलले निकस्थ नेताहरूलाई बताएका छन्। मत विभाजन नगरी प्रतिवेदन लेख्ने समझदारी भए पनि थापाले ओलीको निर्देशनअनुसार समय गुजारेर केन्द्रीय कमिटी बैठकमै टुंगो लगाउने र कार्यदललाई नै औचित्यहीन बनाउन खोजेको हुनसक्ने पोखरेलको आशंका छ। यस्तो भएमा केन्द्रीय सचिवालय र केन्द्रीय कमिटीमा पनि जमेर 'फेस' गर्ने 'मुड' पोखरेलको छ। पोखरेलको प्रतिवेदनलाई उपाध्यक्ष पौडेलको पनि साथ छ।

प्रचार विभाग प्रमुख निरज आचार्यले प्रतिवेदन टुंग्याउने विषयमा आन्तरिक छलफल जारी रहेकाले त्यही सिलसिलामै अध्यक्ष ओलीसहितका नेताहरूले गुण्डुमा परामर्श गरेको जानकारी दिए। 'केन्द्रीय कमिटीअघि सचिवालय बस्ने र त्यहिँबाट प्रतिवेदन पारित गर्ने, एजेण्डाहरू निर्माण गर्ने विषयमै नेताहरूले छलफल गर्नुभएको छ,' आचार्यले भने।

नाता कायम...

पृष्ठ १ बाट क्रमशः

पशुपतिनाथ मन्दिरमा विवाह गरेका थिए। त्यसपछि कीर्तिपुरमा डेरा लिएर एक वर्षसम्म पति-पत्नीका रूपमा सँगै बसेको महिलाको जिकिर छ। सो कुरा परिवारले थाहा पाएपछि औपचारिक रूपमै विवाह गराइदिने आश्वासन दिएर गाउँ बोलाएको, तर त्यसपछि श्रीमान् आफूसँग टाढिएको उनको फिरादपत्रमा उल्लेख छ।

उनले श्रीमान्-श्रीमतीको सम्बन्ध कायम गराइपाऊँ भनी जिल्ला अदालत, सुनसरीमा फिरादपत्र दिएकी थिइन्। मोहनले भने सामान्य चिनजान भए पनि पवित्रासँग कुनै सम्बन्ध नभएको जवाफ अदालतलाई फर्काएका थिए। यसमा विवाहको प्रमाण नपुगेको भन्दै जिल्ला अदालतले ३ वैशाख ०७६ मा नाता कायम हुन नसक्ने फैसला सुनाएको थियो।

जिल्लाको फैसलाविरुद्ध महिलाले उच्च अदालत, विराटनगरमा पुनरावेदनपत्र पेस गरिन्। उच्चले १९ फागुन ०७७ मा महिलाको पक्षमा फैसला सुनाउँदै नाता कायम हुने ठहर गरेको थियो। साक्षीले गरेको बकपत्रलाई आधार बनाई उच्चले जिल्लाको फैसला उल्टाएको थियो। उच्चको फैसलाविरुद्ध मोहनले सर्वोच्चमा पुनरावेदनपत्र दर्ता गरेकामा सर्वोच्चले उच्चको फैसला सदर गर्दै महिलाकै पक्षमा फैसला सुनाएको हो।

साक्षीको बकपत्र तथा परिस्थितिजन्य प्रमाणलाई आधार मानेर सर्वोच्चले नाता कायम हुने फैसला गरेको छ। फैसलामा भनिएको छ, 'यी लिखित तथा प्रत्यक्ष प्रमाणका अतिरिक्त वादी-प्रतिवादीबिच लामो समयदेखि प्रेम सम्बन्ध रहेको, पशुपतिनाथ मन्दिरमा विवाह भएको दाबी रहेकामा वादी-प्रतिवादीबिच सँगै खिचेको फोटो रहेको तथा विवाहपश्चात् कीर्तिपुरमा एउटै कोठामा बसेको तथ्य (जुन कुरा प्रमाण ऐन, २०३१ को दफा ७ को खण्ड (ग) अनुसार अदालतले अनुमान गर्न सक्ने) जस्ता परिस्थितिजन्य प्रमाणका परिदृश्यमा पनि वादी-प्रतिवादीबिच विवाह भएको कुरा थप रूपमा स्थापित हुन आएको छ।' पवित्रा तथा मोहनबिचको अंशसम्बन्धी मुद्दामा पनि हजुरबुबा र काकाले दिएको निवेदनमा उनीहरूबिचको सम्बन्धलाई स्वीकार गरेको विषयलाई समेत प्रमाणका रूपमा लिएर फैसला गरेको हो।

महिलाले पशुपतिनाथ मन्दिरमा विवाह गर्दाको तस्बिर पनि प्रमाणका रूपमा पेस गरेकी थिइन्। मोहनले विवाहको फोटो नक्कली भएको र कम्प्युटरबाट बनाएको दाबी गरेका थिए। महिलाले बिहेको फोटोसमेत प्रमाणमा रूपमा पेस गरेकामा मोहनले त्यो सम्पादन गरिएको तस्बिर दाबी गरेपछि अदालतले तस्बिरको राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट परीक्षण गराएको थियो। परीक्षणमा तस्बिर सम्पादन गरिएको-नगरिएकामा यकिन गर्न नसकिएको विशेषज्ञको राय थियो। त्यसलाई फोटो नक्कली नै हो भनेर भन्न नसकिने सर्वोच्चको निष्कर्ष छ।

सानेपामा 'मेलमिलाप'

देउवा समूहका ४५ भन्दा बढी नेता संस्थापनतिर, वडा अधिवेशन उद्घाटन गर्न देउवालाई गगनको प्रस्ताव

● बैठकमा गगनले भने-



अहिलेको समय आरोप-प्रत्यारोप गर्ने होइन, अब हामी एकढिक्का भएर महाधिवेशनको तयारीमा जुट्नुपर्छ। कतिपय साथीहरूले निवर्तमान सभापति शेरबहादुर देउवाले महाधिवेशन उद्घाटन गर्नुपर्छ भन्नुभएको छ, मेरो पनि अनुरोध छ- महाधिवेशन उद्घाटनमा आउनुहोस्। म पूर्वसभापति देउवालाई विशेष अनुरोध गर्न चाहन्छु- हामीसँगै बसेर अधिवेशन गर्ने नपर्ने कुनै कारण छैन। पार्टीको बृहत्तर एकताका लागि मेरो तर्फबाट गर्नुपर्ने सबै कुरा गर्न म तयार छु।



कांग्रेस केन्द्रीय कार्यालय सानेपामा बिहीबार बसेको केन्द्रीय समिति बैठक। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

प्रेम गौतम/नयाँ पत्रिका

विशेष महाधिवेशनलाई चुनौती दिँदै नियमित महाधिवेशनको पक्षमा उभिएका पूर्वसभापति शेरबहादुर देउवा पक्षका झन्डै चार दर्जन केन्द्रीय नेता सानेपा फर्किएर मेलमिलापको सन्देश दिएका छन्। देउवाको साथ छाड्दै ४५ भन्दा बढी नेता सानेपा बैठकमा सहभागी भएका हुन्।

देउवाको विश्वासपात्रका रूपमा चिनिएका डिना उपाध्याय, ज्ञानेन्द्रबहादुर कार्की, इन्द्रबहादुर बानियाँ, मीन विश्वकर्मा, देवेन्द्र कँडेल, ईश्वरी न्यौपाने, रामहरि खतिवडा, नैनसिंह महर, गोविन्द भट्टराई, उमेशजंग रायमाझी, शान्ति परियार, गणेश लामा, राधा घले, सरस्वती अर्याल, भीम पराजुलीलगायत नेता बिहीबार केन्द्रीय समिति बैठकमा सहभागी भएका छन्। विगतमा देउवा पक्षमा रहेका ४५ भन्दा बढी नेता बैठकमा सहभागी रहेको नेता विश्वकर्माले बताए। अधिवेशन सुरु हुँदासम्म देउवा पक्षका ९० प्रतिशत नेता-कार्यकर्ता संस्थापनतिर फर्किने दाबी उनको छ। 'आजको बैठकमा ४५ जनाभन्दा बढी सहभागी हुनुभएको छ। कति नेता आउन सक्नुभएन। अधिवेशन सुरु हुँदासम्म ९० प्रतिशत कार्यकर्ता आउनुहुन्छ। हामी शेरबहादुर दाइ पनि ल्याउने प्रयासमा छौं,' उनले भने।

बैठकमा सहभागी नभए पनि केही नेताले फोन गरेर आफूहरू संस्थापनतिरै भएको बताएको प्रवक्ता देवराज चालिसेले बताए। मीनेन्द्र रिजाल, जीवनबहादुर शाहीलगायत केही नेताले आफू जिल्लामा रहेको भन्दै संस्थापनतिरै रहेको खबर पठाएका थिए। १४औं महाधिवेशनबाट निर्वाचित अधिकांश केन्द्रीय सदस्य एकता प्रक्रिया सहभागी भइसकेको उनले दाबी गरे। 'मीनेन्द्र रिजाललेे मोरङ र जीवनबहादुर शाहीले हुम्लाबाट फोन गर्नुभएको थियो। उहाँहरूले महाधिवेशनमा सहभागी हुन जिल्ला पुगिसकेको बताउनुभएको छ। १४औं महाधिवेशनबाट निर्वाचित अधिकांश केन्द्रीय सदस्य आइसक्नुभएको छ। बाँकी नेताहरू अझै आउने क्रम जारी छ। महाधिवेशनसम्म सबै आउनुहुन्छ भन्ने विश्वास छ,' चालिसेले भने।

बैठकले सबैलाई स्वागत गरेको चालिसेले बताए। 'कोही छुट्दैन, कसैको आवाज दबाइँदैन, केही अन्यथा हुँदैन। कांग्रेस सबैको साझा घर हो, साझा प्रयासले नै हामी उचाइमा पुग्न सक्छौं भन्ने मान्यता बैठकले स्थापित गरेको छ। सबै साथीहरूलाई स्वागत गरेका छौं,' उनले भने।

● देउवा समूह छाडेर सानेपा फर्किएका नेता **मीन विश्वकर्मा** भन्छन्-



आजको बैठकमा ४५ जनाभन्दा बढी सहभागी हुनुभएको छ। कति नेता आउन सक्नुभएन। अधिवेशन सुरु हुँदासम्म ९० प्रतिशत कार्यकर्ता आउनुहुन्छ। हामी शेरबहादुर दाइ पनि ल्याउने प्रयासमा छौं।

निवर्तमान सभापति देउवा, उपसभापति पूर्णबहादुर खड्का, नेता शेखर कोइरालालगायतलाई महाधिवेशनमा ल्याउन अन्तिम समयसम्म प्रयास गर्ने निष्कर्ष कांग्रेसको छ। देउवा पक्ष छाडेर संस्थापनतिर लागेका केन्द्रीय सदस्यहरूसहित पार्टी कार्यालय सानेपामा बिहीबार बसेको केन्द्रीय कार्यसमिति बैठकलाई सम्बोधन गर्दै सभापति गगन थापाले पार्टीको १५औं महाधिवेशनमा सबैलाई समेटेर अघि बढ्न आफू हदैसम्म लचक हुन तयार रहेको बताए। आन्तरिक मतभेदलाई थाती राखेर बृहत्तर हितका लागि आफू लचिलो बन्न तयार रहेको उनले बताए।

१५औं महाधिवेशनलाई एकताको महाधिवेशन बनाउन अन्तिम समयसम्म प्रयास गर्ने पनि उनले बताए। 'यसअघिका तिक्तता र मतभिन्नतालाई बिर्सौं। अबको महाधिवेशनमा सबै साथीहरूलाई समेटेर अघि बढ्नुको विकल्प छैन। यसका लागि सबैले केही न केही लचकता अपनाउनै पर्छ,' थापाले भने, 'कांग्रेस सबैको साझा घर हो। यो पार्टीलाई बलियो र एकताबद्ध बनाउनु हाम्रो दायित्व हो। नेतृत्वले पनि सबै साथीहरूलाई समेट्ने गरी उचित व्यवस्थापन गर्नुपर्छ।'

थापाले निवर्तमान सभापति देउवालाई प्रमुख अतिथिका रूपमा सहभागी भएर वडा उद्घाटन गर्न पनि आह्वान गरे। 'अहिलेको समय आरोप-प्रत्यारोप गर्ने होइन, अब हामीले एकढिक्का भएर महाधिवेशनको तयारीमा जुट्नुपर्छ। कतिपय साथीहरूले निवर्तमान सभापति शेरबहादुर देउवाले महाधिवेशन उद्घाटन गर्नुपर्छ भन्नुभएको छ, मेरो पनि अनुरोध छ- महाधिवेशन उद्घाटनमा आउनुहोस्। म पूर्वसभापति देउवालाई विशेष अनुरोध गर्न चाहन्छु- हामीसँगै बसेर अधिवेशन गर्ने नपर्ने कुनै कारण छैन। पार्टीको बृहत्तर एकताका लागि मेरो तर्फबाट गर्नुपर्ने सबै कुरा गर्न म तयार छु,' उनले भने।

डिनाले गरिन् गगनको प्रशंसा

देउवा समूह छाडेर बिहीबार सानेपा पुगेकी निवर्तमान सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिनाले सभापति थापाको प्रशंसा गर्दै थापाकै नेतृत्वमा कांग्रेसले उचाइ लिने बताएकी छिन्। उनले विनासर्त आफूहरू एकता प्रक्रियामा सहभागी हुनुपर्छ भन्ने पक्षमा पहिलेदेखि नै रहेको र अन्य सबैलाई सहभागी गराउन निरन्तर पहल गरेको दाबी गरिन्। उनले पार्टीलाई एकताबद्ध बनाउन सभापति थापाले खेलेको भूमिका अत्यन्त सकारात्मक रहेको बताइन्।

'पार्टीलाई एकताबद्ध बनाउन सभापतिले खेल्नुभएको भूमिका अत्यन्त सकारात्मक छ। अधिकांश कार्यकर्ता फर्किएको अवस्थामा १५औं महाधिवेशन एकताको महाधिवेशन बन्दै छ। पूर्वसभापति देउवालाई पनि १५औं महाधिवेशनमा उपस्थित हुने वातावरण बनाऔं,' उपाध्यायले भनेकी छिन्। एकताबद्ध भएपै देशको समस्या समाधान गर्न कांग्रेस लाग्नुपर्नेमा उनले जोड दिइन्।

देउवा पक्ष समानान्तर महाधिवेशनको अडानमा

देउवा पक्ष भने कानुनी र राजनीतिक विषय थाती राखेर समस्याको समाधान नहुने भन्दै छुट्टै महाधिवेशन गर्ने अडानमा छ। व्यक्ति को कता गयो भन्नेभन्दा मुद्दा के हो भन्ने विषय मुख्य भएको देउवा पक्ष नेताहरू बताउँछन्। 'अदालतमा आधिकारिकता विवाद विचाराधीन अवस्थामा रहेको र एक पक्षले महाधिवेशन अघि बढाएको अवस्थामा अर्को पक्ष चुप बस्ने कुरा आउँदैन। हामी १५औं महाधिवेशन गर्दै छौं,' देउवा पक्षकाका नेता दीपक कुइँकेलल भने, 'को कता गयोभन्दा पनि मूल मुद्दा के हो भन्ने कुरा हेर्नुपर्छ।'

■ सानेपा-चुनदेवी मिलाउने प्रयासमा खड्का र कोइराला



पूर्णबहादुर खड्का



शेखर कोइराला

निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले अधिवेशन केही समय स्थगित गरी निर्णायक वार्ता र संवाद गर्न सभापति गगन थापालाई आग्रह गरेका छन्। बिहीबार सामाजिक सञ्जाल फेसबुकमार्फत खड्काले १५औं महाधिवेशनको कार्यतालिका स्थगन गरी केही समय सारेर बृहत् एकताको पहल गर्न आग्रह गरेका हुन्। उनले पार्टीको सम्पूर्ण एकता अझै सम्भव रहेको पनि बताएका छन्। 'असोज ३ गतेदेखि प्रारम्भ गर्ने गरी घोषणा गरेको १५औं अधिवेशनको कार्यतालिका स्थगन गरी केही समयका लागि सार्नुस्। तपाईंले पार्टीमा आज गर्नुभएको निर्णयको जगमा पार्टीको १४औं महाधिवेशनबाट निर्वाचित सभापति शीर्ष नेता शेरबहादुर देउवाज्यू अनि अग्रज नेताहरूसँग आफ्नै अग्रसरतामा वार्ता र संवाद तत्काल प्रारम्भ गर्नुस्, मलाई आत्मविश्वास छ, पार्टीको सम्पूर्ण एकता अझै सम्भव छ,' खड्काले भनेका छन्।

दुई महाधिवेशन भए पार्टी विभाजनमा जाने उनको चिन्ता छ। उनले अहिलेको निर्णय गत वैशाखमा गरेको भए सबैमा ठुलो उत्साह, हौसला र पार्टी निर्माणका लागि ठुलो ऊर्जा सिर्जना हुने दाबी पनि गरेका छन्। 'तपाईं आज जुन निर्णयमा पुग्नुभयो, त्यो निर्णय वैशाख २१ का हामीबिच भएको संवादपछि त्यही महिनामा निर्णय गर्नुभएको भए जेठको पहिलो साताभित्र सिंगो कांग्रेस तपाईंको नेतृत्वमा सानेपा पार्टी केन्द्रीय कार्यालयमा सम्पूर्ण रूपमा एकताबद्ध भएर जुरुक्क उभिन्थ्यो, देशभरि मात्र होइन, संसारभरि रहनुभएका कांग्रेसका नेता, सदस्य, शुभचिन्तक सबैमा कति ठुलो उत्साह, हौसला र पार्टी निर्माणका लागि कति ठुलो ऊर्जा सिर्जना हुन्थ्यो होला ?' खड्काले भनेका छन्, 'गम्भीर रूपमा आत्मसमीक्षा गर्दै एकपटक पुनः घोत्लिनुस्। समय बलवान् हुन्छ, पुनः कठोर संकल्प गर्नुस्।' उनले महाधिवेशन कार्यतालिका सार्न कानुन, अदालतको निर्णय र पार्टी विधानले कुनै समस्या नपार्ने पनि बताएका छन्।

कांग्रेस नेता शेखर कोइरालाले राष्ट्रियता र लोकतान्त्रिक आन्दोलनमा आघात पार्ने भन्दै आसन्न दुवै महाधिवेशन रोकेर मध्यमार्गी र विवेकपूर्ण समझदारीको बाटो खोज्न आग्रह गरेका छन्। 'मेरो पीडा कांग्रेसको आसन्न घोषित दुई महाधिवेशनबाट यो देशको राष्ट्रियता र लोकतान्त्रिक आन्दोलनमा पर्ने आघात हो। यो रोकौं, एउटा मध्यमार्गी र विवेकपूर्ण समझदारीको बाटो खोजौं। मेरो प्रयत्न विगतमा पनि र अहिले पनि यसैमा केन्द्रित छ र रहनेछ,' उनले बिहीबार अपिल जारी गर्दै भनेका छन्, 'हामी जो आफूलाई कांग्रेस भन्छौं र कांग्रेस हुनुमा गौरव पनि अनुभव गर्छौं किमार्थ पनि मानसिक रूपमा यति कमजोर र निरीह नहुनुपर्ने हो, जति आज छौं। हामीले विरासतमा पाएको कांग्रेस क्यानभास चमकदार मात्र थिएन, अजेय पनि थियो। दुःखका साथ भन्नुपर्छ, आज हामी न अजेय छौं, न विजय नै छौं। हामी विभाजित, विघटनकारी र समुद्रमा गन्तव्य हराएको माझीझैं भएका छौं।'

अख्तियारमा झन्डै ४१ हजार उजुरी, ५०% स्थानीय तहका



● अख्तियार प्रवक्ता **सुरेश न्यौपाने** भन्छन्- आयोगमा स्थानीय तहसम्बन्धीका उजुरी सर्वाधिक छन्। अधिकार, गतिविधि, ठुलो स्रोत र आमनागरिक धेरै जोडिने भएका स्थानीय तहका उजुरी पनि धेरै आएको देखियो।

सुवास भट्ट/नयाँ पत्रिका

गत आर्थिक वर्षमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा करिब ४१ हजार उजुरी कायम भएकामा आधाभन्दा बढी स्थानीय तहका देखिएका छन्। आयोगका अनुसार स्थानीय तहसम्बन्धीका भ्रष्टाचारका उजुरी सर्वाधिक देखिएका छन्।

आयोगले गत आर्थिक वर्ष ०८२/८३ का गतिविधि समेटिएको ३६औं वार्षिक प्रतिवेदन बिहीबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पेस गरेको छ। वार्षिक प्रतिवेदनमा समेटिएका मुख्य विषयवस्तु समेटेर अख्तियारले सार्वजनिक गरेको विज्ञप्तिअनुसार गत आर्थिक वर्षमा ३३ हजार ५१९ नयाँ दर्ता र अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका सात हजार ३२३ सहित कुल ४० हजार ८४२ उजुरी कायम भएका थिए।

आयोगका अनुसार गत आवका कुल उजुरीमध्ये स्थानीय तहसम्बन्धीका उजुरी २० हजार २५ वटा छन्। यो कुल उजुरी संख्याको ४९.३ प्रतिशत हिस्सा हो। त्यस्तै, संघसम्बन्धी १५ हजार ५१२ अर्थात् ३७.९८ प्रतिशत र प्रदेशसम्बन्धी पाँच हजार ३०५ अर्थात् १२.९९ प्रतिशत छन्। 'आयोगमा स्थानीय तहसम्बन्धीका उजुरी सर्वाधिक छन्,' आयोगका प्रवक्ता सुरेश न्यौपानेले भने, 'अधिकार, गतिविधि, ठुलो स्रोत र आमनागरिक धेरै जोडिने भएका स्थानीय तहका उजुरी पनि धेरै आएको देखियो।'

९९० प्रतिवादी सवा २५ अर्ब बिगो

संघतर्फको उजुरी पनि स्थानीय तहसहित संघीय मामिला हेर्ने विषय क्षेत्र भएको भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित बढी छन्। उक्त मन्त्रालयसँग सम्बन्धित तीन हजार ३६ उजुरी गत आवमा परेका थिए। त्यस्तै, शिक्षा तथा खेलकुद मन्त्रालयको एक हजार ९८३, गृह मन्त्रालयको एक हजार ७५७ र पूर्वाधार विकास मन्त्रालयसम्बन्धी एक हजार ९५ उजुरी परेका थिए।

गत आवमा प्रदेश सरकारतर्फ परेका उजुरीमध्ये सबैभन्दा बढी उजुरी मधेश प्रदेशसँग सम्बन्धित देखिएका छन्। मधेश प्रदेशसँग सम्बन्धित उजुरी एक हजार ४७५ छन्। यो कुल उजुरीको २७.८० प्रतिशत हिस्सा हो। त्यस्तै, सबैभन्दा कम उजुरी गण्डकी प्रदेशसम्बद्ध छन्। गण्डकी प्रदेशका ४०७ उजुरी परेका छन्।

स्थानीय तहअन्तर्गत पनि मधेश प्रदेशका स्थानीय तहसम्बन्धीका उजुरी सबैभन्दा बढी अर्थात् सात हजार ३७० छन्। यो स्थानीय तहसम्बद्ध उजुरीको ३६.८० प्रतिशत हो। गण्डकी प्रदेशका स्थानीय तहका उजुरी एक हजार ४०६ अर्थात् ७.०२ प्रतिशत छ। स्थानीय तहमध्ये सबैभन्दा बढी उजुरी काठमाडौं महानगरपालिकाका छन्। काठमाडौं महानगरसम्बन्धी ४४१ उजुरी गत आवमा परेका थिए।

संघीय मामिला क्षेत्रसम्बद्ध उजुरीको संख्या १४ हजार ४३९ छन्। शिक्षा क्षेत्रको १४.६७, गैरकानुनी सम्पत्ति आर्जनको ७.०८, भूमि प्रशासनको ६.७७, गृह प्रशासनको ४.५०, वन तथा वातावरणको ४.०७, भौतिक पूर्वाधार तथा यातायातको ३.७६ र स्वास्थ्यको ३.६४ प्रतिशत छ।

गत आवमा प्राप्त कुल उजुरीमध्ये स्क्रिनिङ तथा प्रारम्भिक छानबिनबाट ३२ हजार ८२३ उजुरी फर्स्योट भएको तथ्यांक अख्तियारको छ। यो कुल उजुरी संख्याको ८०.३७ प्रतिशत हुन आउँछ। फर्स्योट हुन बाँकी आठ हजार १९ उजुरी चालू आवमा जिम्मेवारी सारिएको छ।

एक क्विन्टल गाँजा बरामद भएको एम्बुलेन्स 'माँ सहयोगी संस्था'को

लहान/ पूर्व-पश्चिम हुलाकी सडकअन्तर्गत सिराहा नगरपालिका- १ बाट एक क्विन्टलभन्दा बढी गाँजा बरामद भएको एम्बुलेन्स धनुषाको सामाजिक संस्थाको रहेको खुलेको छ। चालक फरार भएपछि एक क्विन्टल पाँच किलो गाँजा बरामद भएको एम्बुलेन्स धनुषाको नगराइन नगरपालिका देवाडिहास्थित सामाजिक संस्था 'माँ सहयोगी संस्था'को रहेको खुलेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिराहाका प्रमुख प्रहरी उपरीक्षक वासुदेव पाठकका अनुसार चोहर्वा-सिराहा सहायक सडकअन्तर्गत नेपाल प्रहरीको विष्णुपुर, गुलरिया र जिल्ला प्रहरी कार्यालयअगाडिको ब्यारिकेड तोडेर भागेको ज.१च १२१३ नम्बरको एम्बुलेन्स समाजिक संस्थाको रहेको खुलेकाले धनुषा प्रहरीसँग समन्वय गरी संस्थाका आधिकारिक प्रतिनिधि झिकाएर एम्बुलेन्ससम्बन्धी कागजात पेस गर्न भनिएको छ। 'संस्थाका प्रतिनिधिले बुझाएको एम्बुलेन्ससम्बन्धी कागजात अध्ययनपछि मात्र निर्णय गर्न सकिन्छ,' उनले भने।

पाठकका अनुसार मंगलबार राति प्रहरीको ब्यारिकेड तोडेर भागेको एम्बुलेन्सको पिछा गर्दै जानेक्रममा करिब ८ बजेतिर पूर्व-पश्चिम लोकमार्गमा पर्ने शिवचोकनजिक एम्बुलेन्स रोकेर अँध्यारोमा चालक धानखेततिर भागेपछि प्रहरीले एम्बुलेन्स खानतलासी गर्दा पाँचवटा जुटको बोरामा प्याक गरिएको गाँजा बरामद भएको हो।

नौ लाख घुससहित डिल्लीबजारका नापी अधिकृत रंगेहात पक्राउ

काठमाडौं/ डिल्लीबजार नापी कार्यालयका नापी अधिकृत डिल्लीबहादुर वली नौ लाख रुपैयाँ घुससहित रंगेहात पक्राउ परेका छन्। अख्तियार टोलीले उनलाई बुधबार रंगेहात पक्राउ गरेको हो। नापी कार्यालय डिल्लीबजार ३ नम्बर नापी टोली माछापोखरी काठमाडौंका टोली प्रमुख नापी अधिकृत वलीले छुट जग्गा दर्ता सिफारिससहितको मिसिलपत्र मनमैंजु भूमि प्रशासन कार्यालयमा पठाउन अनावश्यक दुःख दिएर घुस मागेको सूचनापछि अख्तियारको टोलीले उनलाई पक्राउ गरेको हो। अख्तियारको केन्द्रीय कार्यालय टंगालबाट खटिएको टोलीले वलीलाई नौ लाख रुपैयाँ घुस लिइसकेको अवस्थामा रकमसहित वसुन्धारा चोकस्थित एक रेस्टुराँबाट पक्राउ गरेको थियो। अदालतबाट म्याद थप गरेर उनीविरुद्ध छानबिन जारी रहेको अख्तियारले जनाएको छ।

बागमती प्रदेशमा ओएन्डएम सर्वेक्षणको खाका स्वीकृत, १३४ दरबन्दी घट्ने



मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सरकारले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमातहत अघि बढाएको संगठन तथा व्यवस्थापन (ओएन्डएम) सर्वेक्षणको प्रारम्भिक खाका स्वीकृत गरेको छ। प्रस्तावित संरचनाअनुसार प्रदेशमातहतका कार्यालयको संख्या १८० कायम प्रस्ताव गरिएको छ। हाल कायम चार हजार ८१४ दरबन्दी घटाएर चार हजार ६८० बनाइएको छ।

प्रदेश सरकारका प्रवक्ता एवं भौतिक पूर्वाधार विकासमन्त्री भरतबहादुर केसीले मन्त्रिपरिषद् बैठकले ओएन्डएम सर्वेक्षणअन्तर्गत प्रस्तावित संरचनाको खाका स्वीकृत गरेको जानकारी दिए। 'अहिले प्रदेशमा मौजुदा दरबन्दी चार हजार ८१४ छ। प्रस्तावित संरचनामा चार हजार ६८० कायम गरिएको छ,' उनले भने, 'यसअनुसार १३४ दरबन्दी घट्नेछ। प्रदेशमातहतका कार्यालयको संख्या १८० कायम गर्ने प्रस्ताव पनि स्वीकृत भएको छ।'

प्रदेश सरकारको प्रशासनिक संरचना र जनशक्ति व्यवस्थापनलाई पुनरवलोकन गर्ने क्रममा ओएन्डएम सर्वेक्षण अघि बढाइएको उनको भनाइ छ। स्वीकृत खाकाअनुसार प्रदेशका कार्यालय तथा जनशक्तिको संरचनामा पुनर्संयोजन हुने मन्त्री केसीले बताए। मन्त्रिपरिषद् बैठकले बागमती प्रदेश समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका लागि २४ अस्थायी दरबन्दीसमेत स्वीकृत गरेको छ। सदस्यसचिवदेखि कार्यालय सहयोगीसम्म गरी २४ जनाको अस्थायी दरबन्दी स्वीकृत गरिएको प्रवक्ता केसीले बताए।

'समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका लागि सदस्यसचिवदेखि कार्यालय सहयोगीसम्म जम्मा २४ जनाको अस्थायी दरबन्दी स्वीकृत भएको छ,' उनले भने, 'समितिको काम सकिएपछि ती पद स्वतः समाप्त हुने गरी व्यवस्था गरिएको छ।'

यस्तै, बैठकले खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयमातहतका विभिन्न खानेपानी तथा सरसफाइ डिभिजनमा ९० अस्थायी दरबन्दी स्वीकृत गरेको छ। खानेपानी सहायक, पम्प अपरेटर, सहायक पम्प अपरेटर, हलुका सवारीचालक, कार्यालय सहयोगी, महिला कार्यकर्ता तथा अन्य प्राविधिक र सहयोगी पद गरी ९० दरबन्दी स्वीकृत गरिएको प्रवक्ता केसीले जानकारी दिए। उनका अनुसार ती पदमा विगतदेखि नै अस्थायी रूपमा कार्यरत जनशक्तिको व्यवस्थापनका लागि दरबन्दी स्वीकृत गरिएको हो। यसैगरी, बैठकले प्रदेश वन सेवा केन्द्रका प्रमुख निरञ्जन श्रेष्ठको राजीनामा स्वीकृत गरेको छ। एघारौं तहका श्रेष्ठले दिएको राजीनामा मन्त्रिपरिषद्ले स्वीकृत गरेको प्रवक्ता केसीले बताए।

Government of Nepal
Ministry of Home Affairs
Department of Immigration
Kalikashthan, Kathmandu

Public Notice

The Immigration Act, 1992, Immigration Rules, 1994, and Immigration Procedure, 2008 exist to regulate the departure and arrival of Nepalese citizens traveling abroad for various purposes. In addition to these legal provisions, efforts have been made at various times to streamline departure on visit visas by revising procedures, formulating standards, and issuing circulars. Most recently, effective from January 24, 2024, a decision at the level of the Honorable Deputy Prime Minister and Minister for Home Affairs amended the Immigration Procedure, 2008, establishing 6-point criteria that citizens must fulfill when departing abroad on a visit visa.

However, acknowledging the reality that the departure of Nepalese citizens on visit visas has not been as free from controversy as expected, and that complaints persist regarding how measures and standards created to ensure citizen safety have in some cases caused harassment to citizens and served as drivers of irregularities, the immigration administration has been continuously advancing reform efforts starting from this very point.

In this context, the High-Level Study and Investigation Committee on Solving Problems Observed in Immigration and Visit Visas (2082) recommended reviewing the currently implemented 6-point criteria. This recommendation aims to guarantee citizens' fundamental rights and individual human rights—including the freedom of movement guaranteed by the Constitution of Nepal—discourage interest group manipulations, control illicit activities conducted under the guise of visit visas and promote good governance and professionalism within the immigration administration.

Accordingly, by the Ministerial-level decision of the Ministry of Home Affairs, Government of Nepal, dated October 30, 2025, the 6-point criteria as well as previously issued visit visa provisions have been repealed. It is hereby notified for public information that departure permission will now be granted upon presenting the following documents when departing on a visit visa. As this arrangement comes into effect as of today, all Nepalese citizens are requested to travel with confidence, being fully informed about their destination and journey without being influenced by any middlemen. Furthermore, all local levels and District Administration Offices are requested to assist in disseminating this notice and keeping all citizens informed.

Required Documents:

1. A passport valid for at least 6 months.
2. A visa for the destination country (or no visa required if traveling to a country that offers On-Arrival Visas).
3. An air ticket to the departure destination.
4. A self-declaration submitted by the traveler stating that they are traveling for visit purposes, possess the necessary documents for the trip, and assume full personal responsibility for any consequences arising therefrom

बाढीपश्चात्का संकट र समाधानका उपाय

जलवायु परिवर्तनमा भूमिका नै नभएको नेपाल त्यसैको प्रभावबाट सबैभन्दा बढी प्रभावित हुनु गम्भीर अन्याय हो



● सुशील विके

अग्रलेख

भोटेकोशी र त्रिशूलीमा आएको बाढीले सिंगो देश स्तब्ध भएको छ। विनाशकारी बाढीले रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा भएको जनधनको क्षति शब्दमा व्यक्त गर्न कठिन छ। नदीकिनाराका अधिकांश बस्ती बाढीले बगाएको छ। १४ सयभन्दा बढीको ज्यान गएको छ भने हजारौँ मानिस बेपत्ता छन्। भौतिक क्षति पनि अकल्पनीय भएको छ। सरकारले बाढी प्रभावित पालिकालाई संकटग्रस्त क्षेत्र घोषणा गरेको छ। अहिले सरकारी र गैरसरकारी क्षेत्रले संकटग्रस्त क्षेत्रमा विपत् प्रतिकार्य तथा मानवीय सहायताका काम गरिरहेका छन्। यो महाविपत्तिमा प्रतिकार्य तथा मानवीय सहायतालाई पीडितमैत्री, व्यवस्थित, प्रभावकारी तथा मानव अधिकारमैत्री र लैंगिकमैत्री बनाउन अनिवार्य छ।

अकल्पनीय क्षति, शोकमा राष्ट्र : अहिले सार्वजनिक भएको क्षति विवरण प्रारम्भिक भएको हुँदा वास्तविक क्षति अझ बढी हुने देखिन्छ। कतिपय सञ्चार मध्यमले करिब १० हजार मानिस बेपत्ता भएको जनाएका छन्। नदीकिनाराका बस्ती नै बगाएको हुनाले त्यस क्षेत्रका मानिस, पर्यटक, तीर्थयात्री, जलविद्युत्मा काम गर्ने कर्मचारी, सरकारी कर्मचारी, नाकामा रहेका कन्टेनरका मजदुर र अन्य कामदारसमेत जोड्दा यो संख्या ठुलो हुने देखिन्छ। कति परिवार नै रित्तिएका छन् भने कति घाइते भएका छन्।


नदीकिनाराका घर र पूरै बस्ती नै बगाएको हुनाले ती संरचनासहित साथमा भएका खाद्यान्न, नगद, जिन्सी सामान, लत्ताकपडा, सुनचाँदी सबै बगेका छन्। प्रभावित क्षेत्रका नागरिकको खेतीपाती र व्यवसाय नष्ट भएको छ। पशु चौपायाको पनि अत्यन्त ठुलो क्षति भएको छ। यसका साथै त्यस क्षेत्रका सरकारी कार्यालय, स्कुल, खानेपानी, सञ्चार, विद्युत्, सडक र पुल आदि सबै संरचना नष्ट भएका छन्। यसबाट राष्ट्रिय अर्थतन्त्रमै गम्भीर धक्का लागेको छ। यो तहको मानवीय र भौतिक क्षतिले देश र समाजका लागि राष्ट्रिय संकट निम्तिएको छ।

यो विपत्ले कति परिवार छिन्नभिन्न भए, कति परिवारले सदस्य गुमाए भने कति बालबालिका अभिभावकविहीन भए लेखाजोखा छैन। पीडितले अहिले आश्रयस्थल, पोसिलो खाना, स्वच्छ खानेपानी, शौचालय, लगाउने कपडा, ओढ्ने-ओछ्याउने कपडा, बिरामीले औषधोपचार, महिलाका लागि स्यानिटरी प्याड, बिजुलीजस्ता आधारभूत आवश्यकता पाउन सकेका छैनन्। एकातिर यहाँका सडक संरचना नष्ट हुँदा राहत वितरणमा समस्या भएको छ भने अर्कातिर आपूर्ति प्रभावित हुँदा महँगी तथा कालोबजारी बढ्ने अवस्था देखिएको छ। यी सबै तथ्यले बाढी प्रभावित क्षेत्रमा गम्भीर प्रकृतिको मानवीय संकट पैदा भएको छ।

सबैभन्दा गम्भीर र पीडादायी विषय त सुरुङमा फसेका नागरिकको खोज र उद्धार बनेको छ। त्यसो त बेपत्ता भएका अन्य नागरिकको पनि खोजी हुन सकेको छैन। यस्तो गम्भीर अवस्थामा सिंगो राष्ट्र एक भएर विपत्को सामना गर्नुपर्ने आवश्यकता छ। खोज, उद्धार, घाइतेको उपाचार, शव व्यवस्थापन, राहत वितरण, स्वास्थ्योपचार तथा सरसफाइ, खाद्यान्नको व्यवस्था, अस्थायी आवास, सञ्चार तथा विद्युत्को व्यवस्था गर्नेजस्ता तत्कालीन काम र क्षतिको सम्पूर्ण विवरण संकलन गरी पुनर्निर्माणका काममा एकताबद्ध भएर लाग्नुपर्ने आवश्यकता छ।

बाढी प्रभावित क्षेत्रमा देखिएका समस्या : बाढीको सुरुवात भएको हिमाली क्षेत्रको पहिरो अहिले पनि अस्थिर हुँदा त्यसले प्रभावित मानिससँगै उद्धारकर्तालाई पनि कठिनाइ भएको छ। मूलतः सुरुङभित्र फसेका नागरिकको उद्धार दक्ष जनशक्ति र प्रविधिको अभाव तथा अन्तर्राष्ट्रिय सहयोग लिन गरिएको ढिलाइले चुनौतीपूर्ण बनेको छ। बाढीले बगाएका पशुचौपायाको उचित व्यवस्थापन नहुँदा दुर्गन्ध फैलिएको र महामारी फैलिने सम्भावना पनि देखिएको छ। खानेपानी प्रणाली भत्केको हुँदा पानीजन्य रोग, शौचालयको अभावमा सरसफाइको कठिनाइ आदिले गम्भीर स्वास्थ्य संकट आउन सक्ने देखिन्छ। बिजुलीको अभाव छ। सडक यातायात टुटेको छ। यसले समग्र जनजीवन र विपत् प्रतिकार्य नै प्रभावित बनेको छ। यस्तो गम्भीर अवस्थामा संघीय, प्रदेश र स्थानीय सरकारबिच समन्वयको अभाव देखिएको छ।

संसारभरका अध्ययन र अभ्यासले भन्छन् कि विपत् तथा महामारी सबैलाई समान रूपमा आए पनि यसको सहन गर्ने र सामना गर्ने क्षमता हरेक नागरिक र समुदायमा फरक हुन्छ। राज्यका नीतिगत र संरचनागत विभेद र वञ्चितीकरणका कारण राज्यको मूल प्रवाहबाट बाहिर रहेका, आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक रूपमा पछि परेका र राज्यमा पहुँच नभएका नागरिक निकै जोखिममा रहेका हुन्छन्। मूलतः महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित, गरिब समुदाय अति संकटमा हुन्छन्। आर्थिक स्रोतसाधन र अन्य वैकल्पिक स्रोतको अभाव र कमजोर पहुँचका कारण यी समुदाय निकै प्रभावित हुन्छन्। यी समुदायमाथि विपत्का वेला शारीरिक तथा मानसिक हिंसा हुने, विभेद हुने, महिला र बालबालिकाको बेचबिखन हुनेजस्ता जोखिम रहन्छन्। यसैले, राज्यसंरचनाले यी समुदायलाई उच्च प्राथमिकतामा राखी मानवीय सहायताका काम अगाडि बढाउनुपर्ने देखिन्छ। मूलतः जोखिममा रहेका नागरिकका लागि



विपत्मा काम गर्ने कार्यविधि निर्माण गरी सोहीअनुसार काम गरिनुपर्छ। संकटका वेला सबैभन्दा बढी मानवीय संवेदना देखाउनुपर्ने वेलामा नेपालीहरू मौकाको फाइदा उठाउने गर्छन्। महँगी बढाउने, कालोबजारी गर्ने र बजारमा एक हिसाबले लुट मच्चाउने काम हुने गरेको छ। यसपटक पनि यस्ता संकेत देखिएका छन्। राष्ट्र नै संकटमा रहेको यस घडीमा सबै संवेदनशील बनेर यी समस्यासँग जुध्नुपर्छ।

समयमा उद्धारमा चुकेको सरकार : विपत्मा नागरिकको जिउ बचाउने विषय मुख्य हो। तर, यो विपत्मा सरकारले उद्धारमा गम्भीर लापारबाही गरेको बेपत्ता नागरिकका परिवारको आरोप छ। हुन पनि खोज र उद्धारमा सहयोग गर्न चाहने देशलाई नेपालले तुरुन्तै स्वीकृति दिएर परिचालन गर्नुपर्थ्यो। समयमै जलविद्युत् आयोजनाका सुरुङमा विज्ञ प्राविधिक परिचालन गर्ने, नदीकिनारमा पुरिएका स्थानमा खोज गर्ने काममा अन्तर्राष्ट्रिय विज्ञ परिचालन गर्नेजस्ता कार्यलाई प्राथमिकता दिइएको भए सायद धेरै मानिसलाई बचाउन सकिन्थ्यो। तर, सरकारले संसारमै यस्तो विपत्मा काम गर्ने विज्ञ र प्रविधि नभएको भन्दै विदेशी विज्ञलाई रोक्दा ठुलो क्षति भएको छ। विदेशी मात्र होइन, स्वदेशकै विज्ञलाई समेत परिचालन गर्न पनि सरकारले समयमै निर्णय गरेन। अहिले अन्तर्राष्ट्रिय विज्ञको सहयोग र समन्वयमा काम सुरु भए पनि धेरै ढिलो भइसकेको छ।

> हाम्रो समाजको विविधतालाई सम्बोधन गर्दै कुनै विभेद, पक्षधरता र राजनीतीकरण नहुने गरी पारदर्शी, मानव अधिकारमैत्री र लैंगिकमैत्री रूपमा राहत वितरण, पुनर्निर्माण या पुनर्वासलगायत प्रतिकार्य अघि बढाइनुपर्छ

समन्वय र नागरिक परिचालनको रोडम्याप : नागरिकको जीवनरक्षा नै सबैभन्दा ठुलो विषय हो। यसलाई केन्द्रमा राखेर बेपत्ताको खोज, उद्धार गर्नुका साथै बाढीबाट बाँचेकाहरूको जीवनरक्षाका लागि प्रभावकारी रूपमा काम गर्नुपर्छ। यसका साथै अस्थायी आवास, पुनर्वासदेखि पुनर्निर्माणका कामसमेत सम्पन्न गर्न तीन तहका सरकार, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय निकाय र स्वयंसेवक परिचालन गर्न सरकारले ढिलै भए पनि 'रोडम्याप' तयार गरी काम गर्नुपर्छ।

पीडितका लागि तत्काल गर्नुपर्ने काम : विपत् प्रतिकार्य र मानवीय सहयोगलाई लैंगिकमैत्री, अपांगतामैत्री अर्थात् मानव अधिकारमैत्री बनाउन सरकार चनाखो हुनुपर्छ। महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, गरिब तथा दलितलाई केन्द्रमा राखेर काम गरिनुपर्छ। सबैभन्दा बढी प्रभावित पीडित पहिचान गरी राहत वितरण गर्ने, विपत् प्रतिकार्य तथा मानवीय सहायतालाई विभेदमुक्त बनाई सबैको पहुँच पुऱ्याउनुपर्छ।

अफवाह फैलाउने र मानसिक रूपमा आघात पुऱ्याउने सूचना सामग्रीलाई रोक्ने, महिला तथा बालबालिकामाथि हुन सक्ने विभेद, हिंसा र बेचबिखनलाई रोक्न कडा कदम चालिनुपर्छ। बाढीले मानसिक आघात पुगेका व्यक्ति र बालबालिकालाई मनोसामाजिक परामर्श दिनुपर्छ। क्षतिको विवरण संकलनलाई तटस्थ र पारदर्शी बनाउनुपर्छ। होल्डङ सेन्टरमा राखिएका पीडितलाई अस्थायी आवासको व्यवस्थासँगै पुनर्निर्माणको तयारीमा सरकारले ध्यान दिनुपर्ने देखिन्छ। यी सबै काममा सीमान्तकृत समुदायलाई प्राथमिकता दिनु आवश्यक छ।

पूर्वतयारी सूचना आदानप्रदानको रोडम्याप : यो महाविपत्तिबाट पाठ सिक्दै पूर्वतयारीमा सरकारले विशेष योजना बनाउनुपर्छ। हिमाली क्षेत्र जोडिएका देशबिच विपत्मा दीर्घकालीन रूपमा काम गर्ने रणनीति तयार गर्नुपर्छ। हिमाली क्षेत्रमा भएका परिवर्तन र जलवायु परिवर्तनका असरबारे अध्ययन गर्ने, विश्लेषण गर्ने, सूचना आदानप्रदान गर्ने र आवश्यक पूर्वतयारी गर्ने गरी आवश्यक संयन्त्र गठन गरेर विपत् पूर्वतयारीमा काम गर्नु अनिवार्य छ।

जलवायु न्यायको लडाइँ/अधिकार : जलवायु परिवर्तनमा आफ्नो कुनै भूमिका नभए पनि नेपालले बारम्बार जलवायुजन्य विपत्बाट ठुलो क्षति व्यहोर्दै आएको छ। विश्वव्यापी बढेको तापक्रमले नेपालका हिमाल प्रभावित भइरहेका छन्। हिमालसँग जोडिएका दर्जनौँ विपत्मध्ये अहिलेको रसुवाबाढी सबैभन्दा ठुलो विपत्का रूपमा देखिएको छ। यसले पुऱ्याएको जनधनको क्षति तथा पुनर्लाभ र पुनर्निर्माणमा हुने खर्च असामान्य र नेपालको काबुबाहिरको विषय हो। जलवायु परिवर्तनमा भूमिका नै नभएको नेपाल सबैभन्दा बढी प्रभावित हुनु न्यायोचित हुनै सक्दैन। यसैले, जलवायुजन्य विपत्बाट हुने क्षतिको क्षतिपूर्ति नेपालको अधिकार भएको दाबीसहित नेपालले अन्तर्राष्ट्रियस्तरमा लडाइँ सुरु गर्नुपर्छ। देश र जनताको जीवनरक्षाका लागि सरकार र नागरिक समाजले सम्झौताहीन लडाइँ लड्नुको विकल्प छैन।

मानव अधिकारमैत्री अनुगमन : विपत् प्रतिकार्यका लागि सरकारका नीति र निर्णय कार्यान्वयनको अवस्था, खोज, उद्धार र राहतवितरणको मानव अधिकारमैत्री अनुगमन गरिनुपर्छ। आवश्यकता पहिचान कसरी गरियो ? राहत वितरण गर्दा महिला, बालबालिका, अपांगता भएका व्यक्ति, गरिब, दलितलाई प्राथमिकतामा राखियो कि राखिएन ? यी समुदायमाथि विभेद, हिंसा र वञ्चितीकरण भयो कि भएन ? पीडितका गुनासा सुनुवाइ भयो कि भएन ? क्षति विवरण संकलन कसरी भयो भन्ने विषयमा मानव अधिकार आयोगले बनाएको निर्देशिकामा आधारित भएर अनुगमन गर्नुपर्छ।

नाकाबन्दी, भूकम्प, बाढीपहिरो, कोरोनाको समयमा बढेको महँगी र कालोबजारी, महिला, बालबालिका र दलित समुदायमाथि भएका विभेद र हिंसा, महिला र बालिका बेचबिखनमा पर्ने गरेको पृष्ठभूमिमा मानव अधिकारका दृष्टिकोणबाट अनुगमन गरिनुपर्छ। यस्ता अनुगमनले सरकारका समग्र काम पीडितमैत्री, मानव अधिकारमैत्री नभएको भए सच्याउन सहयोग पुग्छ।

अन्त्यमा हाम्रो समाजका विविधतालाई सम्बोधन गर्दै कुनै विभेद, पक्षधरता र राजनीतीकरण नहुने गरी पारदर्शी, मानव अधिकारमैत्री र लैंगिकमैत्री रूपमा राहत वितरणलगायत प्रतिकार्य हुनु जरुरी छ। यस्ता विपत्मा हुन सक्ने विभेद, महिला तथा बालबालिकामाथिको हिंसा र बेचबिखन रोक्न पनि सरकारले विशेष पहल गर्न आवश्यक छ। विगतमा सिंगो देश एक भएर ठुल्ठुला विपत् र संकटको सामना गरेको नेपाली विशेषताको अनुभवका आधारमा यो महाविपत्तिलाई पनि पीडितमैत्री बनाएर सामना गर्न सक्नुपर्छ।

३ प्रश्न

राजनीतिक विश्लेषक **दीपेश घिमिरे**लाई



एमाले नेतृत्वमा पुस्तान्तरण र रूपान्तरणको सम्भावना कति देखिन्छ ?

तत्कालका लागि एमालेमा झिनो रूपान्तरण त हुन सक्ला, तर नेतृत्वमा पुस्तान्तरण भने हुने अवस्था देखिन्न। चितवन महाधिवेशनमा प्रतिस्पर्धालाई पूर्णतः निषेध गरियो र दोस्रो, तेस्रो तहका पदाधिकारी र केन्द्रीय सदस्यहरू सबै टीके प्रणालीबाट चुनिए। त्यसयता गत निर्वाचनअघिको महाधिवेशनबाट तेस्रो कार्यकालका लागि केपी शर्मा ओलीलाई अध्यक्ष पदमा ल्याउँदा पनि चरम गुटबन्दी देखियो। स्वस्थ प्रतिस्पर्धा हुन दिइएन। जसका कारण पार्टीमा अध्यक्षको विरोधमा मुख खोल्न सक्ने या प्रश्न उठाउन सक्ने पंक्ति नै तयार भएन। त्यसले गर्दा एमालेमा तत्कालका लागि पुस्तान्तरण सम्भव देखिन्न।

नेतृत्व स्वयंले गठन गरेको कार्यदलको प्रतिवेदन कार्यान्वयन नगरी त्यसलाई पुनर्लेखन गर्न लगाउनुले के संकेत गर्छ ?

एमालेको केन्द्रीय समितिमा अझै पनि अध्यक्ष ओलीको एकलौटी वर्चस्व छ। जसले गर्दा त्यहाँ उनी जे चाहन्छन्, त्यही निर्णय हुन्छ। अहिले आफैँले गठन गरेको कार्यदलबाट आएको प्रतिवेदन आफूअनुकूल नदेखिएपछि उनले आफ्ना विश्वास पात्र रामबहादुर थापालाई अगाडि सारेर प्रतिवेदन पुनर्लेखनको नाटक मञ्चन गराइरहेका छन्। यसले अध्यक्ष ओली पार्टीमा आफूले चाहेजस्तो भएन भने जे पनि गर्न तयार छन् भन्ने देखिन्छ।


एमालेमा पुस्तान्तरणका लागि यति ठुलो सकस किन भइरहेको होला ?

एमालेमा नेतृत्वको विकल्प को हो भन्नेमा 'ग्रासरुट' तहसम्मै अन्योल देखिन्छ। कांग्रेसमा पार्टीभित्र जुधेर, संघर्ष गरेर र नेतृत्वलाई प्रश्न गरेर आएका नेता जति पनि थिए। त्यसैले, त्यहाँ पुस्तान्तरण सहज देखियो। तर, एमालेमा नेतृत्वलाई चुनौती दिन सक्ने नेता कोही देखिएनन्। कसैले चुनौती दिन खोज्दा उसको राजनीतिक जीवन नै समाप्त पार्ने र खुट्टा टेक्ने ठाउँसम्म नदिने काम गरियो। त्यसैले, भित्रभित्रै गुम्सिरहेको भए पनि एमालेमा अझै पुस्तान्तरणका लागि दबाब दिन सक्ने बलियो विकल्प तयार नभएको हुनाले यस्तो सकस भइरहेको हो।

प्रेरक प्रसंग

महिला र कालिदासको सवाल-जवाफ

एकपटक संस्कृत साहित्यका महाकवि कालिदास एउटी महिलाको आँगनमा पुगे। उनी निकै तिर्खाएका थिए। उनले आफूलाई पानी दिन महिलासित याचना गरे। महिलाले भनिन्- म तिमीलाई चिन्दिनँ, पहिले आफ्नो परिचय देऊ। अनि मात्र पानी दिउँला। कालिदासले भने- म यात्री हुँ। महिलाले अचम्म मान्दै प्रश्न गरिन्- तिमी कसरी यात्री हुन सक्छौ ? यात्री त कहिल्यै नरोकिई हमेसा चलिरहने सूर्य र चन्द्रमा मात्र हुन्। साँचो बताऊ, तिमी को हौ ? कालिदासले भने- म पाहुना हुँ। 'संसारमा धन र यौवन मात्र हुन् पाहुना। यिनलाई जान समय लाग्दैन,' महिलाले भनिन्।



कालिदासले भने- म सहनशील हुँ, अब त पानी दिनुहोस्। महिलाले भनिन्- नाइँ, सहनशील त पापी र धर्मात्मा सबैको बोझ सहने धर्ती र पत्थरले हिर्काए पनि मिठो फल दिने रुख मात्र हुन्। साँच्चै भन, को हौ तिमी ? कालिदासले जवाफ दिए- म हठी हुँ। महिलाले भनिन्- फेरि झुट बोल्यौ, हठी जति काटे पनि बढिरहने नङ र कपाल मात्र हुन्। सत्य बोल, को हौ तिमी ? कालिदासले भने- म मूर्ख हुँ। महिलाले भनिन्- होइन, मूर्ख त विनायोग्यता सबैमाथि शासन गर्ने र उसलाई प्रसन्न बनाउन उसका गलत क्रियाकलापलाई पनि तर्क दिएर सही सिद्ध गराउने चेष्टा गर्ने उनका सल्लाहकार मात्र हुन्। अनि तिमी किसरी मूर्ख हुन सक्छौ ?

आफूले आफ्नो फरक-फरक परिचय दिएका कारण कालिदासले महिलाको गोडा समाउँदै भने- माता म कालिदास हुँ। महिलाले खुसी हुँदै भनिन्- उठ कालिदास। म सरस्वती हुँ। साँच्चै त्यहाँ साक्षात् सरस्वती माता थिइन्। सरस्वती माताले भनिन्- शिक्षाबाट ज्ञान आर्जन हुन्छ न कि अहंकार। तिमीले शिक्षाको बलमा प्राप्त गरेको मान र प्रतिष्ठालाई आफ्नो उपलब्धि मान्यौ र अहंकार देखायौ। तिम्रो ज्ञानचक्षु खोल्न मैले यो नाटक गरेकी हुँ। कालिदासले माता सरस्वतीसित माफी मागे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

पूर्वसभापति देउवालाई सुझाव

हुन त शेरबहादुर देउवाले पत्रपत्रिका पढ्दैनन्, आसेपासेका कुरा मात्र सुन्छन्। तैपनि, कसैले यो पत्रिका पढिहालेमा यो सुझाव उनीसम्म पुऱ्याइदिए हुन्थ्यो। देउवाका दायाँबायाँ, अघिपछि सबैतिर बस्ने नेताले अन्तिम समयमा आएर उनको साथ छाडेर मूल कांग्रेसमा फर्किएपछि अब देउवाले बाँकी आसेपासेलाई पनि सम्झाएर मूल घरमा फर्काउनु बुद्धिमानी हुन्छ। यति गर्न सकेमा उनी कांग्रेसको सर्वमान्य नेता बन्न सक्छन्। पहिले अलिक बदनाम छवि भए पनि अन्त्यकालमा गिरिजाप्रसाद कोइराला निर्विकल्प राजनेता बनेर बिदा भएको देउवाले पनि देखेका छन्। उनले पनि सर्वमान्य नेता बन्न सक्ने अवसर नगुमाऊन्।

● **वन्दना नेपाली**, ट्यांग्लाफाँट, काठमाडौं

आगो लागेको कि लगाइएको हो ?

जेन-जी आन्दोलनका वेला
खरानीमा परिणत भएको
सर्वोच्च अदालतको नयाँ
भवनमा सञ्चालनको छोटो
अवधिमै पटक-पटक आगलागी
भएका समाचार आइरहेका छन्।
यसरी सर्वोच्च अदालतजस्तो
संवेदनशील निकायका महत्त्वपूर्ण
शाखामा पटक-पटक आगलागी
हुँदा बचेका कैयौँ महत्त्वपूर्ण
कागजात जलेर खरानी भएका
छन्। यो आगो कुनै भवितव्यका
कारण लागेको हो कि कसैको
स्वार्थवश लगाइएको हो ?
कसैको कुनै कागजपत्र या
मुद्दासित सम्बन्धित कागजपत्र
नष्ट गर्न त यसो गरिएको होइन ?

● **शरद केसी**,
इमाडोल, ललितपुर

महँगीले भाँच्न लाग्यो ढाड

बजारमा महँगी कति
बढ्यो, त्यसको हिसाबकिताब
महँगीको मारमा थिचिएका
जनतालाई मात्र थाहा हुने
भयो। सरकारमा रहेका
सुनपतिलाई भने बजारमा
बढेको महँगीको अत्तोपत्तो
छैन। थाहा हुँदो हो त
उनीहरूले आफ्ना सम्पूर्ण
संयन्त्र परिचालन गरी महँगी
नियन्त्रणको प्रयास गर्दा
हुन्। महँगीको मारमा आहत
जनतालाई राहत दिँदा हुन्।
महँगीले जनताको ढाड भाँच्न
लागिसक्दा पनि मूकदर्शक
बनेर रमिता हेरेर बसिरहने
सरकारलाई के भन्नु हँ ?

● **स्वप्निका अर्याल**,
ताहाचल, काठमाडौं

बोलौं, तर हेक्का राखेर मात्र

हामीले लामो संघर्षपछि ल्याएको प्रजातन्त्रमा बोल्न नपाउने भन्ने होइन, बोल्न पाइन्छ। तर, बोल्दा कहाँ, के र कसरी बोल्ने, त्योचाहिँ बोल्ने मान्छेलाई हेक्का हुनुपर्छ। एउटा सांसदजस्तो गरिमामय पदमा बसेको व्यक्तिले आफ्नो गरिमा के हो भन्ने नबुझी बोल्नु सरासर गलत हो। मिडियामा छाउन र सस्तो लोकप्रियताका लागि बोलेको हो भने भन्नु केही छैन, नत्र विचार गरेर बोल्दा राम्रो होला।

सरकारले गलत गरेको अवस्थामा प्रतिपक्षीले विरोध गर्नु, सचेत गराउनु, प्रतिपक्षी धर्म हो। तर, सरकारमै सामेल सांसदले किन विरोध गर्छन् ? पद नपाएर ? पछिल्लो समय पद नपाएको हुटहुटी रास्वपाका कतिपय सांसदमा देखिन्छ। पदकै लागि राजनीति गरेको हो भने भन्नु के नै रह्यो र, नत्र यो सरकारले अहिलेसम्म जे-जति गऱ्यो जनहितमै गरेको छ भन्ने लाग्छ। अहिले सरकारलाई असफल देखाउन चौतर्फी घेराबन्दी गरिँदै छ भन्ने जान्दाजान्दै र देख्दादेख्दै पनि सत्तारुढ दलका सांसदले नै सरकारको विरोध गर्नु ठिक होइन। देशमा राजनीतिक स्थिरता ल्याउन यही सरकारले पाँच वर्ष सत्ता चलाउनुपर्छ भन्ने आमनागरिकको भावनामाथि कसैले खेलबाड नगरौँ। जनमतको कदर गरौँ, होइन भने आगामी निर्वाचनमा जनताले देखाइदिनेछन्, तिनका हैसियत।

विरोध गर्नुको पनि सीमा हुन्छ। विरोध गर्ने पनि तरिका हुन्छ। जहाँ मन लाग्यो त्यहीँ र जे मनमा आयो त्यही विरोध गर्नचाहिँ पाइँदैन। आफ्नो अधिकार माग्दा अरूको अधिकार हनन गर्नु ठिक होइन।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

मध्यपूर्व संकटका कारण बन्धक बनेको विश्व

मध्यपूर्वमा राजनीतिक समाधान, पूर्ण युद्धविराम, पुनर्निर्माण र पुनः विश्वास कायम नभएसम्म विश्व अर्थतन्त्रले त्यसको 'फिरौती' तिरिरहनुपर्नेछ

देश/विदेश

चाइना डेलीको सम्पादकीय

नाकाबन्दीको धम्की दिएर ऊर्जा बजारलाई कसरी हतियार बनाउन सकिन्छ भन्ने कुरा प्रदर्शन गर्दै यस महिना हुथी विद्रोही फौजले यमनको मोखा बन्दरगाह तथा बाब-अल-मान्देब जलमार्गमा रहेका टापु आफ्नो नियन्त्रणमा लिएका छन्। बाब अल-मन्देब लालसागरलाई एडेनको खाडीसँग जोड्ने साँघुरो मार्ग हो। केही दिनअघि ड्रोन आक्रमणले साउदी कच्चा तेललाई लालसागरको बन्दरगाह यान्बुमा पुऱ्याउने पूर्व-पश्चिम पाइपलाइनलाई क्षति पुऱ्याएको थियो, जसका कारण तेलको मूल्यमा अस्वाभाविक वृद्धि भएको थियो। यमन, लेबनान, सिरिया, गाजा र खाडीमा द्वन्द्व बढ्दो रूपमा अन्तरसम्बन्धित हुँदै गएकाले एउटा मोर्चामा भएका घटनाक्रमले अर्को स्थानमा असर गरिरहेको छ।

अमेरिकामा मध्यावधि निर्वाचन नजिकिँदै गर्दा त्यहाँको प्रशासन यमनमा अर्को सैन्य संलग्नता बढाउन इच्छुक छैन। वासिंटन तेलको मूल्यमा भारी उतार-चढाव निम्त्याउने वा नयाँ द्वन्द्व सुरु गर्ने जोखिम नमोली इरानको प्रभावलाई नियन्त्रण गर्न चाहन्छ। रियादले अमेरिकी सहयोगको अपेक्षा गऱ्यो, वासिंटनले गुप्तचर जानकारी र सीमित संख्यामा गैरलडाकु जनशक्ति उपलब्ध गराउने प्रस्ताव त राख्यो, तर प्रत्यक्ष सैन्य हस्तक्षेप भने गरेन। यो संयमताभन्दा पनि निर्णय लिन नसक्ने अवस्था जस्तो देखिन्छ। अमेरिकी प्रशासन कुनै कदम चाल्दा तत्कालै आइपर्ने राजनीतिक मूल्य चुकाउनबाट पन्छिरहेको छ।

अमेरिकाले खाडी क्षेत्रको तेल प्रत्यक्ष रूपमा निकै कम मात्र आयात गर्ने भए पनि लालसागरमा हुने कुनै पनि नयाँ संकट अन्ततः अमेरिकी पेट्रोल पम्प, कारखाना र सुपरमार्केटसम्म आइपुग्न सक्छ। वासिंटनले यी जोखिम बुझेर पनि हस्तक्षेप नगर्नुले त्यहाँका आन्तरिक राजनीतिक बाध्यताको बलियो प्रभावलाई उजागर गर्छ। मध्यावधि निर्वाचनको तालिका अमेरिकाको मध्यपूर्व रणनीतिको एक अदृश्य पात्र बनेको छ।

साउदी अरबले टर्की र पाकिस्तानसँग गरेको सुरक्षा सम्झौताले कूटनीतिक ऐक्यबद्धता र व्यावहारिक प्रतिबद्धताबिचको खाडललाई छर्लंग पारेको छ। यसैबिच, यस अस्तव्यस्तताबाट इजरायलले मौन रूपमा लाभ उठाइरहेको छ। इरानका साझेदार दबाबमा पर्दा र ती साझेदारका सञ्जाल अवरुद्ध हुँदा लेबनान तथा सिरियामा इजरायलको सैन्य कारबाही र गाजा तथा दमास्कसवरपर सुरक्षा क्षेत्र विस्तार गर्ने उसका प्रयास अघि बढिरहेका छन्। तैपनि, रणनीतिक लाभ रणनीतिक सफलता होइन। इरानको आणविक क्षमतालाई स्थायी रूपमा निष्क्रिय पार्ने वा यसको राजनीतिक प्रणालीलाई पुनः आकार दिनेजस्ता इजरायलका ठुला उद्देश्य प्राप्त हुन सकेका छैनन्।

समग्रमा भन्नुपर्दा यो नव-यथार्थवादको सबैभन्दा कठोर स्वरूप हो, जहाँ राज्य र सशस्त्र समूह अल्पकालीन लाभ हासिल गर्न, आफ्नो प्रभाव क्षेत्र विस्तार गर्न र दबाब वा बल प्रयोगको नीतिलाई 'प्रतिरोध'का रूपमा प्रस्तुत गर्न उद्यत हुन्छन्। तर, दीर्घकालमा कुनै पनि पक्षले वास्तविक लाभ प्राप्त गर्न सक्दैनन्, किनकि उनीहरूले तत्काल हासिल गरेका रणनीतिक लाभ न त दिगो वा रक्षा गर्न योग्य हुन्छन्, न त तिनले यस क्षेत्रमा दिगो शान्ति र रणनीतिक स्थिरता कायम गर्न नै सघाउँछन्।

मध्यपूर्व कुनै यस्तो 'चेस बोर्ड' होइन, जहाँ रणनीतिक



रूपमा महत्त्वपूर्ण साँघुरा मार्गको अनिश्चितकालसम्म लेनदेन गरिरहन सकियोस्। यो क्षेत्र करोडौँ मानिसको घर हो, जसका गुनासा (र तीमध्ये पनि विशेषगरी प्यालेस्टाइनसम्बन्धी समाधान नभएको मुद्दा) लाई बमबारी र नाकाबन्दीले मौन बनाउन सकिँदैन।


इजरायलले अमेरिकालाई उक्साउँछ। अमेरिकामाथि भर पर्न नसक्ने क्षेत्रीय शक्ति भने एक-अर्काविरुद्ध नै आक्रोश पोख्छन्। अमेरिकाले सो जलसन्धि पुनः खुलाउन नसकेपछि त्यसमा थप अवरोध खडा गरेको छ। यो तल्लोस्तरमा ओर्लिएको अन्तर्राष्ट्रिय राजनीतिको यथार्थ चित्रण हो। यस क्षेत्रको अनन्त भूराजनीतिक संघर्षमा राजनीतिक दृढता, रणनीतिक दूरदर्शिता र कूटनीतिक सुझबुझ दुर्लभ वस्तु बन्न पुगेका छन्।

बेइजिङले सम्बन्धित सबै पक्षलाई शत्रुतापूर्ण गतिविधि अन्त्य गर्न र वार्तामार्फत द्वन्द्व समाधान गर्न निरन्तर आह्वान गर्दै आएको छ। क्षेत्रीय राष्ट्रहरूले आफ्नै सुरक्षाको जिम्मा लिनुपर्छ, बाह्य हस्तक्षेप अस्वीकार गर्नुपर्छ, संवाद र परामर्शमार्फत नयाँ सुरक्षा संरचना निर्माण गर्नुपर्छ तथा विकासलाई स्थिरताको आधार मान्नुपर्छ।

संयुक्त राष्ट्र संघको बडापत्र र अन्तर्राष्ट्रिय कानुनले नियमहरू तय गर्नुपर्छ र प्यालेस्टाइनको मुद्दा केन्द्रबिन्दुमा रहनुपर्छ। 'दुई-राज्य समाधान' अपरिहार्य राजनीतिक गन्तव्यका रूपमा कायमै छ। यो कुनै तत्कालको समाधान होइन। तर, यसको सुरुवात एउटा आवश्यक मान्यताबाट हुन्छ। जलसन्धिमाथिको नियन्त्रण र त्यहाँको सुव्यवस्था एउटै कुरा होइनन्। साथै जबर्जस्ती वा दबाब र सुरक्षा पनि उस्तै कुरा होइनन्। जबसम्म सम्बन्धित पक्षले राजनीतिक समाधान, पूर्ण युद्धविराम, पुनर्निर्माण र पुनः विश्वासको बाटो अपनाउँदैनन्, तबसम्म ती दुई जलमार्ग नजिकैको टापुमा नियन्त्रण राख्ने पक्षको बन्धक बनिरहनेछन् र विश्व अर्थतन्त्रले त्यसको 'फिरौती' तिरिरहनुपर्नेछ।

भारत–चीन सम्बन्धमा नयाँ सुरुवात

सात वर्षपछि भारत पुगेका सीको नयाँदिल्ली उपस्थिति आफैंमा महत्त्वपूर्ण, दुई नेताबिच बृहत्तर आर्थिक सहकार्य र जनस्तरको सम्बन्धबारे छलफल



● रामी निरञ्जन देसाई
देसाई नयाँदिल्लीस्थित इन्डिया फाउन्डेसनकी विशिष्ट अध्येता हुन्



महत्त्वपूर्ण भूराजनीतिक विभाजनबिच नयाँदिल्लीले महत्त्वाकांक्षी नयाँदिल्ली घोषणापत्र सुरक्षित गर्न व्यापक रूपमा फरक स्वार्थ भएका देशलाई एकै ठाउँमा ल्याएको छ। ब्रिक्स शिखर सम्मेलन भारतले कल्पना गरेको सबै कुरा थियो। सम्मेलन राम्रोसँग समन्वय गरिएको थियो, दृश्यात्मक रूपमा स्मार्ट थियो, सावधानीपूर्वक व्यक्त गरिएको थियो र पश्चिम एसियामा द्वन्द्व तथा इरान र युएईबिचको भिन्नतासहित ब्रिक्सभित्रको तनावलाई ध्यानमा राख्दै विशेषगरी महत्त्वपूर्ण सहमति हासिल गरिएको थियो। तैपनि, समूह एक साझा घोषणामा पुग्यो र संवाद, बहुपक्षीयता र थप प्रतिनिधिमूलक अन्तर्राष्ट्रिय व्यवस्थाप्रति आफ्नो प्रतिबद्धता दोहोऱ्यायो।

भारतका लागि यो महत्त्वपूर्ण थियो, किनभने नयाँदिल्लीले ब्रिक्सलाई केवल पश्चिमाविरोधी गठबन्धनका रूपमा परिभाषित गर्ने प्रयासको निरन्तर विरोध गर्दै आएको छ। भारतले यस समूहलाई एउटा यस्तो मञ्चका रूपमा स्थापित गर्न रुचाउँछ, जसका माध्यमबाट उदीयमान अर्थतन्त्रहरूले सहयोगका लागि व्यावहारिक संयन्त्र विकास गर्दै विश्वव्यापी नियम निर्माणको प्रक्रियामा अझ बढी प्रभाव जमाउन सकून्। यसै सन्दर्भमा नयाँदिल्ली घोषणापत्रको बुँदा ५ ले लचिलोपन, नवीनता, सहकार्य र दिगोपनमा आधारित 'व्यावहारिक, कार्यान्वयनयोग्य, समावेशी, विकासोन्मुख र जनकेन्द्रित दृष्टिकोण'का लागि सन् २०२६ मा भारतले सम्हाल्ने अध्यक्षताको प्रशंसा गर्छ।

मोदी-सी भेटवार्ता र सम्बन्धमा सुरुवात

यद्यपि, 'नयाँदिल्ली घोषणापत्र' तयार पार्ने र ब्रिक्सका बृहत् छलफललाई अघि बढाउने कार्यका अतिरिक्त सबैभन्दा बढी चासोका साथ हेरिएको भेटवार्ता भने प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी जिनपिङबिचको नै थियो। यस भेटवार्ताले भारत-चीन सम्बन्धलाई सावधानीपूर्वक नयाँ गति दिने प्रयासले थप गति लिइरहेको कुराको थप प्रमाण प्रस्तुत गरेको छ।

सात वर्षपछि भारतको भ्रमणमा पुगेका राष्ट्रपति सीको नयाँदिल्ली उपस्थिति आफैंमा महत्त्वपूर्ण थियो। दुई नेताबिच बृहत्तर आर्थिक सहकार्य, कनेक्टिभिटी र जनस्तरको आदान-प्रदानबारे छलफल भयो। तर, प्रधानमन्त्री मोदीले स्पष्ट पारे कि सम्बन्धमा कुनै पनि प्रकारको नयाँ सुरुवात सर्तमा आधारित हुनेछ र व्यापक द्विपक्षीय सम्बन्धको पुनर्निर्माणका लागि सीमा क्षेत्रमा शान्ति तथा स्थिरता कायम रहनु अपरिहार्य छ। यो भनाइले स्वाभाविक रूपमा भारतको उत्तर-पूर्वी क्षेत्रतर्फ ध्यानाकर्षण गराउँछ, किनकि यदि भारत र चीन वास्तवमै स्थायित्वको चरणमा प्रवेश गर्दै छन् भने यसको अन्तिम कसी भारतको उत्तर-पूर्वी क्षेत्र नै हुनेछ।

सन् २०२० को गलवान झडपयता स्वाभाविक रूपमै पूर्वी लद्दाखमा धेरैको ध्यान केन्द्रित भएको छ। तर, भारत-चीन सीमाको पूर्वी भागले भने अलि फरक र कतिपय हिसाबले अझ जटिल रणनीतिक चुनौती खडा गरेको छ। चीनले अरुणाचल प्रदेशको लगभग सम्पूर्ण भूभागमाथि दाबी गर्दै त्यसलाई 'जाङनान' भन्ने गरेको छ र समय-समयमा त्यहाँका विभिन्न स्थानको चिनियाँ नाम सार्वजनिक गर्छ। भारतले यस्तो दाबीलाई स्पष्ट रूपमा अस्वीकार गर्दै यस प्रकारको उक्साहटलाई 'हास्यास्पद' ठान्छ।

अझ महत्त्वपूर्ण कुरा त के हो भने पूर्वोत्तर क्षेत्र यस्तो ठाउँ हो, जहाँ क्षेत्रीय सुरक्षाका साथै तिब्बत, सीमापार बग्ने नदी, जलवायु परिवर्तन, सीमावर्ती पूर्वाधार र म्यानमार तथा दक्षिण-पूर्वी एसियातर्फ भारतको सम्पर्क सञ्जाल (कनेक्टिभिटी) जस्ता विषय एक-अर्कासँग जोडिएका छन्।

सम्बन्धमा नयाँ सुरुवातको कसीका रूपमा उत्तर-पूर्वी क्षेत्र

ब्रिक्स सम्मेलनअघि नै विभिन्न घटनाक्रमले सम्बन्धमा चरणबद्ध रूपमा नयाँ सुरुवात हुने संकेत गरिसकेका थिए। बेइजिङमा गत अगस्ट २५ मा भारत-चीन सीमा विवादसम्बन्धी विशेष प्रतिनिधिको २५औँ चरणको वार्ताका क्रममा दुवै पक्षबिच आठबुँदे सहमति कायम भएको थियो।

यसमा वास्तविक नियन्त्रण रेखा (एलएसी)को व्यवस्थापनका लागि अझ सुदृढ संयन्त्र, पूर्वी तथा मध्य क्षेत्रमा थप उच्चस्तरीय सैन्य बैठक स्थल र सैन्य हटलाइनको व्यवस्था, सीमा क्षेत्रमा बढेको अन्तर्क्रिया तथा सीमापार नदी र जलसम्बन्धी तथ्यांक आदान-प्रदानबारे पुनः छलफलजस्ता विषय समावेश थिए।

अरुणाचल प्रदेशको ताक्सिङ क्षेत्रमा हालै देखिएको तनावको पृष्ठभूमिमा भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार (एनएसए) अजित डोभाल र चीनका विदेशमन्त्री वाङ यीबिच भएको संवादलगत्तै उच्चतम सैन्य कमान्डरस्तरीय भ्रमण सम्पन्न भए। मोदी र सीबिचको भेटवार्तालाई समेत जोडेर हेर्दा यी घटनाक्रमले भारतको चीनसम्बन्धी नीतिमा उत्तर-पूर्वी क्षेत्रलाई अझ बढी प्राथमिकताका साथ केन्द्रबिन्दुमा राख्नुपर्ने बलियो आधार खडा गरेका छन्।

यी प्रयासको प्रारम्भिक नतिजा सकारात्मक देखिएको छ र चीनले वास्तविक नियन्त्रण रेखाबाट आफ्ना सेना पछाडि हटाएको छ। यद्यपि, सम्बन्धमा वास्तविक सुधार वा नयाँ सुरुवात भएको पुष्टि हुनका लागि भने सम्पूर्ण सीमा क्षेत्रमा स्थिरता कायम राख्न सकिन्छ भन्ने कुरा प्रमाणित हुन अझै बाँकी नै छ।

ब्रह्मपुत्र पनि सुरक्षाको मुद्दा

उत्तरपूर्वी क्षेत्रमा एलएसीमा स्थिरताबाहेक अन्य महत्त्वपूर्ण चुनौती छन्। ब्रह्मपुत्र नदी तिब्बत हुँदै यार्लुङ त्साङपोको रूपमा बगेपछि अरुणाचल प्रदेश हुँदै सियाङको रूपमा भारतमा प्रवेश गर्छ। नदीमा चीनको विशाल मोटुओ जलविद्युत् महत्त्वाकांक्षाले भारतमा चिन्ता उत्पन्न गरेको छ। यद्यपि चिन्ता चीनले ब्रह्मपुत्रलाई 'बन्द' गर्न सक्छ भन्ने दाबीमा मात्र सीमित हुनुहुँदैन, बरु तत्कालको समस्या भनेको तल्लो तटीय देशले माथिल्लो भागमा हुने गतिविधि र वातावरणीय घटनामा आंशिक रूपमा निर्भर गर्दा देखा पर्ने रणनीतिक असमानता हो।

तसर्थ, जलसम्बन्धी तथ्यांक, गेग्रान बहाव, बाँधको सुरक्षा तथा पानीको अत्यधिक बहाव, पहिरो वा हिमनदीजन्य घटनाबारेको पूर्वसूचनाको गम्भीर रणनीतिक महत्त्व छ। जलवायु परिवर्तनले यी समस्याको सम्बोधन गर्नुपर्ने आवश्यकतालाई अझ टड्कारो बनाएको छ। हिमालय क्षेत्रमा हालै देखिएका चरम मौसमी घटना (जस्तै- नेपालमा भएको विनाश) ले हिमनदीको अस्थिरता र पहिरो कति छिटो सीमापार समस्यामा परिणत हुन सक्छन् भन्ने कुरा प्रस्ट पारेका छन्। अरुणाचल प्रदेश र असमका लागि नदीको माथिल्लो तटीय क्षेत्रबाट प्राप्त हुने भरपर्दो जानकारी अब केवल वातावरणीय मुद्दा मात्र नभई राष्ट्रिय सुरक्षाको आवश्यकतासमेत बनेको छ।

चाखलाग्दो कुरा के छ भने ब्रिक्सको 'नयाँदिल्ली घोषणापत्र'ले ठिक यस्तै प्रकारको सहकार्यका लागि एउटा खाका प्रदान गर्छ। यसको बुँदा नम्बर ११३ ले पानीको उपलब्धतालाई एक गम्भीर वातावरणीय चुनौतीका रूपमा स्वीकार गर्छ र अन्य पारिस्थितिक प्रणालीका साथै पहाड तथा जलस्रोतको एकीकृत संरक्षण र व्यवस्थित व्यवस्थापनका लागि आह्वान गर्छ। भारतको उत्तर-पूर्वी क्षेत्रका लागि यसको सान्दर्भिकता स्पष्ट छ, किनकि पूर्वी हिमालय र यार्लुङ साङपो-ब्रह्मपुत्र प्रणालीले पहाड र पानीसम्बन्धी यी दुई विषयलाई एकै ठाउँमा जोड्छन्।

घोषणापत्रको बुँदा नम्बर ८३ मा दिगो लचिलोपन, विपत् रोकथाम र पूर्वतयारीमूलक कार्यमा लगानीको महत्त्वबारे उल्लेख गरिएको छ। साथै, यसले सुदृढ पूर्व-सूचना प्रणाली र जोखिम-सचेत योजना निर्माणमा विशेष जोड दिन्छ। हिमनदीको अस्थिरता, पहिरो, अत्यधिक वर्षा र सीमापार बाढीको जोखिममा रहेको यस क्षेत्रका लागि यी सिद्धान्त प्रत्यक्ष रूपमा सान्दर्भिक छन्।

त्यसैले, भारत र चीनले संयुक्त रूपमा जलवायु लचिलोपनसम्बन्धी प्रस्तावलाई समर्थन गरेका छन्। २१औँ शताब्दीको सीमा व्यवस्थापन ढाँचा अब केवल सैनिकसँग मात्र सम्बन्धित हुन सक्दैन। यसले तल्लो तटीय जनसंख्यालाई असर गर्ने पानी र वातावरणीय जोखिमलाई पनि सम्बोधन गर्नुपर्छ। भारतले एकैसाथ आफ्नो स्वतन्त्र उपग्रह निगरानी, रिमोट सेन्सिङ, नदी र हिमनदी निगरानीलाई बलियो बनाउनुपर्छ।

एक लचिलो सीमा निर्माण

तर, पूर्वोत्तर पुनस्र्थापनाको केन्द्रबिन्दु हुनुको अर्को कारण पनि छ। लचिलो कनेक्टिभिटी भारतको व्यापक ब्रिक्स एजेन्डाको एक महत्त्वपूर्ण घटक भएको छ। उत्तरपूर्वका लागि कनेक्टिभिटी र लचिलोपनबिचको अन्तरसम्बन्ध महत्त्वपूर्ण छ। एलएसीनजिकै सडक, पुल, सुरुङ र दूरसञ्चारले नागरिक गतिशीलता र आर्थिक एकीकरणका साथै सैन्य रसदलाई समर्थन गर्छ। बढ्दो अस्थिर हिमाली जलवायुमा लचिलोपन रणनीतिको हिस्सा बन्नुपर्छ।

सीमावर्ती गाउँलाई चीनअघिका भारतका अन्तिम बस्तीका रूपमा मात्र हेरिनुहुँदैन। तिनलाई बाह्य विश्वतर्फ उन्मुख भारतको 'पहिलो बस्ती'का रूपमा विकास गरिनुपर्छ। बलियो स्थानीय अर्थतन्त्र, सञ्चार, पर्यटन, यातायात र सार्वजनिक सेवाले सीमा क्षेत्रलाई सैन्य पूर्वाधारले जस्तै रणनीतिक रूपमा सुदृढ बनाउँछन्।

पूर्वोत्तर क्षेत्र र भारतको रणनीति

पूर्वोत्तर क्षेत्रको महत्त्व चीनसँगको सम्बन्धभन्दा परसम्म फैलिएको छ। यसले म्यानमार र दक्षिण-पूर्वी एसिया जोड्ने भारतको मुख्य स्थलमार्गको काम गर्छ। त्यसैले, 'भारत-म्यानमार-थाइल्यान्ड त्रिपक्षीय राजमार्ग' र 'कालादान मल्टिमोडल ट्रान्जिट ट्रान्सपोर्ट परियोजना'जस्ता योजना केवल विकासका परियोजना मात्र होइनन्। यी परियोजना पूर्वोत्तर क्षेत्रलाई भारतको 'एक्ट इस्ट' रणनीतिसँग जोड्ने वा एकीकृत गर्ने महत्त्वपूर्ण माध्यम हुन्।

चीनले यस भौगोलिक क्षेत्रलाई अर्कै दृष्टिकोणबाट हेर्छ, म्यानमार हुँदै जाने उसका आर्थिक करिडोरले दक्षिण-पश्चिमी चीनलाई हिन्द महासागरसम्मको पहुँच प्रदान गर्छन्। यसको परिणामस्वरूप भारतको स्थलगत र सामुद्रिक रणनीतिको मिलनबिन्दुमा उत्तर-पूर्व अवस्थित छ। यदि भारत र चीनबिचको सम्बन्धमा नयाँ सुरुवात गर्ने हो भने भारतले स्थिरताको यस अवधिलाई तीव्र गतिमा लगानी बढाउन उपयोग गर्नुपर्छ। रणनीतिक प्रगतिका लागि नयाँ परियोजना अघि बढाउन भारतले हिचकिचाउनुहुँदैन, उदाहरणका लागि, निकै चर्चामा रहेको 'लेडो रोड'को पुनः सञ्चालन र निर्माण कार्य।

द प्रिन्टबाट

इतिहासमा आज



सन् १९६१ : कंगो संकटबारे वार्ता गर्न गएको संयुक्त राष्ट्र संघको चार्टर्ड विमान नर्दन रोडेसिया (हालको जाम्बिया)को नदोलामा दुर्घटनाग्रस्त भयो। दुर्घटनामा संयुक्त राष्ट्र संघका दोस्रो महासचिव ड्याग ह्यामरसोल्डसहित विमानमा रहेका १६ जनाको ज्यान गयो।

● **सन् १७९३** : अमेरिकी राष्ट्रपति जर्ज वासिंटनले वासिंटन डिसीमा संसद् भवनको जग हालेर भवनको निर्माण सुरु भएको घोषणा गरे।

● **सन् १८१०** : नेपोलियनले स्पेनका राजालाई अपदस्थ गरेपछि यसको उपनिवेश चिल्लीले आफू स्वायत्त बनेको घोषणा गऱ्यो। यस दिनलाई त्यहाँ अहिले राष्ट्रिय दिवसका रूपमा मनाइन्छ।

● **सन् १८१२** : रुस आक्रमण गर्न गएका नेपोलियनलाई रोक्न वा सुस्त बनाउन रुसी फौजले मस्को सहर खाली गरेर सहरमा लगाइदिएको डढेलो पाँच दिनसम्म निरन्तर लागेर यस दिन रोकियो।

● **सन् १८५१** : अमेरिकाबाट प्रकाशित हुने विश्वचर्चित पत्रिका 'द न्युयोर्क टाइम्स'को पहिलो अंक प्रकाशन भयो।

● **सन् १९१४** : बेलायतभित्रै स्वशासित आयरल्यान्डको व्यवस्था गरेको 'आइरिस होम रुल' विधेयकलाई शाही अनुमति प्राप्त भयो।

● **सन् १९४७** : अमेरिकी राष्ट्रपति ह्यारी ट्रुम्यानले जुलाईमा स्थापना गरेको गुप्तचर निकाय 'सेन्ट्रल इन्टिलिजेन्स एजेन्सी (सिआइए)' औपचारिक रूपमा अस्तित्वमा आयो।

● **सन् १९८०** : क्युबाली नागरिक आनाल्डो तामायो सोभियत सोयुज ३८ मा चढेर अन्तरिक्ष पुगे। उनले त्यस क्रममा अन्तरिक्ष पुग्ने पहिलो अश्वेत व्यक्तिको रेकर्ड राखे।

● **सन् २०१४** : स्कटल्यान्डको स्वतन्त्रता विषयमा भएको जनमत संग्रहमा ५५ प्रतिशत मतदाताले संयुक्त अधिराज्यमा रहने पक्षमा मत दिए भने ४५ प्रतिशतले अलग हुने पक्षमा।

रुसी तेल किनेकाले १०० प्रतिशतसम्म अमेरिकी भन्सार महसुलको जोखिममा भारत

नयाँदिल्ली / अमेरिकी तल्लो सदन (हाउस अफ रिप्रेजेन्टेटिभ्स)ले रुसी कच्चा तेल खरिद गर्ने देशका सामानमाथि १०० प्रतिशतसम्म भन्सार महसुल लगाउनेलगायत प्रावधानसहितको विधेयक पारित गरेको छ। यसले रुसी कच्चा तेलका सबैभन्दा ठुलो खरिदकर्ता देश चीन र भारत सबैभन्दा बढी प्रभावित हुने भएका छन्।

विधेयक पारित भएसँगै भारतले बिहीबार (सेप्टेम्बर १७) आफ्नो हितको रक्षा गर्न 'सबै आवश्यक कदम चाल्ने' बताएको छ। साथै, भारतले आफ्ना खरिदसम्बन्धी निर्णय 'बजारको बदलिँदो अवस्था'मा आधारित हुने कुरा पनि दोहोऱ्याएको छ।

बुधबार अमेरिकाको तल्लो सदनले २६२ का विरुद्ध १५९ मतले 'लिन्डसे ओ. ग्राहम स्यान्क्सनिङ रसिया एन्ड इरान एक्ट अफ २०२६' पारित गरेपछि भारतले 'थप घटनाक्रमको निगरानी गरिरहेको' जनाएको छ। यो विधेयक अब हस्ताक्षरका लागि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसमक्ष पठाइनेछ।

यस विधेयकले ट्रम्पलाई ती देशका सामानमा १०० प्रतिशतसम्म भन्सार महसुल लगाउने अधिकार दिनेछ, जसले जानाजानी रुसी कच्चा तेल वा प्राकृतिक ग्यास खरिद गर्छन्। यद्यपि, विधेयकमा विशेष छुटको प्रावधान पनि दिइएको छ। विगत १२ महिनामा रुसबाट ती उत्पादन आयात गर्ने शीर्ष पाँच देशमध्ये भारत पनि एक हो।

Request for Sealed Bid for Implementation Solutions for Nepal Financial Reporting Standard (NFRS-9)

Jyoti Bikash Bank Limited (JBBL) iinvites request for sealed bid from eligible Nepalese firm/company for Implementation Solution for Nepal Financial Reporting Standard (NFRS-9).
Sealed Bid must be submitted to the General Service Department, Jyoti Bikash Bank Limited, Head Office, Kamalpokhari, Kathmandu within office hours on or before 2nd October 2026.
The Bank retains the discretion to fully or partially accept or reject any or all bid without providing any reasons.

For more details, please scan the QR Code

ज्योति विकास बैंक लि. JYOTI BIKASH BANK LTD. More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

Head Office:
Kamalpokhari-01, Kathmandu, Nepal
Phone No.: 01-5970306/07/08/09/10
Web: www.jbbl.com.np | E-mail: info@jbbl.com.np

आवश्यकता

(प्रथम पटक प्रकाशित मिति २०८३/०६/०२)

कास्की जिल्ला सिल्दुजुरे गा.वि.स. हाल मादी गाउँपालिका स्थित सञ्चालनमा रहेको २५ मेगावाटको माथिल्लो मादी जलविद्युत् आयोजनाका लागि निम्न दक्ष कामदाहरूको आवश्यकता परेको हुँदा इच्छुकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आवेदन दिनु हुन अनुरोध गरिन्छ।

सि.नं	पद	योग्यता	माग संख्या	अनुभव
1	Adminisrative Manager	BA/BBS	१	सम्बन्धित काममा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम् कम्प्युटरको राम्रो ज्ञान भएको
2	Mechanical Engineer	BE	१	सम्बन्धित काममा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम् कम्प्युटरको राम्रो ज्ञान भएको

१. गर्नु पर्ने कामको विवरण : आयोजनाको आवश्यकता अनुसार
२. काम गर्नु पर्ने क्षेत्र तथा स्थल : आयोजना स्थल
३. कार्यरत रहने अवधि : १ वर्ष
४. संलग्न कागजातहरू : शैक्षिक प्रमाण-पत्र र अनुभवका कागजातहरू

मादी पावर प्रा. लि.
बालुवाटार, काठमाडौं, इमेल : madipower2gad@gmail.com

ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय समायोजन हुने सम्बन्धी अत्यन्त जरूरी सूचना।

यस ज्योति विकास बैंक लिमिटेडको त्रिशुली शाखा कार्यालय मिति २०८३/०५/१० गते भोटेकोशीमा आएको बाढीको कारणले पूर्ण रुपमा क्षति भएको र सोहि स्थानमा निकट भविष्यमा समेत शाखा सञ्चालन गर्न सक्ने अवस्था नरहेकोले ग्राहक महानुभावहरूलाई यथासक्य चाँडो बैंकिङ सेवा उपलब्ध गराउने उद्देश्यका साथ मिति २०८३/०६/०४ गते देखि यस बैंकको त्रिशुली कोलोनी विस्तारित काउन्टरमा समायोजन गरी सञ्चालन गरिने हुदाँ यस बैंकका समस्त ग्राहक महानुभावहरू तथा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साविकको त्रिशुली शाखा कार्यालयबाट बैंकिङ कारोबार गरिरहनु भएका ग्राहक महानुभावहरूले अब उप्रान्त समायोजन हुने शाखा कार्यालयबाट पूर्ववत रूपमा आफ्नो कारोबार सुचारू गर्न समेत यसै सूचना मार्फत अनुरोध गर्दछौं। यस सम्बन्धमा थप जानकारीको लागि देहाय बमोजिमको सम्पर्क नं.मा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं।

तपसिल

प्रदेश	जिल्ला	समायोजन हुने शाखाको साविक नाम/ठेगाना	समायोजन पश्चात कायम भई सञ्चालन हुने शाखाको नाम/ठेगाना र सम्पर्क फोन नम्बर	अन्दाजी दूरी "कि.मि."	समायोजन हुने मिति
वागमती	नुवाकोट	त्रिशुली शाखा (विदुर नगर पालिका, वडा नं. १)	त्रिशुली शाखा (विदुर नगरपालिका, वडा नं.९, कोलोनी) सम्पर्क नं: ०१०-५६१४९९	१.५	२०८३/०६/०४

ज्योति विकास बैंक लि. JYOTI BIKASH BANK LTD. More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

SEALED BID NOTICE FOR SCRAPPED MOTORCYCLES

The Small Irrigation Programme (SIP), supported by the Swiss Agency for Development and Cooperation (SDC), invites sealed bids from interested individuals, firms and companies for the purchase of the following scrapped motorcycles on an "AS-IS, WHERE-IS" basis:

S.N.	Types	Qty	Purchase date
1	Discover 125 M DRUM	36	2015
2	Bajaj Discover-150	2	2013
3	TVS Apache RTR 160cc	2	2017
4	Yamaha SZ-S -153	1	2014

Bid Documents: Bid forms, terms and conditions, and other relevant details may be obtained from the SIP Office, Biratnagar-9, or downloaded from the SIP website. Please note that a portion of the engine and chassis numbers has been cut off.
Bid Submission: Interested bidders may submit sealed bids for the whole or any part of the listed motorcycles, in the prescribed form along with the required documents, by 5:00 pm ,1 October 2026.
Motorcycle Inspection: Date: 21–25 September 2026, **Time:** 1:00 PM–4:00 PM
Venue: SIP Office, VIP Road, Biratnagar-9, Morang
SIP reserves the right to accept or reject any or all bids, in whole or in part, without assigning any reason.
BID SUBMISSION ADDRESS; Small Irrigation Programme (SIP), VIP Road, Biratnagar-9, Morang, Nepal
Tel.: 021-590406 / 9801190406, **Website:** http://sipnepal.org/sip2/vacancy

सांग्रिला डेभलपमेन्ट बैंक लि. Shangri-la Development Bank Ltd. स्वाबीव विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ फोनः ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मितिः २०८३/०६/०२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको विभिन्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे-दस्तुर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण	जमानतकर्ताको विवरण
१) ऋणी: बेगम बहादुर विष्ट बाबुको नामः पतिराम विष्ट बाजेको नामः चक्रे विष्ट ठेगानाः मिझिङ-०७, रोल्पा हालः सुनिल स्मृती-०३ रोल्पा ना.प्र.नं.: २६६, जारी मितीः २०४४/१०/१६ जारी गर्ने कार्यालय : जि.प्र.का, रोल्पा **कर्जा लिएको शाखा : सुलिचौर, रोल्पा**	क) नाम: टेकमाला विष्ट बाबुको नाम : हिरे महरा पतिको नाम : बेगम बहादुर विष्ट ससुराको नामः पतिराम विष्ट ठेगाना : मिझिङ-०७ रोल्पा, हालः सुनिल स्मृती-०३ रोल्पा ना.प्र.नं. : ५४३०१५/१५७, जारी मितिः २०६३/११/०३ जारी गर्ने कार्यालय : जि.प्र.का. रोल्पा ख) नाम: तुलसा विष्ट बाबुको नाम : बेगम बहादुर विष्ट बाजेको नाम : पतिराम विष्ट ठेगानाः सुनिलस्मृती-०४ रोल्पा, हालः सुनिल स्मृती-०३ रोल्पा ना.प्र.नं.: ५४-०१-७५-०१२६८ जारी मितिः २०७५/०३/२१ जारी गर्ने कार्यालयः जि.प्र.का. रोल्पा
सुरक्षणमा रहेको धितोको विवरणः श्री मालपोत कार्यालय रोल्पामा टेकमाला विष्टको नाममा दर्ता श्रेस्ता कायम रहेको रोल्पा जिल्ला, मिझिङ-०१ स्थित कि.नं. १८२४ को क्षेत्रफल १३८५ व.मी. रहेको जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	
ऋणीको विवरण	**जमानतकर्ताको विवरण**
२) ऋणी: मो साविर हुसेन बाबुको नाम : रहमतुल मिया बाजेको नाम : इस्माइल गच्छदार ठेगाना : सोनापुर-०५, सुनसरी हाल : दुहवी-०९, सुनसरी ना.प्र.नं.: ५८५२४/५९५२४ जारी गर्ने कार्यालय : जि.प्र.का., सुनसरी जारी मिति : २०५७/११/०१ **कर्जा लिएको शाखा : इटहरी, सुनसरी**	क) नाम: यास मिन निशा बाबुको नाम : अब्दुल सजिद मिया पतिको नाम : मो सविर हुसेन ससुराको नाम : रहमतुल मिया ठेगाना : सोनापुर-०५, सुनसरी हाल : दुहवी-०९, सुनसरी ना.प्र.नं. : ०६३००८/३९०, जारी मिति : २०६३/१०/१९ जारी गर्ने कार्यालय : जि.प्र.का., सुनसरी ख) नाम : अदनान समिर राईन बाबुको नाम : मो साविर हुसेन बाजेको नाम : रहमतुल मिया ठेगाना : दुहवी-०९, सुनसरी ना.प्र.नं. : ०६-०१-७७-०११२८ जारी गर्ने कार्यालय : जि.प्र.का., सुनसरी जारी मिति : २०७७/०६/०८
सुरक्षणमा रहेको धितोको विवरणः श्री मालपोत कार्यालय इनरुवा सुनसरीमा मो. सविर हुसेनको नाममा दर्ता कायम रहेको सुनसरी जिल्ला, सोनापुर -०७/७ख स्थित कि.नं. ४६२ को क्षेत्रफल ६९४.२१ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पुण लिगलगापात समेत ।	

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २ असोज ०८३

दुई महिनामा लक्ष्यको ८५% राजस्व

एक खर्ब ८३ अर्ब राजस्व संकलन, गत वर्षभन्दा १६.३ प्रतिशतले बढी

पवन तिमिल्सिना/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८३/८४ को पहिलो दुई महिनामा राजस्व संकलन १६.३ प्रतिशतले वृद्धि भए पनि लक्ष्यको ८५.२९ प्रतिशत मात्रै उठेको छ। अर्थ मन्त्रालयका अनुसार भदौसम्ममा एक खर्ब ८३ अर्ब २० करोड रुपैयाँ राजस्व संकलन भएको छ। गत आर्थिक वर्ष ०८२/८३ को भदौसम्म एक खर्ब ५७ अर्ब ५३ करोडको राजस्व उठेको थियो। समीक्षा अवधिमा २५ अर्ब ६७ करोडले राजस्व संकलन वृद्धि भएको हो। तर, सरकारले दुई महिनामा दुई खर्ब १४ अर्ब ८० करोड राजस्व उठाउने लक्ष्य लिएको थियो। यसपालि लक्ष्यभन्दा ३१ अर्ब ६० करोड रुपैयाँ कम राजस्व उठेको मन्त्रालयको तथ्यांक छ।

भदौको राजस्व संकलन सन्तोषजनक रहेको अर्थसचिव डा. घनश्याम उपाध्यायले जानकारी दिए। भदौमा लक्ष्यको ९३.९२ प्रतिशत अर्थात् ९० अर्ब ९८ करोड १३ लाख रुपैयाँ संकलन भएको छ। जबकि, ९६ अर्ब ८७ करोड ५४ लाख राजस्व उठाउने लक्ष्य थियो। गत वर्षको तुलनामा भदौको राजस्व संकलन वृद्धिदर पनि २५ प्रतिशत छ। खासगरी चाडपर्वकेन्द्रित वस्तुको माग बढ्दा राजस्व संकलनमा वृद्धि भएको हो।


अर्थसचिव डा. उपाध्यायले भदौको विनाशकारी बाढीका कारण आपूर्ति शृंखलामा आएको अवरोधका बाबजुद पनि राजस्व संकलनमा उच्च वृद्धि देखिएको बताए। उनले भने, 'यो सकारात्मक विषय हो। साउन र भदौको कुल राजस्व संकलनमा पोहोरको तुलनामा १६ प्रतिशतको वृद्धि देखिएको छ भने भदौमा मात्रै २५ प्रतिशतको वृद्धि देखिएको छ। सरकारले लिएका राजस्व नीतिको पनि प्रभाव देखिएको हो। साथै, करदाता प्रोत्साहन कार्यक्रमले पनि बिल लिने-दिने प्रवृत्तिमा सुधार आउँदा राजस्व संकलन बढेको देखिन्छ।'

मन्त्रालयका अनुसार कुल कर राजस्वतर्फ एक खर्ब ७२ अर्ब ४२ करोड रुपैयाँ र गैरकर राजस्व १० अर्ब ७७ करोड रुपैयाँ संकलन भएको छ। राजस्व संकलनमा सबैभन्दा ठुलो योगदान मूल्य अभिवृद्धि कर (भ्याट)को छ। भदौ ३१ सम्म कुल ६६ अर्ब ९७ करोड रुपैयाँ भ्याट संकलन भएको छ। भ्याटमा आयाततर्फ ३८ अर्ब ९८ करोड रुपैयाँ र आन्तरिक (उत्पादन, बिक्री तथा सेवा)तर्फ २७ अर्ब ९८ करोड रुपैयाँ उठेको छ।

राजस्वको दोस्रो ठुलो स्रोत भन्सार महसुलबाट कुल ३९ अर्ब २४ करोड २० लाख रुपैयाँ संकलन भएको छ। भन्सार महसुलमा आयातबाट मात्रै ३५ अर्ब ७२ करोड उठेको छ। आयकरतर्फ कुल ३३ अर्ब ५३ करोड रुपैयाँ राजस्व संकलन भएको छ। औद्योगिक उत्पादन र आयातमा लाग्ने अन्तःशुल्कबाट कुल ३१ अर्ब ६७ करोड रुपैयाँ राजस्व संकलन भएको छ। अन्तःशुल्कमध्ये आन्तरिक उत्पादनतर्फ २३ अर्ब ६९ करोड रुपैयाँ र आयाततर्फ सात अर्ब ९० करोड रुपैयाँ उठेको छ।



कुन शीर्षकमा कति उठ्यो राजस्व ?



बाढीपहिरोका बाबजुद भदौमा राजस्व संकलन सकारात्मक छ



■ डा. घनश्याम उपाध्याय, सचिव, अर्थ मन्त्रालय

भदौको विनाशकारी बाढीका कारण आपूर्ति शृंखलामा आएको अवरोधका बाबजुद पनि राजस्व संकलनमा वृद्धि देखिएको छ। यो सकारात्मक विषय हो। साउन र भदौको कुल राजस्व संकलनमा पोहोरको तुलनामा १६ प्रतिशतको वृद्धि देखिएको छ भने भदौमा मात्रै २५ प्रतिशतको वृद्धि देखिएको छ। सरकारले लिएका राजस्व नीतिको पनि प्रभाव देखिएको हो। साथै, करदाता प्रोत्साहन कार्यक्रमले पनि बिल लिने-दिने प्रवृत्तिमा सुधार आउँदा राजस्व संकलन बढेको देखिन्छ।

दुई महिनामा बजेट खर्च ९.४१ प्रतिशत मात्रै



चालू आवको दुई महिनामा सरकारले कुल विनियोजनको ९.४१ प्रतिशत खर्च गरेको छ। कुल २१ खर्ब २४ अर्ब ३४ करोडको बजेटमा एक खर्ब ९९ अर्ब ८३ करोड खर्च भएको हो। गत आर्थिक वर्षको सोही अवधिमा एक खर्ब ८० अर्ब १७ करोड खर्च भएको थियो। गत वर्षको तुलनामा बजेट खर्च १९ अर्ब ६६ करोडले बढी हो।

कुल खर्चमा चालू खर्चको हिस्सा उच्च छ। यस अवधिमा एक खर्ब २२ अर्ब चालू खर्च भएको छ। यो चालूतर्फको विनियोजनको ९.६ प्रतिशत हो। पुँजीगत खर्च भने १.७८ प्रतिशतमा सीमित छ। अर्थात्, दुई महिनामा दुई प्रतिशतसमेत पुँजीगत खर्च भएको छैन। चार खर्ब ३१ अर्बको पुँजीगत बजेटमा सात अर्ब ६६ करोड मात्रै पुँजीगत खर्च भएको हो। गत आवमा पहिलो दुई महिनामा ६ अर्ब ३५ करोड पुँजीगत खर्च भएको थियो। ऋणको साँवा-ब्याज भुक्तानीमा ७० अर्ब १३ करोड खर्च भएको छ।

■ नयाँ मापदण्डको तयारी गर्दै सेबोन

आइपिओ अनुमति लिन सञ्चालक र व्यवस्थापक पनि योग्य हुनुपर्ने

झुटो विवरण पेस गर्नेले आइपिओ निष्कासनको अनुमति नपाउने, प्रतिसेयर नेटवर्थ अंकित मूल्यभन्दा कम हुन नहुने

अन्तर्राष्ट्रिय अभ्यासअनुसार मापदण्ड तोकिएको हो

■ डा. गोपालप्रसाद भट्ट
अध्यक्ष, धितोपत्र बोर्ड नेपाल



आइपिओका नाममा खेतीपाती भएको र जनताको पैसा जोखिममा पर्न सक्ने गुनासो आइरहेका थिए, त्यसैले हामीले आइपिओ निष्कासनका लागि पहिलोपटक योग्यता तथा मापदण्ड तोक्न लागेका हौं। अन्तर्राष्ट्रिय अभ्यासका आधारमा योग्यता तोकिएको हो। अहिले हामीले साधारण मापदण्ड तथा योग्यता तोकेका छौं। अब छुट्टाछुट्टै क्षेत्रका कम्पनीका लागि विशिष्टीकृत योग्यता तोक्नेछौं। जलविद्युत्, होटेल, उत्पादनमूलकलगायत क्षेत्रका लागि छुट्टाछुट्टै मापदण्ड बनाइनेछ। जनताको पैसा उठाएपछि कम्पनी, संस्थापक, सञ्चालक तथा व्यवस्थापक अझ जिम्मेवार, अनुशासित र जवाफदेही हुनुपर्छ। सोहीअनुसार हामीले बजारमा अनुशासन कायम गर्न, आइपिओलाई निष्पक्ष, व्यवस्थित तथा विश्वसनीय बनाउन योग्यता तोकेका हौं।

कृष्ण रिजाल/नयाँ पत्रिका

नेपाल धितोपत्र बोर्ड (सेबोन)ले 'सार्वजनिक निष्कासनको सामान्य योग्यतासम्बन्धी निर्देशिका, २०८३' को मस्यौदा सार्वजनिक गर्दै आइपिओका लागि कम्पनी मात्र नभई संस्थापक, सञ्चालक तथा व्यवस्थापकसमेत योग्य हुनुपर्ने नयाँ मापदण्ड प्रस्ताव गरेको छ। कम्पनीका सबै सूचक तोकिएबमोजिम भए पनि सञ्चालक वा उच्च व्यवस्थापक कालोसूचीमा रहेको वा आर्थिक अपराधमा दोषी ठहर भएको पाइएमा त्यस्ता कम्पनीले आइपिओ निष्कासनको अनुमति नपाउने प्रस्ताव गरिएको हो।

बोर्डले संगठित संस्थाको व्यवस्थापन तथा नियन्त्रण गर्ने व्यक्तिको व्यावसायिक क्षमता, वित्तीय अनुशासन तथा नैतिक आचरणको समग्र मूल्यांकन गर्ने व्यवस्थाको प्रस्ताव छ। 'व्यावसायिक प्रतिष्ठा, आवश्यक योग्यता तथा अनुभव, वित्तीय अनुशासन, कानुनी तथा नियामकीय अनुपालना, स्वार्थको द्वन्द्व र अन्य आवश्यक विषयलाई समावेश गरेर बोर्डले मूल्यांकन गर्नेछ,' निर्देशिकाको मस्यौदमा उल्लेख छ। फौजदारी दोषी ठहरिएको, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, जालसाजी वा विश्वासघातसम्बन्धी कसुरमा सजाय पाएको व्यक्तिलाई कम्पनीको संस्थापक, सञ्चालक वा प्रमुख व्यवस्थापन पदमा बोर्डले अस्वीकार गर्न सक्नेसमेत प्रस्ताव छ।

आइपिओ अनुमति प्रदान गर्न प्रस्तावित योग्यता

- संगठित संस्थाका रूपमा दर्ता भएका तथा लेखा परीक्षण र वार्षिक साधारणसभा गरिसकेको हुनुपर्ने
- तोकिएका वित्तीय, संस्थागत सुशासन तथा सूचना प्रवाहसम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्ने
- आइपिओ प्राप्त हुने रकमको उपयोगसम्बन्धी स्पष्ट योजना साधारणसभाबाट स्वीकृत हुनुपर्ने
- बिक्री प्रबन्धकले संस्थाको योग्यता पूरा गरेको सुनिश्चित गरेपश्चात् मात्र सम्झौता गर्नुपर्नेछ
- आधिकरिक वेबसाइटमा कम्तीमा विगत तीन वर्षको वित्तीय विवरणसहितको वार्षिक प्रतिवेदन उल्लेख गरेको हुनुपर्ने, वेबसाइटमा व्यावसायिक सम्भावना, चुनौती र भावी योजना राख्नुपर्ने
- वेबसाइटमा सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतको योग्यता, अनुभव र उनीहरूको संगठित संस्थामा भएको लगानीको रकम तथा लगानी प्रतिशत उल्लेख भएको हुनुपर्ने
- आइपिओ निष्कासनका लागि निवेदन पेस गरेका संगठित संस्थाले बोर्डको स्वीकृतिविना आफ्नो पुँजी संरचना परिवर्तन गर्न नपाउने
- सार्वजनिक निष्कासन गर्नुअघि निरन्तर व्यवसाय सञ्चालन गरेको हुनुपर्ने
- संगठित संस्थाको व्यवसाय सञ्चालन गम्भीर रूपमा अवरुद्ध भए निष्कासन अनुमति नपाउने
- लेखा परीक्षकले व्यवसायको निरन्तरतासम्बन्धी शंका व्यक्त गरेमा निष्कासन अनुमति नपाउने
- झुटा, भ्रामक वा महत्त्वपूर्ण तथ्य लुकाई विवरण पेस गरेमा निष्कासन अनुमति नपाउने
- संगठित संस्था वा यसको संस्थापक सेयरधनी, सञ्चालक वा प्रमुख व्यवस्थापनका व्यक्तिले धितोपत्रसम्बन्धी ठगी, वित्तीय अपचलन, कालोसूचीमा रहेको, सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार वा अन्य गम्भीर आर्थिक अपराधमा अदालतबाट दोषी ठहर भई सजाय भुक्तान गरेको वर्ष तीन वर्ष व्यतीत नभएको भए अनुमति नपाउने
- कालोसूचीमा परी फुकुवा भएको ६ महिना समय व्यतीत नभएको अवस्थामा समेत अनुमति नपाउने
- प्रतिसेयर नेटवर्थ अंकित मूल्यभन्दा कम हुन नहुने
- आम्दानी वास्तविक कारोबारबाट भएको हुनुपर्ने
- कर छली वा नियतवश राजस्वमा हानि पुऱ्याएको प्रमाणित भई राजस्व खातामा दाखिला नगरेको अवस्थामा निष्कासन अस्वीकार गर्न सकिने
- सुशासन अनुपालन प्रतिवेदन पेस गर्नुपर्ने
- सञ्चालक समिति र बिक्री प्रबन्धको उत्तरदायित्व अनिवार्य घोषणा गरेको हुनुपर्ने
- विचाराधीन तथा सम्बन्धित महत्त्वपूर्ण कानुनी विवादको विवरण उल्लेख गर्नुपर्ने।

भदौमा ६० हजार टन ग्यास आयात

काठमाडौं/ भदौमा भारतबाट ६० हजार टन ग्यास आयात भएको छ। आयल निगमका सहप्रवक्ता शिशिर सुवेदीका अनुसार भदौमा ५९ हजार आठ सय ३३.९८ टन ग्यास आयात भएको हो।

सरकारले कूटनीति नोट नै पठाउँदै भारतलाई भदौ, असोज र कात्तिक तीन महिनाका लागि मासिक ६० हजार टनका दरले ग्यास दिन आग्रह गरेको थियो। आयल निगमले पनि इन्डियन आयल कर्पोरेसनलाई पत्राचार गरी आपूर्ति सहजताका लागि मासिक ६० हजार टनका दरले ग्यास दिन लिखित पत्राचार गरेको थियो। जसकारण आइओसीको मथुरा, हल्दिया, दुर्गापुर, पाराद्विप, बन्थरा र बरौनी रिफाइनरीबाट नेपाललले मागेजति ग्यास आएको सुवेदीले बताए।

'हाम्रो मागअनुसार भदौमा ग्यास आयात भएको छ,' उनले भने, 'आगामी दिनमा थप परिमाण आयातका लागि पहल भइरहेको छ।' साउनमा पनि ५७ हजार तीन सय १६ टन ग्यास भारतबाट आयात भएको निगमले जनाएको छ।



इटहरीमा सिप तथा रोजगार मेला हुने

इटहरी/ युवा, श्रम तथा रोजगार मन्त्रालयले १४ देखि २० असोजसम्म कोशी प्रदेशको इटहरीमा सिप तथा रोजगार मेला आयोजना गर्ने भएको छ। अन्य प्रदेशमा पनि क्रमशः मेला आयोजना गर्दै जाने मन्त्रालयले जनाएको छ। तीनै तहका सरकार, निजी तथा गैरसरकारी क्षेत्र, विकास साझेदार संस्था, रोजगारदाता संघ-महासंघ, उद्योगी-व्यवसायी तथा शैक्षिक एवं तालिमप्रदायक संस्थाको समन्वय र सहकार्यमा मेला सञ्चालन हुने भएको छ।

बिहीबार श्रममन्त्री रामजी यादवको अध्यक्षतामा बसेको निर्देशन तथा समन्वय समितिको पहिलो बैठकले श्रम बजारलाई थप आकर्षक बनाउनुपर्ने र युवालाई आन्तरिक रोजगारीमा आबद्ध तथा उद्यमी बनाउने निष्कर्ष निकाल्दै सिप मेला आयोजना गर्ने निर्णय लिएको मन्त्रालयले जनाएको छ।

Neelakantha Municipality
Office Of Municipal Executive
Dhadingbesi, Dhading

Invitation For Bids

Date Of Publication: 18th September, 2026

1. Neelakantha Municipality invites sealed bids (Hard Copy) from eligible bidders for the execution of below mentioned works under National Competitive Bidding Procedures.
2. A complete set of Bidding Documents shall be purchased from the office Neelakantha Municipality, Dhading by eligible Bidders on the submission of a written application, along with the copy of Company/Firm Registration certificate and Cash Deposit Original Voucher for bidding documentsas mentioned below on or before the last date of bid purchase.
3. The Detailes of projects are tabulated below.Bidding is open to all eligible Nepalese Bidders.

S. N	Identifiction No.	Name of Project	Minimum Average Annual Turnover best three (3) year within the last ten(10) years (NRs)	Minimum work experience in similar size of nature (NRs)	Bank Address for Bid Document Fee	Bid Document Fee(NRs)	Bid Security Amount (NRs)	Bank Address for Bid Security Amount	Last Date and Time for Bid Purchase	Last Date and Time for Bid Submission	Bid Validity/ Bid Bond Validity Period
1	NEE-NCB:-05/2083/84	Baghe Dhungga 4 number Wadakaryalaya Rijalthok Bhairabi Mandir Sadak Istar Unnati	34,070,000.00	22,714,000.00	"Bank Name: Rastriya Banijya Bank Branch: Dhadingbesi Name of Office: Neelakantha Muicipality Office Code no.: 25-365-09 Account No.: 1030100301010006 Rajaswa (Revenue) Shirshak no.: 14229"	5,000.00	1,420,000.00	"Bank Name: Rastriya Banijya Bank Branch: Dhadingbesi Name of Office: Neelakantha Muicipality Office Code no.: 25-365-09 Account No.: 1030100303000006"	"8th October 2026 (2083-06-22), 17:00 Hrs"	"9th October 2026 (2083-06-23), 11:00 Hrs"	90 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid.
2	NEE-NCB:-06/2083/84	Pandhare Kaule Sadak Nirman	"Estimated Amount (Without VAT and Contingencies including P.S) NRs. 3,535,534.31"			3,000.00	90,000.00				
3	NEE-NCB:-07/2083/84	" Ijara Devisthan Dekhi Chainpur Sadak Dhalan"	"Estimated Amount (Without VAT and Contingencies including P.S) NRs. 3,721,132.69"			3,000.00	95,000.00				
4	NEE-NCB:-08/2083/84	Tatopani Dahalmode Sadak Drain Tatha Cooridor hume Pipe Culvet Works	"Estimated Amount (Without VAT and Contingencies including P.S) NRs. 3,012,862.66"			3,000.00	80,000.00				
5	NEE-NCB:-09/2083/84	Ward 12 Located Different Road Upgrading Works	"Estimated Amount (Without VAT and Contingencies including P.S) NRs. 7,973,334.44"			3,000.00	200,000.00				

4. Eligible bidder may obtained further information from Neelakantha Municipality, Dhading Besi, Dhading, Bagmati Province
5. Pre-bid meeting shall be held at Neelakantha Municipality, Dhading Besi, Dhading at 11:00 hours on 29th September 2026 (2083-06-13)
6. The Bid will be opened in the presence of Bidder's representative who choose to attened at 9th October 2026(2083-06-23) of 13:00 Hrs at the office of Nelakantha Municipality,Dhadingbesi Dhading
7. Neelakantha Municipality,Dhadingbesi,Dhading reserves the right to accept or reject any bid and annual the process and reject all bids at any time prior to contract award.

Chief Administrative Officer

नबिल एसएसई फेलोसिपका लागि आवेदन आह्वान

काठमाडौं/ नबिल बैंक लिमिटेडले नबिल स्कुल अफ सोसल इन्टरप्रेनरसिप (नबिल एसएसई) फेलोसिप कार्यक्रमको सातौँ समूह र नबिल एसएसई सर्टिफिकेट कोर्सको नयाँ समूहका लागि आवेदन आह्वान गरेको छ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत सञ्चालन हुँदै आएका दुवै कार्यक्रमका लागि आवेदन आह्वान गरिएको हो। इच्छुक आवेदकले २६ असोजसम्म आवेदन दिन सक्नेछन्। बैंकका अनुसार, १८ वर्ष उमेर पुगेका र नवीन उद्यमशील सोच भएका नेपाली नागरिकले आवेदन दिन सक्नेछन्। आवेदनपछि छनोट हुनेले कार्यक्रममा कम्तीमा ९० प्रतिशत उपस्थिति कायम राख्नुपर्ने प्रावधान छ।

समावेशी तथा दिगो आर्थिक विकासमा योगदान पुऱ्याउने माध्यमका रूपमा उद्यमशीलता प्रवर्द्धन गर्ने प्रतिबद्धतालाई निरन्तरता दिँदै बैंकले यी कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ। बैंकले दिगो उद्यम र रोजगारी सिर्जना गर्नुका साथै बृहत्तर सामुदायिक विकासमा योगदान पुऱ्याउने लक्ष्य राखेका महिला, युवा, गरिब, वञ्चित व्यक्ति र सीमान्तकृत समुदायका प्रतिबद्ध तथा सक्षम उद्यमीहरूलाई आवेदन दिन प्रोत्साहन गरिने जनाएको छ। नबिल एसएसईमार्फत केवल उद्यममा मात्र नभई, आफ्नो समुदायभित्र दिगो आर्थिक अवसर



सिर्जना गर्न सक्ने व्यक्तिको क्षमता विकासमा पनि लगानी गरिरहेको नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार ज्ञवालीले बताए।

'सातौँ फेलोसिप समूह र सर्टिफिकेट कोर्सका नयाँ समूहका लागि आवेदन खुला गर्दै गर्दा हाम्रो उद्देश्य प्रतिबद्ध उद्यमीहरूको पहिचान गर्ने, उनीहरूको क्षमता अभिवृद्धि गर्ने तथा दिगो उद्यम निर्माण र नेपालको समावेशी आर्थिक विकासमा योगदान पुऱ्याउन आवश्यक ज्ञान, सञ्जाल र उद्यमशीलता इकोसिस्टमसँग उनीहरूलाई जोड्नु हो,' सिइओ ज्ञवालीले भने।

घरजग्गा तथा निर्माण प्रदर्शनीमा महालक्ष्मी विकासको सहभागिता

काठमाडौं/ भृकुटीमण्डपमा सञ्चालन भइरहेको नवौँ संस्करणको नेपाल घरजग्गा तथा निर्माण प्रदर्शनी ०८३ मा महालक्ष्मी विकास बैंकले सहभागिता जनाएको छ। नेपाल जग्गा तथा आवास विकास महासंघ र नेपाल जग्गा तथा आवास विकास संघको संयुक्त आयोजनामा बिहीबारदेखि सुरु भएको प्रदर्शनी ४ असोजसम्म चल्नेछ।

प्रदर्शनीमा यस बैंकले घरजग्गा खरिद तथा घर निर्माण गर्दा आवश्यक पर्ने कर्जा सम्बन्धमा परामर्श दिने, सहजीकरण तथा समन्वय गर्ने बताइएको छ। ग्राहकको आवश्यकताअनुसार सरल, सहज र प्रतिस्पर्धी वित्तीय सेवा उपलब्ध गराउँदै आवास तथा निर्माण क्षेत्रमा वित्तीय पहुँच विस्तार गर्ने उद्देश्यका साथ बैंकले सहभागिता जनाएको हो। बैंकका अनुसार घरजग्गा खरिद तथा घर निर्माण कर्जा आकर्षक ब्याजदरमा प्रदान गर्नेछ। यस अवसरमा बैंकले प्रशासनिक शुल्कमा समेत विशेष छुट प्रदान गर्नेछ। ग्राहकलाई यसको प्रत्यक्ष लाभ लिन बैंकले आग्रह गरेको छ। यस बैंकमार्फत कर्जा लिन चाहने ग्राहकले स्टल नं ए-२१ मा सम्पर्क गर्न सक्नेछन्। प्रदर्शनीमा बैंकका प्रतिनिधिले ग्राहकसँग प्रत्यक्ष अन्तर्क्रिया गरी कर्जा प्रक्रिया तथा विभिन्न बैंकिङ सुविधाबारे आवश्यक जानकारी तथा परामर्श प्रदान गर्नेछन्।



एनआइसी एसिया र आइएमई हस्पिटालिटीबिच छुट सम्झौता

काठमाडौं/ एनआइसी एसिया बैंक लिमिटेड र आइएमई हस्पिटालिटीबिच बैंकका ग्राहकलाई विभिन्न स्थानमा रहेका होटेल तथा केबलकार सेवामा विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ। समझदारीपत्रमा बैंकका तर्फबाट ट्रान्जेक्सन बैंकिङ प्रमुख पुजनलाल अमात्य र आइएमई हस्पिटालिटीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत लक्ष्मण थापाले हस्ताक्षर गरेका हुन्।

यसअनुसार बैंकका ग्राहकले आइएमई हस्पिटालिटीअन्तर्गत विभिन्न ठाउँमा सञ्चालनमा रहेका होटेल तथा केबलकारमा १० प्रतिशत छुट सुविधा उपयोग गर्न सक्नेछन्। यो छुट इला होटेल्स एन्ड रिसोर्ट, मौलाकालिका, इला कम्फर्ट, बागलुङ, इला कम्फोर्ट, हर्कपुर र सेक एन्ड फेङ रेस्टुरेन्ट, लाजिम्पाटमा प्राप्त गर्न सक्नेछन्। त्यसैगरी, मौलाकालिका केबलकार र लुम्बिनी केबलकारमा सेवा लिँदा पनि उक्त सुविधाको उपयोग गर्न सकिने बताइएको छ। ग्राहकले यस बैंकको मोबाइल बैंकिङ सेवा, डेबिट कार्ड र क्रेडिट कार्ड प्रयोग गरी उक्त छुट सुविधा उपभोग गर्न पाउनेछन्। आइएमई



हस्पिटालिटीसँगको सहकार्यले ग्राहकलाई छुट सुविधाका साथै मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।

धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति २०८३/०६/०२ गते

तपसिलमा उल्लेखित ऋणी संस्थाले **कलंकी शाखा (सावित्र कालिमाटी)** शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, ब्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्वारा तरताकेता साथै मिति २०८१/१०/०७ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपसिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्बन्धी ३५ (पैतिस) दिने सूचना प्रकाशित गरिएको छ। अतः उल्लेखित म्याद भित्र तपसिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं। लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस बैंकको कर्जा असुली कार्यविधि एवं प्रचलित कानून बमोजिम धितो सुरक्षण सम्पत्ती यस बैंक आफैले गैर बैकिङ्ग सम्पत्तीको रुपमा सकार गरी लिने व्यहोरा समेत सम्बन्धीत सबैलाई जानकारी गराईन्छ। धितो लेखि दिएको सम्पत्ती लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर बाजुर गर्न पाउने छैन। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धीत ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समेत समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा सूचित गराईन्छ।

ऋणी संस्थाको नाम : ग्रीन भ्याली बचत तथा ऋण सहकारी संस्था लिमिटेड

रजिष्टर्ड ठेगानाः का.म.न.पा -१४, काठमाडौं। **दर्ता नं: २६६७/०६६/०६७**

कर्जा उपभोग गर्दाको संचालक तथा जमानीकर्ताको विवरण

१) नाम : ज्ञानेन्द्र कायस्थ (अध्यक्ष तथा जमानीकर्ता) बाबु : लक्ष्मी प्रसाद कायस्थ बाजे : ज्ञान बहादुर कायस्थ ना प्र नं. : १४८१० ठेगानाः का.म.न.पा १२, काठमाडौं	**५) नाम : शैली मानन्धर (संचालक तथा जमानीकर्ता)** बाबु : राम नारायण मानन्धर बाजे : सत्य नारायण मानन्धर ना.प्र.नं : १५८६७ ठेगानाः का.म.न.पा. १३ काठमाडौं
२) नाम : रामेश्वर कुमार कायस्ट (उपाध्यक्ष तथा जमानीकर्ता) बाबु : लक्ष्मी प्रसाद कायस्थ बाजे : ज्ञान बहादुर कायस्थ ना.प्र.नं : २३९३-०४०-४१ ठेगाना : भक्तपुर-१५, भक्तपुर	**६) नाम : लक्ष्मी नारायण महर्जन (संचालक तथा जमानीकर्ता)** बाबु : सतु महर्जन बाजे : ना.प्र.नं : २७८३७३/२९८३ ठेगाना : का.म.न.पा-१२ काठमाडौं
३) नाम : संजु श्रेष्ठ (सचिव तथा जमानीकर्ता) बाबु : सुन्दर प्रसाद कायस्ठ बाजे : सिद्दि श्रेष्ठ ना.प्र.नं : ०६/३२७५ क/१८४६५/०४४ ठेगाना : धरान -३, सुन्सरी	**७) नामः राजेन्द्र अवाल (संचालक तथा जमानीकर्ता)** बाबु : कान्छा अवाल बाजे : नन्दलाल अवाल ना.प्र.नं : ३६२२ ठेगाना : भक्तपुर-४, भक्तपुर
४) नाम : नरेन्द्र कुमार कायस्ठ (कोषाध्यक्ष तथा जमानीकर्ता) बाबु : लक्ष्मी प्रसाद कायस्थ बाजे : ज्ञान बहादुर कायस्थ ना.प्र.नं : ७७५ ठेगाना : भक्तपुर-१५, भक्तपुर	

धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :

१. **श्री ग्रीन भ्याली बचत तथा ऋण सहकारी संस्था लिमिटेडको** नाममा भूमि प्रशासन कार्यालय लगनखेल ललितपुर दर्ता श्रेष्ठा कायम रहेको ललितपुर जिल्ला, किटिनी वडा नं. २ को किता नं. ५०३ र ४७६ को क्षेत्रफल ०–९–२–० र ०–४–२–० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

२. **श्री ग्रीन भ्याली बचत तथा ऋण सहकारी संस्था लिमिटेडको** नाममा भूमि प्रशासन कार्यालय लगनखेल ललितपुर दर्ता श्रेष्ठा कायम रहेको ललितपुर जिल्ला, सुनाकोठी वडा नं. ३ को कित्ता नं. १७२ को क्षेत्रफल ०-५-१-० को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

३. श्री होम नाथ सिग्देलको नाती श्री रामचन्द्र सिग्देल को छ्रारा काठमाडौं जिल्ला बाडभन्ज्याड ३ बस्ने **श्री माधव सिग्देल** को नाममा भूमि प्रशासन कार्यालय कलंकी काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको बाडभन्ज्याड ५ को कित्ता नं. ४४ को क्षेत्रफल १-०-०-० जग्गाल चर्चेको लिगलगापात समेत।

धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु:

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ।

(२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ। उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौंमा रहेको **खाता नं. ००१०००१४८६६००००१** मा जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कलंकी शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ। साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।

(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ती आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ। रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पुँजीगत लाभ कर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ।

(६) बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन।

(७) कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ।

(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणी, धितोधनीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ। धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन।

(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र सम्बन्धित शाखा कार्यालय वा केन्द्रिय कार्यालयमा पेश गर्न सकिनेछ। बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ। बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय कलंकीमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ। बोलपत्र पेश गर्ने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ।

(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि, ऋणी र धितोधनीहरुको रोहवरमा खोलिने छ। उक्त समयमा सम्बन्धीत ऋणी तथा धितोधनीलाई समेत उपस्थीतीको लागि जानकारी गराईन्छ। यदि बोलपत्र पेश गर्ने व्यक्ति, नीजको प्रतिनिधि, ऋणी तथा धितोधनी बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन।

(१२) सुरक्षणमा रहेको धितोहरु आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ।

(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।

National/ राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web.: www. ncbl.coop

---

Lumbini Province Government
Ministry of Urban Development, Energy, Irrigation and Water Supply

Water Supply and Sanitation Office,Banke

Invitation for Bid (IFB)

(First date of publication: 02 Ashoj, 2083 (18th September, 2026)

1) Water Supply and Sanitation office, Banke invites sealed bids **(HARD COPY ONLY)** from eligible bidders for various purposes as described below under National Competitive Bidding (NCB -1S1E). The previous notices published by this office through e –GP system on 2083/05/04 have been cancelled due to technical issue in PPMO e-gp system.

S. N.	Contract Identification No.	Description	Estimate Amount NRs. (Without VAT & including PS)	Bid Document Fee (NRs)	Bid Security / Bid Bond
1	*wssobanke/NCB/ Goods/2083-84/01*	*Supply and Delivery of PE-100 HDPE pipe in various Water Supply Projects Banke (package 1)*	*1,10,31,536.16*	*3,000*	*3,20,000*
2	*wssobanke/NCB/ Works/2083-84/02*	*Drilling and Installation of 250*200 mm dia Deep Tube Well by rig machine(200 m deep) -Bheri Rapti WSP*	*27,51,319.69*	*3,000*	*75,000*
3	*wssobanke/NCB/ Works/2083-84/03*	*Drilling and Installation of 250*200 mm dia Deep Tube Well by rig machine(200 m deep)-Belbhar Sitapur WSP*	*27,51,319.69*	*3,000*	*75,000*

Last Date and Time of Bid Purchase:	Last Date and Time for Bid Submission	Date and Time of Bid Opening
2083/06/22 (8th October 2026), 17:00 Hrs	2083/06/23 (9th October 2026), 12:00 Hrs	2083/06/23 (9th October 2026), 13:00 Hrs

2) A Complete set of bidding documents may be purchased from Water Supply and sanitation Office,Banke and District Administration Office Banke by eligible bidders on the submission of a written application ,copy of firm registration certificate and upon payment of non-refundable fee into account specified till **2083/06/22 (8th October 2026) during office hours.**

3) **Details for Bid document fee:** Name of the Bank:Rastriya Banijya Bank , Office: Water Supply and Sanitation Office Banke, Office Code no. :3470257015, Account no. 1000100200010000, Revenue code. : 14229

4) **Details for Bid Security** (Optional if a bid security, from Financial Institution eligible to issue Bank Guarantee of at least 120 days from bid opening date is submitted): Office-Water Supply and Sanitation Office Banke, Office Code no. : 3470257015 , Bank: Rastriya Banijya Bank , A/C name: DHARAUTI A/C(PRA.LE.NI.KA) , A/c : 4130100202030000.

5) Only Hard Copy of Sealed Bids must be submitted on or before 2083/06/23 (9th October 2026) , 12:00 Hrs. Bids received after that deadline will be rejected.

6) In Case of HDPE pipe supplier A Manufacturer's Authorization letter is required for all the items listed in Schedule of Requirements

7) In Case of HDPE pipe, production permission certificate for all the items in BOQ in accordance with NS 40:2079 must be submitted.

8) If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission

9) Any conditions not covered herein shall be governed by Prevailing Provisions of PPA and PPR. Any amendment of modification in this tender shall be published on official website of this office. For further information Please visit Water supply and Sanitation Office Banke during office hours (Tel: 081-415268, 9858021094, email: wsso.banke@gmail.com, website: https://wssobanke.lumbini.gov.np/).

Office Chief

नेपाल रेडक्रस सोसाइटी

श्री जानकी आँखा अस्पताल, जनकपुरधाम

शिलवन्दी वोलपत्र दरभाउ आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०६/०२
सूचना नं. १/२०८३/२०८४

नेपाल रेडक्रस सोसाइटी, श्री जानकी आँखा अस्पताल, जनकपुरधामका लागि आ.व.०८३।०८४ को लागि आवश्यक पर्ने औषधि, चश्माको फ्रेम तथा शिशा लगायतका सामाग्रिहरू, सर्जिकल सामाग्रीहरू आदी खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायवाट सम्बन्धित सामग्रीहरूको कार्य गर्न इजाजत प्राप्त इच्छुक फर्म /संस्था, उत्पादनकर्ता वा निजको अधिकृत विक्रेता/आपुर्तिकर्ता तथा थोक विक्रेताहरूले शिलवन्दी वोलपत्र सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र पेश गर्नु हुन आह्वान गरिएको छ।

विस्तृत विवरण सहितको वोलपत्र फारम तोकिएको दस्तुर वापतको रकम रु २०००।(अक्षेरुपी रु दुई हजार मात्र) फिर्ता नहुने गरी नेपाल रेडक्रस सोसाइटी, श्री जानकी आँखा अस्पताल, जनकपुरधामको नाममा रहेको एन.आई.सी.एसिया बैकको जनकपुरधाम शाखाको खाता नं. ३१२१२७०३८२५२४००१ मा जम्मा गरेको बैंक भौचर पेश गरेपछि प्रशासन शाखा वाट टेण्डर डकुमेन्ट सार्वजनिक विदा वाहेक दिनको ९ वजे देखि २ वजे भित्र प्राप्त गर्न सकिने छ। यसरी प्राप्त भएको टेण्डर डकुमेन्ट दरभाउ पत्र भरी हुन आउने कुल वोलपत्र रकमको २.५ प्रतिशत जमानत रकम जम्मा गरेको वैक भौचर, निवेदन र वोलपत्र फारममा उल्लेख भए वमोजिमको कागजात संलग्न राखि वोलपत्र फारम प्रशासन शाखामा दर्ता गर्न सकिनेछ।

दर्ता भएका शिलवन्दी कोटेशनहरू यस कार्यालयका प्रतिनिधि र फर्मको प्रतिनिधिहरूको रोहवरमा टेण्डर अस्पतालको सुचना वमोजिम अस्पतालमा खोलिने छ। समयमा फर्मको प्रतिनिधि उपस्थित नभएमा पनि शिलवन्दी कोटेशन खोल्न वाधा पुग्ने छैन। कारणवश शिलवन्दी कोटेशन दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ। दरभाउ पत्र पुर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने,नगर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार अस्पतालमा निहित हुनेछ।

अन्य सर्तहरू टेण्डर कागजातमा उल्लेख भए अनुसार पालना गर्नुपर्नेछ।

सूचना नं. २/०८३/०८४ (अस्पताल सुरक्षाका लागि सुरक्षा गार्ड सेवा खरिद सम्बन्धि सूचना)

यस अस्पतालको कम्पाउण्ड भित्र रहेका मेसिनरी औजार उपकरणहरू लगायतका भौतिक संरचना सहितको सुरक्षाको लागि सुरक्षा गार्ड को आवश्यकता रहेकोले सेवा उपलब्ध गराउन नेपाल सरकारवाट इजाजत प्राप्त सुरक्षा सेवा प्रदान गर्ने संस्थाहरूवाट सेवा खरिदका लागि शिलवन्दी दरभाउ प्रस्ताव पत्र आव्हान गरिएको छ। निवेदन साथ सम्बन्धित कम्पनी तथा संस्थाको संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं.,कर चुक्ता प्रमाण पत्र,श्रम इजाजत प्रमाण पत्र,समाजिक सुरक्षा कोष दर्ता प्रमाण पत्र लगायतका अन्य सम्बन्धीत प्रमाण पत्रहरूको प्रमाणित प्रतिलिपि कागजातहरू संलग्न गर्नुपर्नेछ।

१) शिलबन्दी दरभाउ पत्र सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा प्रशासन शाखामा शिलवन्दी निवेदन साथ अन्य कागजातहरू सहित १० वजे देखि २ वजे सम्म दर्ता गराउनु पर्ने छ।

२) शिलबन्दी दरभाउ अंक र अक्षरमा स्पष्ट हुने गरी अंकित गर्नु पर्ने छ, अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। यदि केरमेट भएमा केरमेट भएको ठाउमा शिलबन्दी दर भाउ दाताको सहि छाप भएको हुनु पर्दछ।

३) शिलबन्दी नभएको तथा रित नपुगी वा म्याद नाघी वा कुनै शर्त राखी दर्ता हुन आएको दर भाउ पत्र माथि कुनै कारबाही हुने छैन।

४) शिलवन्दी दरभाउ पत्र निवेदनमा प्रति सुरक्षाकर्मीको प्रति महिना कर सहित आफुले कवोल गर्ने रकम उल्लेख गर्नु पर्नेछ।

५) अस्पतालमा सुरक्षा प्रदान गर्ने आपुर्तिकर्ताले खरिद पछिको सेवा सुविधा उल्लेख गर्नु पर्ने छ ,सुरक्षा गार्ड भु.पु.सैनिक,प्रहरी लाई ग्राहयता दिन सकिने छ।

६) अस्पतालको नियमानुसार प्रति सुरक्षा गार्डको कवोल गरेको वार्षिक रकमको २.५ प्रतिशत अर्नेस्ट मनी नगद धरौटी रकम एन.आई.सी. वैक जनकपुरधाम स्थित यस अस्पतालको खाता नं. ३१२१२७०३८२५२४००१ मा जम्मा वा वैक जमानी गर्नु पर्नेछ। सो को सक्कल भाउचर दरभाउ पत्र साथ पेश गर्नु पर्नेछ।

७) दरभाउ पत्र स्वीकृत गर्ने,नगर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार यस अस्पतालमा सुरक्षित रहनेछ।

८) शिलवन्दी दरभाउ पत्र दाताले शिलवन्दी दरभाउ पत्रको खामको वाहिर नाम,कामको विवरण,दरभाउ पत्र पेश गर्ने फर्मको नाम,पत्राचार गर्ने ठेगानाको साथै सम्पर्क फोन नम्वर उल्लेख गर्नु पर्दछ।

९) दर्ता भएका शिलवन्दी कोटेशन दर्ता गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन दर्ता भएका शिलवन्दी कोटेशन खोलिने छ।

१०) दरभाउ पत्र स्वीकृत भए पश्चात वार्षिक हुन आउने कवोल रकमको १० प्रतिशत रकम कार्य सम्पादन धरौटी नगद यस अस्पतालको खाता नं. ३१२१२७०३८२५२४००१ जम्मा वा वैक जमानी गरे पश्चात सम्झौता गरिनेछ।

११) यो सूचनामा उल्लेख नभएका कुराहरू अस्पतालको नियमानुसार हुनेछ।

नेपाल रेडक्रस सोसाइटी
श्री जानकी आँखा अस्पताल, जनकपुरधाम
फोन नं:०४१-५२३०३१

का.जि.द.नं.१२८/०६३/६४, म.ले.हु.नि.द.न. १७/०६१/०७०

■ २०औँ एसियाली खेलकुद

महिला भलिबल समूह चरणमै सीमित

एसियाडमा दोस्रोपटक सहभागी नेपाली महिला भलिबल टोली समूह 'ए'मा जापान र इन्डोनेसियासँग समान ३-० को सेटमा पराजित

नागोया (जापान) बाट **रमेश सुवेदी**

२०औँ एसियन खेलकुद प्रतियोगिता (एसियाड)मा नेपाली महिला भलिबल टोलीको यात्रा समूह चरणमै सीमित भएको छ। जापानको नागोया र आइचीमा सञ्चालित एसियाडअन्तर्गत महिला भलिबल प्रतियोगिताको समूह 'ए'मा नेपालले लगातार दुई हार सामना गऱ्यो। नेपाल बिहीबार भएको खेलमा इन्डोनेसियासँग ३-० ले पराजित भयो। यसअघि आयोजक जापानले नेपालमाथि ३-० को जित निकालेको छ।

लगातार दोस्रो हारपछि समूह 'ए' मा रहेको नेपालको क्वार्टरफाइनल यात्रा समाप्त भएको छ। अब नेपालले नवौँदेखि १४औँ स्थानका लागि क्लासिफिकेसन म्याच खेल्नेछ। नेपालले क्वार्टरफाइनलका लागि स्थान बनाउन इन्डोनेसियालाई हराउनुपर्ने थियो। नेपालले इन्डोनेसियासँग २५-१२, २५-२१ र २५-२० ले खेल गुमाएको थियो। यसअघि जापानले नेपाललाई एकतर्फी खेलमा २५-८, २५-१२ र २५-११ ले हराएको थियो।

आइचीको पार्क एरिना कोमाकीमा बिहीबार भएको खेलको कप्तानी निरुता ठगुन्नाले गरेकी थिइएन्। स्वर्ण पदक दाबेदार जापानसँग कमजोर प्रदर्शन गरेको नेपालले आफ्नो दोस्रो खेलमा इन्डोनेसियाविरुद्ध सुधारिएको खेल खेलेको थियो। स्वर्ण जित्ने तयारी गरेको इन्डोनेसियाले पहिलो सेट पहिलो सेट २५-१२ ले जित्यो। जगदीश भट्ट मुख्य प्रशिक्षक रहेको नेपालले दोस्रो सेटमा गतिलो प्रदर्शन गरेको थियो।

यस सेटमा नेपाली खेलाडीले अन्तिम समयसम्म इन्डोनेसियालाई प्रतिस्पर्धामा राखेको थियो। तर, अन्तिम समयमा सम्हालिएर खेल्न नसक्दा नेपालले दोस्रो सेट २५-२१ ले गुमायो। लगातार नेपालमाथि दबाब बनाइरहेका इन्डोनेसियाली महिला खेलाडीले तेस्रो सेटमा आक्रामक रूपमा प्रतिस्पर्धा गरेका थिए। यद्यपि, नेपालले पनि विपक्षीलाई सहज अंक बटुल्न दिएन। इन्डोनेसियाले सुरुवातदेखिको अग्रता रक्षा गर्दै २५-२० ले खेल जित्यो। आयोजक जापान विश्व वरीयतामा छैटौँ स्थानमा छ। नेपाल ६९औँ र इन्डोनेसिया ५३औँ स्थानमा छन्।

नेपाली महिला भलिबलको एसियाडमा दोस्रो सहभागिता हो। यसअघि २०२३ को एसियाडमा नेपालले पहिलोपटक सहभागिता जनाएको थियो। दोस्रोपटकको सहभागितामा नेपाली टोलीमा निरुता ठगुन्ना (कप्तान), उषा भण्डारी, सलिना श्रेष्ठ, प्रगति नाथ, सलिना बुढामगर, वसन्ती साउद, लक्ष्मी चन्द, रिमा कुँवर, सुनिता खत्री, आरती सुवेदी, मीना कुँवर र सुमित्रा रेग्मी रहेका छन्। तीन वर्षअघि पनि नेपाल समूह चरणबाटै बाहिरिएको थियो।



जापान र इन्डोनेसिया क्वार्टरफाइनलमा

समूह 'ए'मा नेपाल, जापान र इन्डोनेसिया छन्। नेपालले लगातार दुई खेल गुमाएपछि घरेलु टोली जापान र इन्डोनेसिया एक खेलअगावै क्वार्टरफाइनल प्रवेश गरेका छन्। अब यी दुईबिच हुने खेल समूह विजेता बन्नका लागि हुनेछ। नेपालले आगामी खेलको प्रतिद्वन्द्वी अन्य खेलको नतिजाअनुसार पाउनेछ। अन्य समूहको खेल सकिएपछि नेपालको प्रतिद्वन्दीको टुंगो लाग्ने आयोजकले जनाएको छ। २०औँ एसियाडमा महिला भलिबलमा एसियाका उत्कृष्ट १४ टोलीले प्रतिस्पर्धा गरिरहेका छन्।

शीर्ष र उपविजेता नकआउट चरणमा पुग्ने

यसैगरी, महिला बास्केटबलको पुल 'बी'मा चीन, काजकस्तान र फिलिपिन्स रहेका छन्। पुल 'सी'मा थाइल्यान्ड, चाइनिज ताइपेई, किर्जिस्तान र मंगोलियन छन्। यसैगरी, पुल 'डी'मा भियतनाम, दक्षिण कोरिया, हङकङ र कतार रहेको आयोजकले जनाएको छ। प्रारम्भिक चरणमा आफ्नो समूहमा रहेका टोलीले एक-अर्कासँग एक-एक खेल खेल्नेछन्। त्यसपछि प्रत्येक समूहबाट समान दुई टोली प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गर्नेछन्। तेस्रोपटक एसियाड खेल आयोजना गरेको जापानले २०औँ संस्करणको उद्घाटनअगाडि विभिन्न खेल सुरु गरेको छ। बास्केटल, फुटबल, भलिबल र मोडर्न पेन्टाथलनका खेल चलिरहेका छन्। बिहीबारदेखि महिला क्रिकेट र टेकबल पनि सुरु भएको आयोजकले जनाएको छ।

■ महिला क्रिकेट

पाकिस्तान तीन विकेटले विजयी

एसियाडअन्तर्गत महिला क्रिकेटमा स्वर्ण पदक दाबेदार पाकिस्तानले थाइल्यान्डमाथि तीन विकेटको जित निकालेको छ। जितसँगै पाकिस्तान सेमिफाइनलमा पुगेको छ। निसिन क्रिकेट मैदानमा भएको खेलमा थाइल्यान्डले पहिलो ब्याटिङ गरी ११ ओभरमा चार विकेट गुमाएर ९१ रन बनाएको थियो। वर्षाका कारण खेल ११ ओभरमा घटाइएको थियो। प्रत्युत्तरमा पाकिस्तानले १०.४ ओभरमा सात विकेटको क्षतिमा ९२ रन बनायो। पाकिस्तानले खेल सकिनु तीन बलअघि रोमाञ्चक जित हात पारेको हो।

पाकिस्तानको जितमा गल फेरोजाले १३ बलमा १६ रन बनाइन्। ओपनर सवाल जुफिकरले १४ बलमा तीन चौका र एक छक्का प्रहार गरी सर्वाधिक २५ रनको योगदान दिइन्। मध्यक्रममा कप्तान फातिमा सानाले १३ बलमा तीन चौका र एक छक्काको सहयोगमा २१ रन बनाइन्। थाइल्यान्डले पाकिस्तानविरुद्ध एक रन पनि अतिरिक्त दिएन्। यसअघि ब्याटिङ गरेको थाइल्यान्डका लागि नानपा कोचाकेले ३९ बलमा सात चौकाको सहयोगमा ४९ रन बनाइन्। उनले सात चौका प्रहार गरिन्। यसैगरी मायाले १६ बलमा १५ रन जोडिन्। बलिङमा पाकिस्तानकी कप्तान फातिमाले २२ रन खर्चेर दुई विकेट लिइन्। यसैगरी महिलातर्फको क्रिकेटमा बंगलादेश र चीनबिचको खेल वर्षाका कारण रद्द भयो। दुवै राष्ट्रले समान १ अंक पाएका छन्।



५ असोजदेखि मुख्यालयमा काम गर्ने एन्फाको चेतावनी



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

नयाँ पत्रिका

फिफाको अनिश्चितकालीन निलम्बनमा परेको अखिल नेपाल फुटबल संघ (एन्फा)ले सरकारबाट ठोस जवाफ नआए आगामी सोमबारदेखि फिफाकै गाइडलाइन पछ्याउँदै आफ्ना गतिविधि गर्ने भएको छ। देशभित्र फुटबलका गतिविधि सञ्चालन गर्न फिफाको निलम्बनभन्दा पनि सरकारको निर्देशनले आफूहरूलाई काम गर्न रोकिरहेको आरोपसमेत एन्फा नेतृत्वले लगाएको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप)को निलम्बनसमेत रहेको एन्फाले करिब ६ महिनापछि आफ्नो धारणा सार्वजनिक गरेको हो।

'निलम्बन गरे पनि फिफाले केही निश्चित काम गर्न र घरेलु फुटबललाई चलायमान गर्न रोक लगाएको छैन, तर सरकारको निर्देशनका कारण कुनै गतिविधि सञ्चालन गर्न सकिरहेका छैनौं,' बिहीबार आयोजित पत्रकार सम्मेलनमा निलम्बित एन्फाका महासचिव किरण राईले भने। गत ११ चैत ०८२ मा राखेपले स्वीकृतिविना निर्वाचन गर्न लागेको भन्दै एन्फामाथि प्रतिबन्ध लगाएको थियो। त्यसपछि फिफाले तेस्रो पक्षबाट हस्तेक्षप भएको भन्दै ११ असारमा एन्फामाथि अनिश्चितकालीन निलम्बनको घोषणा गऱ्यो।

> सरकारले निलम्बन फुकुवाका लागि ठोस निर्णय नगरे एन्फाले फिफा गाइडलाइनअनुसार आफ्ना गतिविधि सुरु गर्ने

फिफाको निलम्बनमा परेपछि नेपाल तीन महिनायता अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिताबाट वञ्चित भएको छ। यस अवधिमा नेपाली महिला फुटबल टोलीले थाइल्यान्डमा हुने फिफाको सिरिज प्रतियोगितासमेत गुमाएको थियो। अहिले बंगलादेशमा हुने पुरुषतर्फको साफ च्याम्पियनसिप फुटबल प्रतियोगितासमेत गुमाउने अवस्थामा छ। सेप्टेम्बरभित्र निलम्बन फुकुवा नहुँदा नेपालले पहिलोपटक साफ गुमाउनेछ। दक्षिण एसियाली फुटबल महासंघले नेपाललाई सेप्टेम्बरसम्मको डेटलाइन दिएको छ। यस अवधिमा प्रतिबन्ध फुकुवा नहुँदा महासंघले नेपालविना नै प्रतियोगिता आयोजना गर्नेछ। फिफाको प्रतिबन्धपछि एन्फा र राखेपले एक-अर्कामाथि आरोप-प्रत्यारोप गरिरहेका छन्। यी दुवै प्रमुख निकाय वार्तामा समेत बसेका छैनन्।

निलम्बन फुकुवा र फुटबलको अन्य विषयमा छलफल गर्न बुधबार शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले एन्फा अध्यक्ष पंकजबिक्रम नेम्वाङलाई मन्त्रालयमा बोलाएका थिए। मन्त्रालयमा भएको छलफलबारे आफूलाई केही जानकारी नभएको राईले बताए। 'अध्यक्षज्यू सरकारीतर्फबाट बुधबार छलफलका लागि जानुभएको सत्य हो। म त्यहाँ उपस्थित थिइनँ। त्यसैले के-के भयो जानकारी भएन,' उनले भने।

■ कर्मचारी तलबविहीन

पत्रकार सम्मेलनमा एन्फाका प्रमुख कार्यकारी अधिकृत इन्द्रमान तुलाधरले कर्मचारीले लामो समयदेखि तलब नपाएको बताए। आर्थिक समस्याका कारण कर्मचारीले कुनै अप्रिय निर्णय लिए भने त्यसको जिम्मा कसले लिने भन्दै तुलाधरले सरकारसँग प्रश्न गरे। 'पछिल्लो समय आर्थिक समस्याका कारण आत्महत्या गरेका समाचार आइरहेका छन्। आर्थिक अवस्था कमजोर भएका कर्मचारी पनि एन्फामा कार्यरत छन्। सरकारको निर्देशनका कारण उनीहरूले महिनौंदेखि तलब पाएका छैनन्। यही पीडाका कारण कुनै कर्मचारीले अप्रिय निर्णय लिए भने त्यसको जिम्मा कसले लिने ? यस्तै समस्या बाहिर ल्याउन हामी उपस्थित भएका हौं,' उनले भने। महासचिव राईले एन्फामा करिब चार सयजना कर्मचारी कार्यरत रहेको बताए।

सिइओ तुलाधरले सबै पक्षको जित हुने तरिकाले विवादको समाधान खोजिनुपर्ने तर्क राखेका छन्। उनले सरकारबाट एन्फालाई स्वतन्त्र रूपमा काम गर्ने अवसर दिए विवाद तत्काल समाधान हुने बताए। महासचिव राईले एन्फा विवाद समाधान गर्न सरकारले औपचारिक रूपमा आफूहरूलाई एकपटक पनि छलफलमा नबोलाएको दाबी गरे।

खेल संक्षेप

गोल्डेन पिक र ज्ञान निकेतनलाई उपाधि



काठमाडौं/ गोल्डेन पिक, विच किड्स र ज्ञान निकेतनले आठौँ माफ अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन्। गोल्डेन पिक सिनियर पुरुष, विच किड्स सिनियर महिला र ज्ञान निकेतन जुनियर पुरुषमा च्याम्पियन बनेका हुन्। गोल्डेन पिकले बिहीबार भएको खेलमा ज्ञान निकेतनलाई ६१-२५ ले पराजित गऱ्यो। सिनियर महिलाको उपाधि भिडन्तमा विच किड्सले एडभान्सलाई १२-१० ले हरायो। जुनियर पुरुषको फाइनलमा ज्ञान निकेतनले सम्भावीलाई २१-१६ ले पाखा लगायो। प्रतियोगिताको सिनियर पुरुषमा गोल्डेनपिकका सुशील गिरी, सिनियर महिलामा विच किड्सकी रशिका तामाङ र जुनियर पुरुषमा ज्ञान निकेतन शौरभ परियार 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए। सिनियर पुरुषमा १५, सिनियर महिलामा १६ र जुनियर पुरुषमा १३ टोलीले भाग लिएका थिए।

मार्बलस सेमिफाइनलमा

काठमाडौं/ मार्बलस र पारामाउन्ट एकेडेमी २०औँ ग्रिनल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषको सेमिफाइनलमा प्रवेश गरेका छन्। मार्बलसले लालीगुराँस नेसनल एकेडेमीलाई ७०-४० ले पराजित गऱ्यो। बिहीबार भएको अर्को खेलमा पारामाउन्टले बिएमसिएलाई ४२-३२ ले हरायो। सिनियर पुरुषतर्फ भ्याली पब्लिकले गोल्डेन पिकलाई ७०-६२ तथा न्युटनले एन्जल्स हार्टलाई ६५-४५ ले पन्छाउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरे। जुनियर पुरुषमा एन्जल्स हार्टले गण्डकीलाई ३५-१६ ले पाखा लगायो। जेबी स्कुलले ओडिसीलाई २९-२० ले हरायो। सेबले ग्रिनल्यान्डलाई २२-१५ र लालीगुराँसले फेरिल्यान्डलाई ३४-२० ले पाखा लगाउँदै सेमिफाइनल यात्रा तय गरे।

यू-१६ मा सुरम्य च्याम्पियन

काठमाडौं/ सेन्ट मेरिजकी सुरम्य शाक्यले प्रथम आरम्भ कप राष्ट्रिय अन्तरविद्यालय टेबुलटेनिस प्रतियोगिताको यू-१६ महिलामा स्वर्ण जितेकी छिन्। लैनचौरस्थित राष्ट्रिय टेबुलटेनिस प्रशिक्षण केन्द्रमा बिहीबार भएको फाइनलमा सुरम्यले फ्युचर स्टारकी एम्रिन महर्जनलाई ३-० को सोझो सेटमा पराजित गरिन्। प्रतियोगिताको पुरुष टिम इभेन्टमा डिएभी पहिलो भयो। डिएभीले फाइनलमा आरम्भलाई ३-२ ले हरायो। डिएभीबाट रिभान बज्राचार्य र निर्भाना बज्राचार्यले प्रतिस्पर्धा गरेका थिए। यसअघि यू-१२ एकल पुरुषमा वृहस्पति विद्या सदनका रियान्स श्रेष्ठ र गर्ल्स स्वस्तिश्री गुरुकुलकी सुरभी गुरुङ पहिलो भएका थिए।

मिनी बास्केटबलमा पाठशाला पहिलो

काठमाडौं/ सनसाइन सेकेन्डरी बोर्डिङ स्कुल र पाठशाला फाउन्डेसन नेपालले पाँचौँ संस्करणको बिडिएस यू-१२ मिनी बास्केटबल च्याम्पियनसिप उपाधि जितेका छन्। छात्रातर्फको बिहीबार भएको फाइनलमा पाठशाला फाउन्डेसन नेपालले आरआइबिएस स्कुललाई ३२-२५ स्कोरले पराजित गर्दै उपाधि जित्यो। छात्रतर्फ सनसाइनले इनोभेटिभ इंग्लिस स्कुललाई २५-१७ ले पराजित गर्दै उपाधि उचाल्यो। छात्रतर्फ सनसाइनका जेनिश तोलङ्गी सर्वोत्कृष्ट खेलाडी घोषित भए। छात्रातर्फ पाठशालाकी दर्पन शर्मा सर्वोत्कृष्ट खेलाडी चुनिइन्। प्रतियोगितामा २१ विद्यालयको सहभागिता रहेको थियो। छात्रतर्फ १३ र छात्रातर्फ १२ गरी कुल २५ टोलीले प्रतिस्पर्धा गरेका थिए।

■ युनाइटेड तेस्रो चरणबाटै बाहिरियो

एजेन्सी/ दुई गोलको अग्रता जोगाउन नसक्दा म्यानचेस्टर युनाइटेड इंग्लिस फुटबल लिग (इएफएल) कपको तेस्रो चरणबाटै बाहिरिएको छ। घरेलु मैदान ओल्ड ट्राफोर्डमा दुई गोलले अघि रहेको युनाइटेड ब्राइटनसँग ३-२ ले पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको हो। खेलको आठौँ मिनेटमा सिया लेसीले युनाइटेडलाई १-० अग्रता दिलाए। खेलको दसौँ मिनेटमा मेसन माउन्टले युनाइटेडलाई २-० ले अघि राखे। पहिलो हाफको इन्जुरी समयमा कोस्टुलासले ब्राइटनलाई २-१ को गोलअन्तरमा झारे। खेलको ६५औँ मिनेटमा कप्तान पास्कल ग्रोसले २-२ को बराबरी गोल गरे। खेलको ६९औँ मिनेटमा म्याक्सिम डे कुइपरले निर्णायक गोल गर्दै ब्राइटनलाई जित दिलाए। अन्य खेलमा फ्लिटवुडले सेफिल्ड युनाइटेडलाई १-० ले हरायो। एस्टन भिल्लाले कोभेन्ट्रीलाई ३-१ ले पाखा लगायो।



बार्सिलोनाले गऱ्यो सात खेलमा ३३ गोल

एजेन्सी/ स्पेनिस ला लिगा च्याम्पियन बार्सिलोनाले २०२६/२७ को सिजनमा उत्कृष्ट प्रदर्शन गरिरहेको छ। बार्सिलोनाले चालू सिजनमा सबै प्रतियोगिताका सात खेलमा ३३ गोल गरेको छ। यसमध्ये स्ट्राइकर राफिन्हाले मात्र ११ गोल गरेका छन्। बार्सिलोनाले पाँच खेलमा विपक्षीविरुद्ध पाँचभन्दा बढी गोलले जित निकालेको छ। यस क्रममा बुधबार राति ला लिगअन्तर्गतको खेलमा बार्सिलोनाले रेसिङ सान्तान्डरलाई ७-२ ले पाखा लगायो।

यो खेलमा ब्राजिलियन स्ट्राइकर राफिन्हाले ह्याट्रिक गरेका थिए। उनले ला लिगामा गोल संख्या नौ पुऱ्याएका छन्। बार्सिलोनाले ला लिगामा लगातार ६ खेल जितेको छ। रेसिङविरुद्ध लामिन यामलको पासमा कान्सेलोले २० यार्ड टाढाबाट गोल गर्दै बार्सिलोनालाई १-० को अग्रता दिलाए।

त्यसपछि कप्तान राफिन्हा चम्किए। उनले खेलको २५औँ, ४२औँ र ६७औँ मिनेटमा गोल गरी ह्याट्रिक पूरा गरे। यसमध्ये २५औँ र ६७औँ मिनेटमा उनले पेनाल्टी गोल गरेका थिए। रेसिङका एसियरले खेलको ३६औँ मिनेटमा आत्मघाती गोल गरेका थिए। स्पेनिस ला लिगामा बार्सिलोनाले सर्वाधिक १८ अंक जोडेको छ।



श्रीलंकाली कप्तान चरिथ विराटनगर किंग्समा

नयाँ पत्रिका

श्रीलंकाको टी-२० राष्ट्रिय क्रिकेट टोलीका कप्तान चरिथ असलंकाले तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)मा विराटनगर किंग्सबाट प्रतिस्पर्धा गर्ने भएका छन्। दोस्रो संस्करणमा प्ले अफ स्थान रक्षा गरेको विराटनगरले आगामी एनपिएलका लागि चर्चित क्रिकेटर भित्र्याउने क्रममा चरिथलाई अनुबन्ध गरेको बिहीबार सोसल मिडियाबाट जानकारी दिएको छ। एनपिएलको तेस्रो सिजनमा चरिथ नेपाल आउने दोस्रो विश्वप्रसिद्ध खेलाडी हुन्।

यसअघि काठमाडौं गोर्खाजले अस्ट्रेलियाका डेभिड वार्नरलाई गत साता अनुबन्ध गरेको थियो। विराटनगरले दोस्रो सिजनमा दक्षिण अफ्रिकी ब्याट्समान फाफ डु प्लेसिसलाई भित्र्याएको थियो। श्रीलंकाली अलराउन्डर चरिथलाई वर्तमान समयमा प्रभावशाली खेलाडीका रूपमा लिइन्छ। चरिथ क्यारेबियन प्रिमियर, लंका प्रिमियर लिग, पाकिस्तान सुपर लिग र युएईको इन्टरनेसनल लिग टी-२० लगायतका प्रमुख फ्रेन्चाइज प्रतियोगितामा समेत खेलिसकेका छन्। उनी अहिले इंग्ल्यान्डविरुद्धको टी-२० आई सिरिजमा श्रीलंकाको कप्तानी गरिरहेका छन्।

चरिथ सन् २०२१ देखि श्रीलंकाको अन्तर्राष्ट्रिय टोलीका नियमित सदस्य रहँदै आएका छन्। उनले सन् २०२१ मा इंग्ल्यान्डविरुद्ध एकदिवसीय र भारतविरुद्ध टी-२० आईमा डेब्यु गरेका थिए। टी-२० अन्तर्राष्ट्रिय डेब्युमै उनले २६ बलमा ४४ रन जोडेका थिए। विराटनगरले अनुभवी क्रिकेटको आगमनले टोली बलियो भएको जनाएको छ। 'चरिथ असलंकाजस्ता अनुभवी खेलाडीलाई विराटनगर किंग्समा स्वागत गर्न पाउँदा उत्साहित छौं, उनको अन्तर्राष्ट्रिय अनुभव, आक्रामक ब्याटिङ र नेतृत्व क्षमताले एनपिएलको तेस्रो सिजनमा टोलीलाई थप ऊर्जा प्रदान गर्नेछ,' विराटनगरले जनाएको छ। चरिथले विराटनगरमा आबद्ध हुन पाउँदा खुसी लागेको बताए। उनले नेपालमा खेल्न आफू उत्साहित रहेको जनाए। 'तेस्रो नेपाल प्रिमियर लिगमा विराटनगरको प्रतिनिधित्व गर्न पाउँदा उत्साहित छु। नेपालमा क्रिकेटप्रतिको जुन उत्साह, माया र समर्थन छ, त्यसबारे धेरै सुनेको छु,' उनले भने, 'अब आफैं नेपाल आएर नेपाली क्रिकेट समर्थकसँग त्यो अनुभव साझा गर्न आतुर छु।'

टी-२० विश्वकपमा उत्कृष्ट प्रदर्शन

सन् २०२१ मा डेब्यु गरेको सिजनमै चरिथले आइसिसी पुरुष टी-२० विश्वकपमा श्रीलंकाका लागि उत्कृष्ट प्रदर्शन गरेका थिए। उनले विश्वकपमा ६ खेलबाट २३१ रन बनाए। सो विश्वकपमा उनी श्रीलंकाका सर्वाधिक रन बनाउने ब्याट्सम्यान बनेका थिए। चरिथले विश्वकपमा ४६.२० को औसत र १४७.१३ को स्ट्राइक रेटमा ब्याटिङ गरेका थिए।

सन् २०२२ मा उनले अस्ट्रेलियाविरुद्ध आफ्नो पहिलो एकदिवसीय शतक प्रहार गरेका थिए। अस्ट्रेलियाविरुद्धको शतकपछि उनलाई श्रीलंकाली टोलीको मध्यक्रममा विश्वासिला ब्याट्सम्यानका रूपमा लिइयो। त्यसपछि उनी आक्रामक ब्याट्सम्यानका रूपमा विश्वलाई चिनाउँदै अगाडि बढे। बलिङतर्फ पनि त्यतिकै राम्रो गर्न सक्ने भएकाले उनलाई उपयोगी अलराउन्डरका रूपमा लिने गरिन्छ।



तेस्रो संस्करणको एनपिएलमा अस्ट्रेलियन डेभिड वार्नरपछि श्रीलंकाको टी-२० आईका कप्तान चरिथ असलंका दोस्रो चर्चित क्रिकेटर

७७ टी-२० आईका अनुभवी खेलाडी

टी-२० आईमा उनले अहिलेसम्म श्रीलंकाबाट ७७ खेल खेलेका छन्। यसक्रममा उनले एक हजार ४६६ रन बनाएका छन्। टी-२० आईमा उनले सात विकेट आफ्नो नाममा लेखाएका छन्। समग्र टी-२० क्रिकेटमा उनले १८५ खेलबाट तीन हजार ७१५ रन र ३७ विकेट आफ्नो नाममा गरेका छन्। चरिथले जुलाई २०२४ मा श्रीलंकाको टी-२० आई टोलीको कप्तानी सम्हालेका थिए। सोही महिनामै उनले एकदिवसीय टोलीको कप्तानीको जिम्मेवारीसमेत पाएका थिए। सन् २०२४ देखि २०२५ सम्म श्रीलंकाको एकदिवसीय टालीको कप्तानीको अनुभव लिए।

श्रीलंकाका प्रभावशाली मध्यक्रमका ब्याट्सम्यान चरिथले विराटनगरमा आफ्नो अनुभव र क्षमता प्रयोग गर्दै समर्थकलाई सम्झनलायक क्षण दिने लक्ष्य रहेको पनि बताए। 'विराटनगरसँग मिलेर उत्कृष्ट क्रिकेट खेल्ने, टोलीका लागि आफ्नो अनुभव र क्षमता प्रयोग गर्ने तथा समर्थकलाई सम्झनलायक क्षण दिने मेरो लक्ष्य हुनेछ,' उनले भने, 'एनपिएलमा नयाँ चुनौती र नयाँ वातावरणमा खेल्न पाउनु मेरा लागि विशेष अनुभव हुनेछ। नयाँ परिवारसँग जोडिन पाउँदा गर्व र उत्साह दुवै महसुस गरिरहेको छु।'

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com